# १

# लोकतन्त्र
## (Democracy)

## क. अवधारणा (Concept):

लोक र तन्त्र मिलेर लोकतन्त्र बन्छ । यहाँ लोकको अर्थ जनता र तन्त्र भनेको शासन हो । अत: शब्दको उत्पत्तिको हिसाबले हेर्ने हो भने लोकतन्त्र भनेको जनताको शासन हो । यसकालागि अंग्रेजीमा प्रयोग हुने शब्द डेमोक्र्यासीले पनि यही अर्थ दिन्छ । डेमोक्र्यासी पनि ग्रीक भाषाको डेमोस र क्रेसिया मिलेर बनेको हो जस्मा डेमोसको अर्थ जनता र क्रेसियाको अर्थ शासन हुन्छ । यस प्रकार उता पनि शब्दको उत्पत्तिको आधारमा लोकतन्त्र भनेको जनताको शासन हो । तर यतिबाट मात्र लोकतन्त्रको वास्तविक अर्थ खुल्दैन । अब्राहम लिङ्कन लोकतन्त्रलाई जनताको, जनताका लागि र जनताद्वारा गरिने शासन हो  भन्छन् ।

जुनबेला राज्यहरू साना थिए र त्यहाँ थोरै मान्छे मात्र नागरिक थिए त्यहाँ नागरिकले आफ्नो शासन आँफै गर्थे । तर आधुनक युगमा जब राज्यका आकार ठूला भए, जनसंख्या धेरै भयो र नागरिकताको धारणा फराकिलो भयो त्यहाँ नागरिकले आफ्नो शासन आफैगर्न सम्भब भएन । अत:प्रत्यक्ष लोकतन्त्रको स्थानमा विस्तारै प्रतिनिधिमूलक लोकतन्त्रको विकास भयो । भन्नुको अर्थ जनताले निर्वाचनका माध्यमबाट निश्चित अवधिकालागि आफ्ना प्रतिनिधि निर्वाचित गर्ने र तिनले जनताका नाममा शासन गर्ने पद्धतिको विकास भयो । त्यसैले आजकाल जब हामी लोकतन्त्रको कुरा गर्छौं त्यो स्वाभाविक रुपमा प्रतिनिधिमूलक वा अप्रत्यक्ष लोकतन्त्र हुन जान्छ । बैचारिक आधारमा हेर्दा व्यक्तिवादीहरू यसलाई स्वतन्त्रताको संरक्षण गर्ने र व्यक्तिहरूको अधिकतम कल्याण गर्ने शासन भन्दछन् । मार्क्सवादीहरू बहुसङ्ख्यक श्रमिकवर्गको सत्तामा बोलबालालाई लोकतन्त्र मान्दछन् । र त्यसो भन्दा उनीहरू खास गरी

जनताका माझमा वास्तविक समानता ल्याउने विषयमा परम्परागत लोकतन्त्रका अपर्याप्तता र सीमाहरूलाई उजागर गर्छन् । त्यस्तै, एक थरि परम्परागत प्रतिनिधिमूलक लोकतन्त्र बढी कर्मकाण्डी भयो भनेर समावेशिता बिनाको लोकतन्त्रलाई अपूरो मान्दछन् भने अर्को तिर सहभागिताको वकालत गर्नेहरू कार्यथलोमा त्यसको अभ्यास र शक्तिकेन्द्रको कब्जा आन्दोलनलाई लोकतन्त्रको सार भन्छन् । अतः यहाँ यिनै विविध पक्षको चर्चा गर्दै लोकतन्त्रको अवधारणालाई प्रष्ट पारिनेछ ।

लोकतन्त्रलाई शासनको एक स्वरूप मात्र मान्नु लोकतन्त्रको सङ्कुचित अर्थ हो । साँच्चै भन्ने हो भने लोकतन्त्रको परिधि निकै व्यापक र फराकिलो छ । यसको राजनीतिक, सामाजिक, आर्थिक, नैतिक तथा मानवीय पक्ष पनि हुन्छ ।

### राजनीतिक स्वरूपः

सार्वजनिक सम्प्रभुता, राजनीतिक समानता, बहुमतको शासन, अल्पमतको कदर, निष्पक्ष निर्वाचन पद्धति, राजनीतिक दल इत्यादि लोकतन्त्रका राजनीतिक आधार हुन् ।

### सामाजिक स्वरूप–

लोकतन्त्रको सामाजिक स्वरूप भनेको सामाजिक समानता हो । अर्को शब्दमा भन्ने हो भने सामाजिक दृष्टिले लोकतन्त्र भनेको सामाजिक समानता हो । सानो-ठूलो, ऊँच-नीच, धनी-गरिबका बीच कुनै भेदभाव नहुनु≤ र विशेषाधिकारको अन्त्य नै लोकतन्त्रको विशिष्ट सामाजिक स्वरूप हो ।

### आर्थिक स्वरूप–

समाजवादीहरू लोकतन्त्रलाई राजनीतिक रूपमा मात्र सीमित राख्दैनन् । उनीहरू आर्थिक र सामाजिक क्षेत्रमा रहेको असमानताको उन्मूलन, बहुसङ्ख्यक मजदूर र किसानवर्गमा शासनशक्ति र नेतृत्व रहनुलाई नै वास्तविक लोकतन्त्र भन्छन् । वास्तवमा आर्थिक समानतामा आधारित लोकतन्त्रको अभावमा राजनीतिक लोकतन्त्र अपूर्ण, एकलकाँटे र दोषपूर्ण हुनजान्छ । त्यसैले कतिपय विद्वान आर्थिक स्वतन्त्रताको अभावमा राजनीतिक स्वतन्त्रता भ्रम मात्र हो भन्छन् ।

### नैतिक स्वरूप–

लोकतन्त्र एक नैतिक आदर्श पनि हो । लोकतन्त्र यो मानेर हिंड्दछ कि सामान्यभन्दा सामान्य व्यक्तिले पनि शासन गर्न र आफ्नो लागि असल प्रतिनिधि छान्न सक्दछ । मानिसप्रति प्रेम, सहयोग, भ्रातृत्वको जागरण र घृणा, स्वार्थ, ईर्ष्या इत्यादिको लोप नै लोकतन्त्रको नैतिक आदर्श हो ।



जीवनको एक पद्धति– लोकतन्त्र शासनको स्वरुप मात्र होइन यो परिवार, समाज तथा कार्यथलोमा पनि अभ्यास गर्ने कुरा हो । यसै मानेमा लोकतन्त्र जीवनको एक पद्धति हो । क्षमा, सहिष्णुता, विरोधी दृष्टिकोणप्रति आदर, व्यक्तिहरूको सम्मान तथा सम्झौताको प्रवृत्ति यसका विशिष्ट लक्षण हुन् । यसले व्यक्तिलाई के सिकाउँछ भने कुनै व्यक्तिसँग त्यस्तो व्यवहार गर्नँ हुँदैन जुन व्यवहार अरुले आफूसँग गरेको मन पर्दैन । राजनीतिक, सामाजिक, आर्थिक, नैतिक र व्यक्तिगत गरी मानवजीवनका हरेक पक्षलाई एक निश्चित जीवनदर्शन प्रदान गर्ने हुनाले लोकतन्त्रलाई जीवनकै एक विशिष्ट पद्धति मान्नु त्रुटिपूर्ण हुनेछैन ।

## ख. लोकतन्त्रका प्रकारः

साधारणतयाः लोकतन्त्र दुई प्रकारका हुन्छन् । ती हुन् –प्रत्यक्ष लोकतन्त्र र अप्रत्यक्ष वा प्रतिनिधिमुलक लोकतन्त्र । प्रतिनिधिमूलक लोकतन्त्रका पनि विभिन्न स्वरूप हुन्छन् जस्तै- क) उदार वा पुँजीवादी लोकतन्त्र, ख) मार्क्सेली वा क्रान्तिकारी लोकतन्त्र ग) समावेशी लोकतन्त्र र घ) सहभागितामूलक लोकतन्त्र । यहाँ यिनै लोकतन्त्रहरूको बारेमा चर्चा गरिएको छ ।

### १) प्रत्यक्ष लोकतन्त्र (Direct Democracy)

### अर्थ (Meaning)

प्रत्यक्ष लोकतन्त्र त्यस्तो सरकारलाई भन्दछन् जसमा जनता आफैं एक ठाउँमा भेला भएर शासनसम्बन्धी नीति र योजना बनाउँछन्, कानुन निर्माण गर्छन्, विचार विमर्श गर्छन् र सरकारी पदाधिकारीहरूको नियुक्ति गर्दछन् । यसमा काम गर्न रोजिएका प्रतिनिधिमार्फत नभई जनसभा वा प्रारम्भिक सभामा उपस्थित जनसमुदायबाट सोझै राज्यका इच्छाको अभिव्यक्ति र निर्धारण हुन्छ ।

प्रत्यक्ष लोकतन्त्र यस्तो शासन हो जसमा जनताले आफ्ना प्रतिनिधिका माध्यमबाट होइन सोझै आफूले शासन गर्छन् । भन्नुको अर्थ सम्पूर्ण जनसमुदाय जोसँग शासन शक्ति हुन्छ उसले सोझै आफूले आफ्नो शासन गर्दछ । अर्थात् शक्तिको अवस्थिति जहाँ छ उसैले त्यसको प्रयोग गर्दछ, प्रतिनिधिका रूपमा वारेस राख्दैन । यस्तो प्रत्यक्ष लोकतन्त्र प्राचीन ग्रीसमा खुवै फस्टाएको थियो । कतिपय विद्वान यो प्राचीन भारत र चीनमा पनि थियो भन्दछन् । त्यसबेला यस्तो लोकतन्त्र सम्भव हुने खास कारणहरू थिए ।

ती हुन् :-

- राज्य सानो हुन्थ्यो ।
- मानिसका आवश्यकताहरू सीमित थिए ।

- राजनीतिक र आर्थिक जटिलता थिएनन् ।
- कमै व्यक्ति नागरिक हुन्थे ।
- दास प्रथाको कारणले थोरै व्यक्ति नागरिक हुन्थे र तिनलाई राजनीतिक काममा भाग लिन पर्याप्त फुर्सद हुन्थ्यो ।

तर राज्यको आकार बढेपछि, मानिसका आवश्यकता बढेपछि, जनसङ्ख्या वृद्धि भएपछि र नागरिकताको उदार मान्यता प्रचलनमा आएपछि प्रत्यक्ष लोकतन्त्रको अभ्यास व्यावहारिक र सम्भव भएन । आज जब करोडौं जनसङ्ख्या भएका राज्य छन् र राजनीतिक, आर्थिक जटिलताहरू चरम सीमामा पुगेका छन्– प्रत्यक्ष लोकतन्त्र असम्भव छ । परिणामस्वरूप राज्यहरूले प्रतिनिधिमूलक वा अप्रत्यक्ष लोकतन्त्र अवलम्बन गरेका छन् ।

**माध्यम र विधि** (Means and Methods) :

के कुरा सत्य हो भने प्रत्यक्ष लोकतन्त्रभन्दा राम्रो अर्को शासन व्यवस्था हुन सक्दैन । यसै कुरालाई हृदयङ्गम गरेर संसारका विभिन्न देशहरूले यस्ता माध्यम र विधिहरू अपनाएका छन्, जसबाट प्रत्यक्ष लोकतन्त्रलाई जीवित राख्न खोजेको भान पर्छ । अर्को शब्दमा भन्ने हो भने आधुनिक राज्यहरूले यस्ता विधिहरूको विकास गरेका छन् जसको माध्यमबाट जनताले समय-समयमा प्रत्यक्षरूपमा शासनमा हस्तक्षेप गर्न पाउाछन् । आज पनि स्वीजरल्याण्डका केही क्यान्टनहरूमा मतदाताहरू खुला संसदमा भेला हुन्छन् र त्यहाा कर निर्धारण, ऐन कानुनको निर्माण र पदाधिकारीहरूको चयनमा सहभागी हुन्छन् । वस्तुतः एथेन्स वा अन्य ग्रीसेली नगर राज्य र रोमन राज्यमा प्रचलित प्रत्यक्ष लोकतन्त्र आजको दुनियाामा सम्भव छैन । त्यसैले विभिन्न राज्यहरूले प्रत्यक्ष लोकतन्त्रलाई जीवित राख्ने विभिन्न संस्थागत उपायहरू अवलम्बन गरेका छन् । प्रत्यक्ष लोकतन्त्रका प्रचलित माध्यम र विधिहरू यस प्रकार छन् :-

**१. जनमत सङ्ग्रह (Referendum)**

व्यवस्थापिकाले कुनै विषयमा कानुन बनाउनुअघि जनताको विचार जान्नका लागि गराइने चुनाव वा मतसङ्ग्रहलाई जनमत सङ्ग्रह भनिन्छ । स्वीजरल्याण्डमा त व्यवस्थापिकाले पारित गरेका कतिपय विधेयक जनमत सङ्ग्रहको माध्यमबाट बहुमत जनताको स्वीकृति मिलेपछि मात्रै कानुन बन्ने प्रचलन छ । जनमत सङ्ग्रहमा जनताले जे निर्णय दिन्छन् सरकारका लागि त्यही नै मान्य हुन्छ । कुनै महत्त्वपूर्ण संवैधानिक प्रश्न या कुनै कानुनी प्रश्नमा यस्तो जनमत सङ्ग्रह गराइन्छ र त्यसमा जनताले बहुमतबाट दिएको निर्णय नै कानुन बन्दछ । जनमत सङ्ग्रहको अभ्यास विभिन्न मुलुकमा देखिन्छ । फ्रान्स र अष्ट्रेलियाको संविधानमा संविधान



संशोधनका सन्दर्भमा यसको प्रावधान छ । नेपालमा २०३६ सालमा बहुदल कि निर्दल भन्ने प्रश्नमा यही जनमत सङ्ग्रह गराइएको थियो । यतिबेला नेपालको संबिधानले यसलाई स्थायी रुपमा आगालेको छ । बेलायतले पनि युरोपेली साझा बजारमा प्रवेश गर्ने विषयमा जनमत सङ्ग्रह गरायो । डायसीको विचारमा जनमत सङ्ग्रह भनेको लोकतन्त्रको ढालहो ।

**२. अग्रसरिता** (Initiative)

अग्रसरिता भनेको जनताको त्यो अधिकार हो जसको माध्यमबाट जनताको एक निश्चित सङ्ख्याले कानुन निर्माणका लागि हस्ताक्षर सङ्कलन गरेर व्यवस्थापिका समक्ष आवेदन या अनुरोध पत्र प्रस्तुत गर्छन् । यसको आधारमा जनता स्वयम्ले विधेयक मस्यौदा गरी स्वीकृतिका लागि व्यवस्थापिका समक्ष पठाउन सक्दछन् । अग्रसारिताको विधि स्वीजरल्याण्डमा राष्ट्रिय र क्यान्टन तहमा समेत प्रचलित छ । यो कानुन निर्माणहरू लागि जनताले आफैं अग्रसर भई प्रस्ताव प्रस्तुत गर्ने विधि हो । डायसी जनमत सङ्ग्रहलाई ढाल भन्दछन् भने अग्रसारितालाई जनताको हातको तलबार भन्दछन् ।

**३. प्रत्याह्वान** (Recall)

लोकतन्त्रमा जन-प्रतिनिधिहरू आवधिकरूपमा निर्वाचित हुन्छन् । निर्वाचनका बेला दिएका वचन पूरा नगरेर तिनले मनपरी व्यवहार गर्न सक्छन् । त्यस्तो बेला मतदातासाग अर्को निर्वाचनसम्म कुर्नुबाहेक अरू बाटो रहादैन । तर प्रत्याह्वान त्यस्तो हतियार हो जसलाई प्रयोग गरेर मतदाताले राम्रो काम नगर्ने प्रतिनिधिलाई फिर्ता बोलाउन सक्छन् । वास्तवमा आफ्नो कर्तव्यको पालन नगर्ने जन प्रतिनिधिलाई पदावधि बााकी रहादै फिर्ता गर्ने उपायलाई प्रत्याह्वान भन्दछन् । यसले जन प्रतिनिधिलाई जनताप्रतिको जिम्मेवारी सम्झेर काम गर्न लगाउाछ ।

**४. लोकमत सङ्कलन** (Plebiscite)

लोकमत सङ्कलनको माध्यमबाट सरकारले कुनै महत्त्वपूर्ण विषयमा जनताको भोट गराउाछ । यसको प्रयोग मुख्यतः जनताको राजनीतिक अधिकार, संविधानको स्वरूप र राज्यको कुनै भागलाई अर्को राज्यमा मिलाउनेजस्ता महत्त्वपूर्ण विषयहरूमा गरिन्छ । सन् १९३५ मा स्वीजरल्याण्डको सार क्षेत्रमा लोकमत सङ्कलन गरी त्यस भूभागलाई जर्मनीमा मिलाइएको थियो ।

## २. अप्रत्यक्ष वा प्रतिनिधिमूलक लोकतन्त्र (Indirect or Representative Democracy)

नगर राज्यहरूको स्थान राष्ट्रिय राज्यहरूले लिएपछि विश्वमा लामो समयसम्म लोकतन्त्रको पुरानो अभ्यास लोप भयो । दास युग र सामन्ती युगको बिगविगी छादासम्म शासनमा ठालूहरूको मात्र पहाच र एकाधिकार कायम रह्यो । र सरकारको स्वरुप अल्पतान्त्रिक रह्यो । तर औद्योगिक क्रान्तिपछि जब युरोपमा पूाजीवादको उदय भयो त्यसले ठूलो संख्यामा संगठित मजदूरवर्गको सृजना गर्‍यो । यसले राजनीति र शासन भनेका मुठ्ठिभर ठालूहरूको मात्र पेवा हो भन्ने मान्यतालाई चुनौति दियो । शासनमा उदीयमान वर्गको हक र पहाच स्थापित गर्ने उपायहरूको खोजी हुन थाल्यो । प्रतिनिधित्वको प्रणाली त्यसै खोजको उपज हो । हो, यही प्रतिनिधित्वको प्रणालीले पुनः लोकतन्त्रलाई नयाा ढंगले अभ्यास गर्ने जमीन तयार गर्‍यो । त्यसैले आधुनिक युगमा जब हामी लोकतन्त्रको कुरा गर्छौं त्यो अनिवार्य रूपमा प्रतिनिधिमूलक लोकतन्त्र भनेर बुझिन्छ ।

इतिहासतिर फर्केर हेर्ने हो भने राष्ट्रिय तथा बहुराष्ट्रिय राज्यहरू अस्तित्वमा आएपछि लामो समयका लागि लोकतन्त्रको अभ्यास सम्भव भएन । वस्तुतः सामन्ती युगमा राजतन्त्र बहुसंख्यक जनताको शोषणको अभेद्य किल्लाका रूपमा प्रकट भयो । तर युरोपमा पुाजीवादको अभ्युदयसागै राजतन्त्रका विरुद्ध ठूल्ठूला विद्रोह भए जसका प्रकटतः दुईवटा खाका छन्, ती मध्ये एक बेलायती खाका र अर्को हो फ्रेन्च खाका । लामो हिंसात्मक संघर्षपछि बेलायतमा राजतन्त्रले उदीयमान पुाजीवादसाग सम्झौता गर्‍यो र त्यहां पुाजीवादी लोकतन्त्रको संवैधानिक राजतन्त्रात्मक ढांचा विकसित भयो । अर्कोतिर फ्रान्समा दुई चरणमा गरेर सामन्ती राजतन्त्रको समूल विनाश गरी लोकतान्त्रिक गणतन्त्रको बाटो रोजियो । समयक्रममा आधुनिक प्रतिनिधित्वको प्रणाली विकसित भएपछि ती र अन्य युरोपेली मुलुकहरूमा लोकतन्त्र प्रतिनिधिमूलक शासनलाई अंगिकार गरेर व्यावहारिक रूपमा पुनः अस्तित्वमा आयो । हिजो-आज लोकतन्त्रमा जनताले आवधिक निर्वाचनका माध्यमबाट या त सोझै शासक छान्छन् (राष्ट्रपति) या आफ्ना प्रतिनिधि छान्छन् र तिनै प्रतिनिधिले सरकार बनाउाछन् (मन्त्रिमण्डल) र जनताका नाममा शासन गर्छन् ।

प्रतिनिधिमूलक लोकतन्त्रमा राजनीतिक दलहरू हुन्छन् जसले जनताको विश्वास जित्न आपसमा प्रतिस्पर्धा गर्छन्, जसले बहुमत जनताको समर्थन पाउाछ उसले निश्चित अवधिका लागि शासन गर्छ, र जो पराजीत हुन्छ उसले लोकतन्त्रले स्थापित गरेको खेलको नियमलाई स्वीकार गर्दै रचनात्मक प्रतिपक्षको भूमिका खेल्छ । प्रतिस्पर्धात्मकता, राजनीतिक बहुलता, विधिको शासन, जनताका राजनीतिक लगायत अन्य अधिकारहरूको प्रत्याभूति, सूचनाको वैकल्पिक स्रोत, स्वतन्त्र प्रेस इत्यादि लोकतन्त्रका परिचयात्मक विशेषता मानिन्छन् । सरकारका तीन अंग कार्यपालिका, व्यवस्थापिका, र न्यायपालिकाका शक्तिहरू एक संस्थामा केन्द्रित हुनुहुन्न भन्ने यसको मान्यता हुन्छ । किनकि यसो हुादा त्यहाा लोकतन्त्रको लोप भै निरंकुशतन्त्रको उदय हुनपुग्छ ।



प्रतिनिधिमूलक लोकतन्त्रका अनेक रुप छन् । ती मध्ये प्रमुख हुन् :-

### क. उदार वा पुँजीवादी लोकतन्त्र

हुन त परम्परागत रूपमा हेर्ने हो भने उदारवाद र लोकतन्त्र परस्पस्पर विरोधी मान्यता हुन् । उदारवादले सम्पत्ति आर्जनको वन्धनरहित अधिकारको वकालत गर्छ र यसैका आधारमा यसले मताधिकारमा पनि सम्पत्ति सम्बन्धी योग्यताको वकालत गर्‍यो । जब कि यो मान्यता लोकतन्त्रको नितान्त विरोधी मान्यता थियो । किन कि लोकतन्त्रले शासक छान्ने सवालमा मात्र होइन राज्यबाट प्राप्त हुने अवसरमा पनि सबैको समान पहुँचको वकालत गर्छ ।

तर परस्पर विरोधी यी मान्यताहरू यौटा निश्चित कालखण्डमा ऐतिहासिक कारणहरूले नजिक आए । शास्त्रीय उदारवादले पूँजिवाद र मुक्त बजार अर्थतन्त्रलाई बढावा दियो जसका कारण युरोपमा औद्योगीकरण र शहरीकरण सम्भव भयो । तर यसले मजदूरवर्गका रूपमा यौटा यस्तो संगठित समूहलाई पनि जन्म दियो जसले राजनीतिक चेतना पाउना साथ शासनमा आफ्नो सामेलीको माग गर्न थाल्यो । यो मागलाँई सम्वोधन गरेर आफ्नो वैभवलाई जोगाउन उदार राज्यसँग लोकतन्त्र र प्रतिनिधिमूलक शासन प्रणालीलाई अपनाउनु बाहेक अरु कुनै उपाय बाँकि रहेन ।

वस्तुतः यही प्रयोगको उपज हो उदार लोकतन्त्र । यही उदार लोकतन्त्रले एक समय लोककल्याणकारी राज्यको अवधारणा पनि अघि सार्‍यो । खास प्रकारका राजनीतिक संस्थाहरू र केही खास राजनीतिक सिद्धान्तहरूको प्रयोगले उदार लोकतन्त्रलाई उर्जावान बनायो र आज पनि एक महत्वपूर्ण राजनीतिक सिद्धान्तका रुपमा विद्यमान छ ।

### उदार लोकतन्त्रका चार सिद्धान्त

उदार लोकतन्त्रका चार आधारभूत सिद्धान्त छन् । ती हुन् :-

#### १. विचारविमर्शमा आधारित सरकार–

लोकतन्त्रलाई सहमतिमा आधारित शासन भन्छन् । विवेकसंगत सहमति स्वतन्त्र विचार विमर्शको वातावरणमा सम्भव हुन्छ । विभिन्न मतहरूका माझमा स्वतन्त्र अभिव्यक्ति र विचार-विमर्श नगरी बनाइएको सहमति अरु जे भए पनि लोकतान्त्रिक चाहिं हुनसक्दैन । यस्तो छलफल वा विचार-विमर्श हरेक अवस्थामा सम्भव नभए पनि कमसेकम विधायिकाको तहमा र राजनीतिक संगठन र आम जनताका माझमा हुनु नै पर्छ । यसैलाई लोकतन्त्रको एक महत्वपूर्ण सिद्धान्त मानिन्छ ।

## २. बहुमतको शासन–

आधुनिक प्रतिनिधिमूलक लोकतन्त्रमा अनेक तहमा नीति र निर्णय निर्माण गरिन्छन् । ती तह भनेका विधायिका, मन्त्रिमण्डल, कार्यपालिका र विभिन्न समितिहरू हुन सक्छन् । यी सवै तहमा गरिने निर्णयहरू मूलतः बहुमतका आधारमा हुन्छ । जहाँसम्म राजनीतिक समानताको कुरा छ त्यो चाहिं हरेक व्यक्तिले समान रूपमा एक मत दिन पाउँछन् । अन्यथा चाहे निर्वाचन होस् चाहे विधायिकामा गरिने निर्णय होस् सबै ठाउँमा बहुमत नै निर्णयको आधार मानिन्छ । बहुमतको सिद्धान्त बहुमतको वुद्धिमत्ताको मान्यतामा अडिएको छ ।

## ३. अल्पसंख्यकको अधिकारलाई मान्यता–

बहुमतको शासन भनेको किमार्थ पनि अल्पमत वा अल्पसंख्यकको दमन भन्ने सम्भन्नु हुँदैन । आधुनिक राष्ट्रिय राज्यहरूमा विभिन्नजाति-जनजाति, भाषाभाषी, धार्मिक र सांस्कृतिक समूहहरू एक साथ बसोवास गरेका हुन्छन् । यस्तोमा ती कसैलाई पनि राज्यले तिनमाथि भेदभाव गर्‍यो वा ती राज्यद्वारा क्रमिक बहिष्करणको शिकार भयौं भन्ने अनुभूति हुनु हुँदैन । राज्यले प्रदान गर्ने अवसरमा सबैको समान पहुँच हुनु आवश्यक हुन्छ । आवश्यक पर्दा लोकतान्त्रिक राज्यमा कानुनी संरक्षँणद्वारा समेत अल्पसंख्यकहरूको हितको संरक्षण गरिन्छ ।

## ४. संवैधानिक सरकार–

शासकको सनकमा होइन कानुनका आधारमा शासन संचालन लोकतन्त्रको एक महत्वपूर्ण सिद्धान्त हो । कानुनको शासनको आधार भनेकै संविधानद्वारा शासन भन्ने बुफिन्छ । वस्तुतः लोकतन्त्र निश्चित प्रक्रिया, कार्यविधि र विधिसम्मत ढंगले स्थापित संस्थाहरूका माध्यमबाट संचालित हुन्छ । ती सबैका लागि मुलुकमा माउ कानुनका रूपमा संविधानको आवश्यकता पर्छ ।

## उदार लोकतन्त्रका विशेषता (Characteristics of Liberal Democracy)

उदार लोकतन्त्रका आधारभूत सिद्धान्त तय भए पछिको अर्को महत्वपूर्ण सवाल भनेको यसका विशेषताहरूको निर्धारण हो । प्रश्न उठ्छ, लोकतन्त्रका त्यस्ता के विशेषताहरू छन् जसले यसलाई अरु राजनीतिक व्यवस्थाभन्दा फरक बनाउँछ ?

लोकतन्त्रका हिमायतीहरू केही खास संस्था र कार्यविधिलाई लोकतन्त्रको आधारभूत विशेषता मान्दछन् । तिनको उपस्थिति र अभावले नै कुनै राजनीतिक व्यवस्था लोकतान्त्रिक हो होइन भनी छुट्टिन्छ भन्ने तिनको मान्यता छ । उदार लोकतन्त्रका प्रमुख विशेषता निम्नानुसार छन्-



- सत्ताका लागि एकभन्दा बढी राजनीतिक दलहरूका माभ्क प्रतिस्पर्धा
- राजनीतिक पदहरूमा कुनै विशेष वर्गको एकाधिकारको अन्त्य
- वालीग मताधिकारमा आधारित आवधिक निर्वाचन
- नागरिक स्वतन्त्रताहरूको संरक्षण
- विधिको शासन
- स्वतन्त्र प्रेस तथा सूचनाको वैकल्पिक स्रोतको उपस्थिति, र
- न्यायपालिकाको स्वतन्त्रता

आज अधिकांश पश्चिमी मुलुकमा रहेको लोकतन्त्र यही प्रकारको हो । समाजवादको उदीयमान शक्तिका साम् आफ्नो प्रतिरक्षाका लागि उदार लोकतन्त्रले लोककल्याणकारी राज्यको चोला फेरेको भए पनि सोभियत रुस र पूर्वी युरोपमा समाजवादको अवसानको प्रारम्भसँगै पश्चिमी लोकतन्त्रले नवउदारवादको अवलम्वन थाल्यो । राज्यको भूमिकालाई पटक्कै देखिनसहने यो मत सवै कुरा पुरानो उदारवाद जस्तै बजारको जिम्मा छाड्न तयार छ । न्यून-राज्यको वकालत गर्ने यो मत सरकारलाई अन्य सरोकारवालाहरू जस्तै एउटा कर्ता मात्र मान्दछ ।

## ख. मार्क्सेली वा क्रान्तिकारी लोकतन्त्र (Marxist or Revolutionary Democracy)

उदार लोकतन्त्रले पूाजीवादी अर्थतन्त्रको अभिवृद्धि गर्छ र यसले बुर्जुवावर्गको हितको पक्षपोषण गर्छ भन्ने मार्क्सवादीहरूको आरोप छ । त्यसैले उनीहरू उदार लोकतन्त्रलाई वुर्जुवा लोकतन्त्र भन्न रुचाउाछन् । मुलुकभर प्रतिनिधिमूलक संस्थाहरूको वृहद संजाल फैलिएको भए पनि जुन बहुसंख्यक जनताका नाममा ती संस्थाहरू खडा भएका हुन् तिनको हितलाई मुश्किलले सेवा गर्छन् । त्यसैले मार्क्स आधुनिक राज्यको कार्यपालिकालाई वुर्जुवावर्गको हितको व्यवस्थापन गर्ने कमिटी भन्दछन् । उदार लोकतन्त्रलाई नक्कली भन्नुका तिनका निम्नलिखित तर्कहरू छन्-

## १. यसले पूाजीपतिहरूको स्वार्थको मात्र सेवा गर्छ–

मार्क्सवादीहरू राज्यलाई उपरीसंरचना (superstructure) र अर्थतन्त्रलाई आधार (base) मान्दछन् । भन्नुको अर्थ राज्य कस्तो हुन्छ र त्यसले कसको सेवा गर्छ भन्ने कुरा त्यहााको अर्थतन्त्र कस्तो छ र त्यसमा कसको पकड छ भन्ने कुरामा भर पर्छ । मार्क्सवादीहरू के मान्दछन् भने उदार लोकतन्त्र भएका अधिकांश मुलुकहरूमा पूाजिवादी अर्थप्रणाली हुन्छ । अतः त्यहााको अर्थतन्त्रमा पूाजीपतिहरूको प्रभुत्व हुन्छ । यस्तो समाजमा मूलतः प्रभुत्वशाली

र आश्रित वर्ग हुन्छन् । राज्यले अल्पसंख्यक प्रभुत्वशालीवर्गको सेवा गर्छ । अतः यस्ता राज्यमा जतिसुकै उदार लोकतान्त्रिक राजनीतिक प्रणाली अवलम्वन गरे पनि र तिनको वाह्य रूप जति सुकै लोकतान्त्रिक देखिए पनि तिनले प्रभुत्वशाली वर्गकै स्वार्थको संरक्षण गर्छन् ।

हुन त यसले लोकसम्प्रभुताको दुहाइ दिन्छ तर त्यो फगत आफ्नो वैधता स्थापित गर्नका लागि मात्र गरिएको हुन्छ। रूपमा त्यो जति लोकतान्त्रिक देखिए पनि सारमा त्यो अल्पतान्त्रिक हुन्छ।

## २. यसले विचारधारात्मक अन्योल सृजना गरी दमितवर्गलाई अल्मल्याउँछ–

उदार लोकतन्त्रले त्यसो त थुप्रै प्रतिनिधिमूलक संस्थाहरूको सृजना गरेको हुन्छ, राजनीतिक अधिकारमा औपचारिक समानता स्वीकार गरेको हुन्छ र यसले यस्तो वातावरण खडा गरेको हुन्छ कि त्यसबाट के भान पर्छ भने शासनमा साँच्चै सबैको बराबर साझेदारी छ। जस्तो कि निर्वाचनमा मजदूर र पुँजिपतिले समान रूपमा मत हाल्छन् र तिनै निर्वाचित प्रतिनिधिहरूले मुलुकको शासन गर्छन् । त्यहाँ प्रेस स्वतन्त्रताको कुरा गरिएको हुन्छ, अवसरको समानताको कुरा गरिएको हुन्छ र के प्रभाव पार्न खोजिएको हुन्छ भने धनी र गरीव तथा प्रभुत्वशाली र दमितहरू सबैका हितहरूको समायोजन भयो ।

तर यथार्थमा सूचनाको साम्राज्यमा एकाधिकार पँजीको वोलवालाले गर्दा स्वतन्त्र प्रेस वा सूचनाको स्वतन्त्रता निरर्थक बनेको हुन्छ । शिक्षा, स्वास्थ न्याय, रोजगारी लगायत राज्यले उपलव्ध गराउने सवै अवसरहरूमा प्रभुत्वशाली वर्गको कब्जा भएकाले समानता भ्रामक धारणा बन्न पुग्छ । वास्तवमा समानहरूका माझको अवसरको समानताले मात्र समानताको अभिवृद्धि गर्छ। यदि समाजमा चरम असमानता छ र त्यहाँ अवसरको समानताको कुरा गरिन्छ भने त्यसले झन बढी असमानता सिर्जना गर्छ। तर पनि उदारवादी लोकतन्त्रले राज्य सवैको हो भन्ने कुरा गर्दै दमित वर्गमा विचारधारात्मक अन्योल र भ्रम पार्न सफल भएको हुन्छ।

## ३. यसले समाजको आर्थिक विभाजनलाई निरन्तरता दिने कोशिस गर्छ–

उदार लोकतन्त्रको आलोचना गर्दै आफूहरूद्वारा अघि सारिएको लोकतन्त्रलाई मार्क्सवादीहरू सर्वहारावादी लोकतन्त्र वा क्रान्तिकारी लोकतन्त्र भन्न रुचाउँछन् ।

यसको सार भनेकै सर्वहाराको अधिनायकत्व हो । मार्क्सवादीहरू राज्यलाई तटस्थ र सवैको सेवा गर्ने संस्था मान्दैनन् । उनीहरूको के मान्यता छ भने राज्यमा जुन वर्गको पकड हुन्छ त्यसले त्यही वर्गको सेवा गर्छ । सामन्ती राज्यले सामन्तवर्गको सेवा गर्छ भने पूजीवादी राज्यले पूजीपति वर्गको सेवा गर्छ। त्यसैले पुजीवादी शासन व्यवस्थालाई उल्टाएर समाजवादी क्रान्ति पछि खडा भएको राज्यले सर्वहारा वर्गको सेवा गर्छ। पुजीपति वा सामन्तभन्दा मजदूर किसानहरू संख्यामा बहुमत भएकाले मार्क्सवादी लोकतन्त्र मात्र सच्चा अर्थमा बहुमतको शासन हो र लोकतान्त्रिक हो भन्ने उनीहरूको अभिमत छ ।



सर्वहाराको अधिनायकत्व नै सच्चा लोकतन्त्र हो भन्ने मार्क्सवादीहरूको धारणा छ । त्यसो त अधिनायकत्व सुन्दै लोकतन्त्र विरोधी मान्यता जस्तो लाग्छ । तर मार्क्सवादीहरू के भन्दछन् भने आफ्ना सर्वत्र फैलिएका दमनकारी साधनका कारण राज्य भनेको सधै निरंकुश र दमनकारी नै रहन्छ । फरक कति मात्रै हो भने त्यसले कसका विरुद्धमा र कसका हितमा दमनकारी भूमिका खेल्छ भन्ने हो । अतः चाहे लोकतन्त्र होस् वा निरंकुशतन्त्र राज्य त निरंकुश नै रहन्छ । यो बेग्लै कुरा हो कि लोकतन्त्रमा अलि ढंग पुऱ्याएर निरंकुशताको नीति अपनाइएको हुन्छ । त्यसैले यदि बहुमतको शासनलाई नै लोकतन्त्र भन्ने हो भने मार्क्सवादीहरू के भन्दछन् भने सर्वहारावादी राज्य निश्चित रूपमा वुर्जुवा राज्यभन्दा बढी लोकतान्त्रिक हुन्छ किन कि यसमा बहुसंख्यक मजदूर किसानको हिस्सेदारी हुन्छ ।

मार्क्सवादी लोकतन्त्र सर्वहाराको अधिनायकत्वको राज्य व्यवस्थालाई अस्थायी मान्दछ। र वर्ग छउन्जेलका लागि जारी रहन्छ भन्ने ठान्दछ। जब समाजमा वर्ग हराउाछ, वर्गीय शोषण पनि हराउाछ। अनि स्वाभाविक रूपमा कुनै वर्ग विशेषको हितमा काम गर्ने राज्य पनि ओइलाएर जान्छ भन्ने उनीहरूको धारणा छ ।

मार्क्सवादी लोकतन्त्रले उदार लोकतन्त्रका कमीहरूलाई प्रखरता साथ औंल्याएको छ। खास गरी जनताका माझमा वास्तविक समानता ल्याउने विषयमा यसका अपर्याप्तता र सीमाहरूलाई राम्रैसाग उजागर गरेको छ । ऐतिहासिक सन्दर्भमा हेर्ने हो भने लोकतन्त्रको उदय सामन्ती राज्य व्यवस्थाका हातबाट उदीयमान पूजिपतिवर्गका लागि अधिकार खोस्ने अभिप्रायबाट सत्रौं शताब्दीमा उठेको आन्दोलन हो भने मार्क्सवादको उदय तत्काल विद्यमान पूजीवादी राज्यप्रणालीका हातबाट मजदूर वर्गका लागि सारभूत अधिकार माग गर्ने उद्देश्यबाट उन्नाइसौं शताब्दीमा भएको हो । त्यसैले उदार लोकतन्त्रलाई समयसापेक्ष बनाउन, त्यसमा श्रमजीवी वर्गको हित समायोजन गर्न र त्यसको वैधता स्थापित गराउन मार्क्सवादले ठूलो प्रभाव पारेको छ ।

तर मार्क्सेली लोकतन्त्रलाई उदार लोकतन्त्रवादीहरू लोकतन्त्र नै मान्दैनन् । उनीहरूको विचारमा जहाा-जहाा यसको प्रयोग भयो त्यो मार्क्सले भने झैं बहुसंख्यक मजदूर-किसानको शासन नभएर मुठ्ठिभर पार्टी ठालुहरूको अधिनायकवादी अति केन्द्रिकृत शासनमा भ्रष्टीकरण भयो । यो दलीय नोकरशाहीमा परिणत भयो ।

वास्तवमा यी दुई वैचारिक पद्धतिमाझ यति धेरै विमतिहरू छन् कि तिनलाई समान मापदण्डमा आधारमा मूल्याङ्कन गर्न सकिन्न ।

## ग. समावेशी लोकतन्त्र (Inclusive Democracy)

समावेशी लोकतन्त्र भनेको शास्त्रीय लोकतन्त्र र समाजवादको वैचारिक समन्वयको उपज हो ।

यसमा जनमुक्ति आन्दोलनहरू, मानव अधिकार आन्दोलन, महिला अधिकारवादी आन्दोलन र हरियाली आन्दोलन जस्ता संसारका नवीनतम् आन्दोलनहरूको पनि त्यति नै योगदान छ । प्रतिनिधिमूलक लोकतन्त्र बढी प्रकृयामुखी भयो जसले राजनीतिक संस्थाहरूको पूर्ण विकास भएका पश्चिमी मुलुकहरूमा राम्रोसँग काम गरे पनि हाम्रो जस्तो मुलुकमा त्यो कर्मकाण्डी लोकतन्त्र मा रूपान्तरित हुनपुग्यो । त्यति मात्र होइन, प्रतिनिधिमूलक लोकतन्त्रले अंगालेको बजार अर्थतन्त्र र समाजवादी शासनले अंगालेको केन्द्रीय योजनाले मुठ्ठीभर ठालुहरूको हातमा शक्ति केन्द्रित हुनपुग्यो । परिणामस्वरूप नयाँ शहस्राव्दीको आगमनसँगै विश्व अनेकौं बहुआयामिक राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवं वातावरणीय संकटहरूले घेरिन गयो । समावेशी लोकतन्त्रको धारणा यिनै समस्याहरूलाई चिर्दै समाजका सबै तहहरूमा शक्तिको समान वितरण गर्ने अभिप्रायले विकास भएको हो । यो व्यक्तिमाथि व्यक्तिको प्रभुत्वको सख्त वर्खिलाफमा छ ।

समावेशी लोकतन्त्रले सार्वजनिक वृत्त भित्र राजनीतिक क्षेत्रलाई मात्र होइन, आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रलाई समेत समेट्दछ । अर्थात ती सबै क्षेत्र जहाँ सार्वजनिक विषयमा सामुहिक निर्णयहरू हुन्छन् समावेशी लोकतन्त्रको दायरामा पर्दछन् । यसले यी सबै क्षेत्रमा गरिने सार्वजनिक निर्णय प्रक्रिया लोकतान्त्रिक र समावेशी हुनुपर्ने मान्यता अघि सार्छ । प्रकारान्तरमा भन्नुपर्दा समावेशी लोकतन्त्रका राजनीतिक, आर्थिक, सामाजिक र वातावरणीय पक्ष हुन्छन् र ती सबै क्षेत्रमा हुने लोकतान्त्रिक अभ्यासले मात्र समावेशी लोकतन्त्रलाई पूर्णता प्रदान गर्दछ ।

**राजनीतिक पक्ष–**

राजनीतिक क्षेत्रमा समावेशी लोकतन्त्रले दैवी वा जन्मजात श्रेष्ठताको पुरातन मान्यतालाई अस्वीकार गर्दछ। यो संस्थागत राजनीतिक प्रकृयामा अल्पतान्त्रिक प्रकृति को व्यवहारको विरोधी छ। यो सबै तहका राजनीतिक संरचनाहरूमा असमान राजनीतिक शक्ति सम्बन्धको वर्खिलाफ छ । अर्थात यो सबै प्रकारका क्षेत्रीय, परिसंघीय र स्थानीय नागरिक संस्थाहरूमा महिला, जनजाति, दलित र अन्य सामाजिक सांस्कृतिक समूहहरूको समानुपातिक प्रतिनिधित्वको पक्षपाती छ ।

**आर्थिक पक्ष–**

अर्थतन्त्रको क्षेत्रमा पनि यसले यिनै कुराहरूको पक्षपोषण गर्दछ । प्रकारान्तरमा भन्ने हो भने समावेशी लोकतन्त्रले अर्थतन्त्रको क्षेत्रमा पनि आर्थिक समावेशीता को वकालत गर्दछ । यसले अल्पतान्त्रिक प्रकृतिका संस्थागत आर्थिक प्रकृयाहरूका साथै असमान आर्थिक शक्ति सम्बन्धहरूको विरोध गर्दछ। यसले सबै जाति जनजाति, महिला र दलितको रोजगारी लगायत सबै आर्थिक स्रोतहरूमाथि समान पहुँचको तरफदारी गर्दछ । आर्थिक लोकतन्त्र सामुदायिक



आत्मनिर्भरता, उत्पादनशील स्रोतहरूमा सामुदायिक स्वामित्व र स्रोतहरूको परिसंघीय बाँडफाँटको पक्षपाती हुन्छ ।

**सामाजिक पक्ष–**

राजनीतिक र आर्थिक क्षेत्रमा मात्र समावेशीकरण भएर पुग्दैन । अतः समावेशी लोकतन्त्रले सामाजिक क्षेत्रमा पनि समावेशीकरणको माँग गर्दछ । सामाजिक क्षेत्रमा समावेशी लोकतन्त्र भन्नाले कामको थलो, घर, शिक्षण संस्था र यस वृत्तमा पर्ने आर्थिक वा सांस्कृतिक संस्थाहरूको लोकतान्त्रीकरणको सवाल हो । वस्तुतः समावेशी लोकतन्त्र कार्यथलोको लोकतन्त्र हो ।

**वातावरणीय पक्ष–**

रोचक कुरा त के छ भने समावेशी लोकतन्त्रको वातावरणीय पक्ष पनि हुन्छ। यसले वातावरण-मैत्री संरचनागत रूपरेखाको परिकल्पना गर्दछ। बजार अर्थतन्त्र र राज्य समाजवादभन्दा भिन्न यसले वातावरणसाग बढी मेलमिलापपूर्ण सम्बन्धको विकास गर्ने कुरामा विश्वास राख्छ । स्थानीय निकायहरू र सामुदायिक संस्थाहरूलाई तिनका वरिपरिका प्राकृतिक स्रोतहरूमाथि अधिकार नै वातावरणका क्षेत्रमा समावेशी लोकतन्त्रको सार हो। वास्तवमा आफ्नो आसपासको जल, जमीन र जंगल जस्ता प्राकृतिक स्रोतहरूमा समुदायको नियन्त्रण रहने व्यवस्थाले एकातिर जनताको आर्थिक अवस्थामा सुधार ल्याउाछ भने अर्कोतिर पर्यावरणको संरक्षणमा गतिलो टेवा मिल्छ ।

समावेशी लोकतन्त्र एक बहुआयामिक अवधारणा हो र यसको अवलम्बनले लोकतान्त्रिक परिवेशमा मुलुकका सबै जाति र क्षेत्रको सर्वतोमुखी विकास सम्भव हुन्छ । वास्तवमा यिनै कारणहरूले गर्दा विगतका विद्रोही नेकपा (माओवादी) ले मात्र होइन आन्दोलनरत सात दलले पनि नेपालको परिप्रेक्षमा समावेशी लोकतन्त्रको पक्षमा आवाज उठाए का हुन् र अहिले नेपालको नयाा संबिधानले राज्यलाई समावेशी बनाउने व्यवस्था पनि गरेको छ ।

समावेशी लोकतन्त्र मूलतः बहुसांस्कृतिक मुलुकहरूमा त्यहााको सामाजिक तथा साांस्कृतिक समुदायलाई सार्वजनिक नीति निर्माण तथा कार्यान्वयनको काममा सहभागी गराइने सिद्धान्तमा आधारित रहेको छ। राज्यभित्रका सबैले आ-आफ्ना भिन्न धर्म, संस्कृति, रीतिरिवाज, परम्परा, भाषा, रहनसहन तथा आस्था आदिको पहिचानलाई कायम राख्दै विना भेदभाव राज्य प्रणालीमा सहभागी हुन पाउने कानुनी मान्यता नै समावेशीकरण हो । यस किसिमको सहभागिताबाट मुलुकमा आदिवासी जनजाति, दलित, महिला, मधेसी तथा पिछडिएका क्षेत्रका जनसमुदायहरू समेतलाई देशको मूलधारमा समाहित गरिन्छ । राज्य व्यवस्थामा जति बढी निर्णय केन्द्रहरू बन्छन् समावेशिताको ढोका त्यति नै बढी खुल्छ। त्यसैले कुनै मुलुक जति बढी लोकतान्त्रिक हुन्छ त्यो त्यति नै बढी समावेशी हुनसक्छ ।

समावेशी लोकतन्त्रलाई सहभागितात्मक लोकतन्त्र र समाजवादको साधन वा संश्लेषण पनि भनिन्छ । त्यसैले कतिपयको दृष्टिमा समावेशी लोकतन्त्र मार्क्सवादी मुक्ति योजना को नवीन रूप वा पुनर्परिभाषा पनि हो । यथार्थमा समावेशी लोकतन्त्रले समाजको प्रत्येक व्यक्तिलाई सामाजिक, आर्थिक, राजनीतिक आदि प्रक्रियाहरूमा स्वतन्त्र सदस्यको हैसियतले सहभागी हुन पाउने परिस्थितिको निर्माणमा बल पुर्‍याउँछ । यस कार्यमा समावेशी लोकतन्त्रका प्रवर्तक टाकिस फोटोपाउलसको विशेष योगदान रहेको छ । फोटोपाउलसले बहुआयामिक संकटबाट ग्रसित वर्तमान विश्वलाई त्यसबाट मुक्ति दिलाउन समावेशी लोकतन्त्रको आवश्यकता अपरिहार्य भएको बताउँदै विशेषगरी राजनीतिक, आर्थिक, सामाजिक र पर्यावरणीय लोकतन्त्रमा जोड दिएका छन् । उनको दृष्टिमा राजनीतिक लोकतन्त्रमा जनताले निर्णय प्रक्रियामा प्रत्यक्ष सहभागी हुन पाउने अवसर मिल्छ भने आर्थिक लोकतन्त्रमा उत्पादनका साधनहरूमाथि निजी स्वामित्वको अन्त्य र जन-स्वामित्वको स्थापना हुनजान्छ । त्यस्तैगरी सामाजिक लोकतन्त्रमा सामाजिक जीवनका प्रायः सबै क्षेत्रमा सबै किसिमका असमानताहरूको अन्त्य हुन्छ भने पर्यावरणीय लोक-तन्त्रमा विकास र उत्पादनको खातिर भइरहेको प्रकृतिको विनाशलाई रोक्ने काम हुन्छ ।

## घ. सहभागितामूलक लोकतन्त्र

सहभागितामूलक लोकतन्त्र भनेको राजनीतिक प्रणालीको निर्देशन र सञ्चालनमा जनताको व्यापकरुपमा सहभागितामाथि जोड दिने लोकतन्त्र हो । यसले जनसंख्याको अधिकाधिक सदस्यलाई निर्णय निर्माणमा पहुँच बढाउने र सार्थक योगदान गर्ने अवसरको सृजनागर्ने कुरामा जोड दिन्छ । यस्को आंशिक प्रयोग स्पेनिस गृहयुद्धका बेला (१९३६-१९३८) त्यहाँ अराजकतावादी गणतन्त्रवादीहरूले स्पेनको केही भागमा गरेका थिए । सन् साठीका दशकमा युरोपका विद्यार्थी र अमेरिकी बामपन्थले पनि यसको प्रयोग गरेको थियो । सन् २०११मा प्रारम्भ भएको कब्जा आन्दोलन९ यअअगउथ ंयखभ्रभलत० जस्को ज्वलन्त रुप वाल स्ट्रिट कब्जा गर आन्दोलनमा पनि देखियो । यस्तो आन्दोलन नेपालमा बालुवाटार कब्जा आन्दोलनका रुपमा केही समयका लागि देखियो । यस्तो आन्दोलनहरूको खुवी के हो भने यिनमा आन्दोलनमा संलग्न हरेक विरोधकर्ताको भनाइको सुनवाइ हुन्छ ।

विकसित मुलुकमा सहभागितामूलक लोकतन्त्र बढ्दै गएको प्रक्रियामुखी लोकतान्त्रिक अभ्यास र लोक बिनाको लोकतन्त्र र रुचिरहित एकान्त भीड विरुद्धको स्वरका रुपमा उठेको छ । यो राजनीतिक प्रणालीमा देखिएको ननुहुने टिकाउपनका विरुद्धको आवाज बनेको छ ।

अर्कोतिर विकासशील समाजमा यो कर्मकाण्डी लोकतन्त्र विरुद्धको आवाज हो । जब लोकतन्त्र प्रक्रियामुखी हुन्छ, जब निर्वाचन/प्रतिनिधित्व सामान्य जनसमुदायको पहुँच भन्दा बाहिर हुन्छ र जहाँ नीति निर्माण तथा निर्णय निर्माणमा सामान्य जनताको सांकेतिक भन्दा बढि उपस्थिति



र पहुँच हुँदैन त्यहाँ पनि सहभागितामूलक लोकतन्त्रको पक्षमा आवाज उठेको देखिन्छ ।

सहभागितामूलक लोकतन्त्र भनेको निर्णय निर्माणमा विमर्शात्मक संकथन हो जस्ले सार्थक परिवर्तनका लागि सबै स्वरहरू सुन्छ र विविध परिदृश्यहरू प्रति ध्यान दिन्छ । यो समावेशी हुन्छ , अभ्यास र प्रभाबको माग गर्छ, द्वन्दलाई स्वीकार र आत्मसात गर्छ, विमतिलाई सक्रियतापूर्वक सम्बोधन गर्छ, र जस्को स्वर मधुरो छ र जो पाखा परेका छन् तिनीहरू प्रति ध्यान दिन्छ ।

सहभागितामूलक लोकतन्त्रलाई विविध ढंगले सम्बोधन गरिन्छ । ती मध्ये सहमतीय लोकतन्त्र, विमर्शात्मक लोकतन्त्र, र तृणमूल लोकतन्त्र प्रमुख हुन् । विमर्शात्मक लोकतन्त्र परम्परागत लोकतन्त्र भन्दा के मानेमा भिन्न हुन्छ भने यस्ले सरकारी नीति वा ऐनको बैधानिकता भोटका माध्यमबाट मात्र होइन वास्तविक विमर्शका आधारमा स्थापित हुनुपर्छ भन्ने मान्छ । यस्ले नीति वा निर्णय निर्माणमा एक साथ सहमति र बहुमतको शासनका तत्वलाई अवलम्वन गर्छ । बास्तवमा यसलाई सानो समूहमा प्रयोग गर्दा निर्णय निर्माणमा पूर्ण सहभागिता र विमर्शात्मकतालाई अपनाउन सकिन्छ । तर जब यसलाई ठूलो समुहमा प्रयोग गर्ने कुरा उठ्छ अनि विमर्श र समावेशी सहभागिता सवैका लागि समान रुपले प्रयोग गर्न सम्भब हुँदैन ।

बस्तुतः राजनीतिक प्रणालीको निर्देशन र सञ्चालनमा ब्यापक जनसमुदायको सहभागिता नै सहभागितामूलक लोकतन्त्रको सार हो । यसले जनसमुदायको सबैजसोलाई राज्यको निर्णय निर्माणमा अर्थपूर्ण योगदान गर्ने अवसरको सृजना गर्छ र जहिले पनि यस्तो अवसरमा पहुँच बढाउने चेष्टा गर्छ ।

## (ग) लोकतन्त्रका सुदृढिकरणका प्रमुख पूर्वशर्तः

जुनसुकै शासनव्यवस्था पनि अनुकूल परिस्थित भएन भने सफल हुन सक्दैन । लोकतन्त्र पनि यसको अपवाद होइन । लोकतन्त्र एक उत्तम राजनीतिक व्यवस्था हो भन्ने कुरामा दुईमत हुनसक्दैन । तर दोस्रो विश्वयुद्धपछि कैयौं एशियाली एवं अफ्रिकी मुलुकले यो राजनीतिक व्यवस्था अपनाएर पनि पछि पुनः आ–आफ्नो बाटो अपनाएको देखेपछि यौटा स्वाभाविक प्रश्न के उठ्यो भने कहीं लोकतन्त्र नै एउटा असफल राजनीतिक व्यवस्था त होइन ? वास्तवमा लोकतन्त्र कमसल व्यवस्था होइन, बरु उचित एवं आवश्यक परिस्थितिहरूको अभावमा कतिपय एशियाली र अफ्रिकी देशहरूमा यसको प्रयोग सफल हुनसकेन । नेपाल पनि त्यसको एक उदाहरण हो । लोकतन्त्र एउटा कठिन राजनीतिक अभ्यास हो । यसको संचालनका लागि विशेष वातावरण तथा जनताको आचरणमा कतिपय विशेष गुणको आवश्यकता पर्दछ । लोकतन्त्रको सफल कार्यान्वयनका लागि निम्नलिखित शर्तहरू पूरा हुनु आवश्यक छ :

(१) **जनतामा लोकतन्त्रप्रति आस्था –**

जनतामा लोकतन्त्रप्रति आस्था हुनु आवश्यक छ। जबसम्म जनतामा लोकतन्त्रको चाहना हुँदैन तथा उनीहरू स्वतन्त्रता र समानताको प्राप्तिका लागि मरिमेट्न तयार हुँदैनन्, तवसम्म कुनै पनि मुलुकमा लोकतन्त्र फस्टाउन सक्दैन। सरकार केही मुट्ठीभर व्यक्तिद्वारा होइन, बहुसंख्यक जनताद्वारा संचालित हुनुपर्छ भन्ने भावनाले लोकतन्त्रको संचालन र सफलतामा ठूलो सघाउ पुऱ्याउँछ।

(२) **जनतामा जागरुकता –**

जनतामा जागरुकता लोकतन्त्रको सफलताको एक महत्वपूर्ण पूर्वशर्त हो। यदि जनता आफूकहाँ प्रचलित राजनीतिक व्यवस्था जोगाउन तत्पर र जागरुक हुँदैनन् भने संसारमा अरू कसैले त्यो राजनीतिक व्यवस्थालाई डुब्नबाट बचाउन सक्दैन। लोकतन्त्र अरुद्वारा लादेर लादिने राजनीतिक व्यवस्था होइन, यो त मान्छेको मन र मस्तिष्कमा उत्पन्न हुने भावना हो। यदि जनता लोकतन्त्रको मूल्य जान्दछन् भने त्यसको विरूद्धमा उत्पन्न हुने बाहिरी तथा भित्री खतराको सामना गर्न हमेशा तत्पर हुन्छन्। जनताले नीचमारे भने देशी तानाशाह वा विदेशी आक्रमकबाट जुन बेला पनि पनि लोकतन्त्रमाथि घात हुनसक्छ। लोकतन्त्रको दीयोलाई जोगाइ राख्नमा कुनै पनि मुलुकमा जल, स्थल र वायुसेनाभन्दा जनताको भावना र जागरुकताले ठूलो भूमिका खेल्छ।

(३) **प्रबुद्ध एवं शिक्षित मतदाता–**

शिक्षित एवं सुसूचित मतदाता भएको मुलुकमा लोकतन्त्र सफल हुन्छ। लोकतन्त्र जनताको शासन हो। तसर्थ जनता शिक्षित तथा आफ्नो अधिकार र दायित्वप्रति सदैव सचेत हुनु पर्छ। शिक्षित एवं प्रबुद्ध मतदाताले आफ्ना प्रतिनिधिहरूको चुनाव बुद्धिमानीपूर्वक गर्दछन् र गलत कार्यहरूको खुलेर आलोचना गर्दछन्। प्रबुद्ध र शिक्षित मतदातालाई सरकारले कहिले पनि बहकाउन सक्दैन। वास्तवमा अज्ञानता र अशिक्षा लोकतन्त्रका डरलाग्दा शत्रु हुन्।

(४) **असल नेतृत्व–**

लोकतन्त्रको सफल संचालनका लागि असल नेतृत्व हुनु आवश्यक छ। ब्रिटेन तथा संयुक्त राज्य अमेरिकामा लोकतन्त्रको सफलताको पछाडि अन्य कारणहरूको अतिरिक्त दूरदर्शी, प्रबुद्ध एवं प्रभावकारी नेतृत्वको पनि ठूलो हात छ। आज विकासशील मुलुकमा लोकतन्त्रको असफलताको पछाडि कमजोर नेतृत्व पनि एक प्रमुख कारण बनेको छ।



(५) **स्वतन्त्र र निर्भीक–**

प्रेस–स्वतन्त्र, निष्पक्ष र निर्भीक प्रेसले लोकतन्त्रको सफलतापूर्वक रक्षा गर्दछ। मिडियाले जनताका सामु तथ्यको साथसाथै आफ्नो विचार पनि राख्दछ। सरकारका त्रुटिलाई औंल्याउछ भने जनतालाई जागरुक र आफ्नो कर्तव्यप्रति सजग पनि बनाउछ। शासकहरू पनि प्रेसको आलोचनाको निशाना नबने किसिमबाट काम गर्न अग्रसर हुन्छन्। त्यसैले लोकतन्त्र जति सफल हुन्छ, त्यहाा त्यति नै स्वतन्त्र, निर्भीक र निष्पक्ष प्रेसको विकास हुन्छ।

(६) **उचित जीवनस्तर–**

मुलुकको आर्थिक अवस्थाले शासनव्यवस्थामा अमिट छाप पार्दछ। यदि जनता गरीबी र त्यसबाट उत्पन्न हुने अन्य समस्याबाट मुक्त छन् र उनीहरू समुचित जीवनस्तर भोगिरहेका छन् भने त्यस्तो मुलुकमा लोकतन्त्र निश्चित रूपमा सफल हुन्छ। जनताको समृद्धि लोकतन्त्रको सहयोगी हो भने उनीहरूको दरिद्रता ठूलो बाधक हो। गरीबीको जाँतोमा पिंधिएका जनताका

# २

# नागरिक
## (Citizen)

लागि रोजी-रोटी अत्यावश्यक हुन्छ र लोकतन्त्र सोखको विषय। फलस्वरूप केही मुट्ठीभर धनीले बहुसंख्यक जनताको गरीबीको नाजायज फाइदा उठाएर शासनसत्ता कब्जागर्न पुग्छन् र लोकतन्त्र एक ठट्टा हुन पुग्छ। यस मानेमा जीवनका न्यूनतम आवश्यकता पूरा गर्न सक्षम जनताको उपस्थिति लोकतन्त्रको सफल कार्यान्वयनका लागि अत्यावश्यक हुन्छ।

### १. नागरिक जीवन:

पुरानो जमानामा नगरमा बस्नेलाई नागरिक भनिन्थ्यो। त्यसैले नागरिक जीवनको अध्ययन नगरका बासिन्दाहरूको जीवनसम्म मात्र सीमित मानिन्थ्यो। तर आज के नगर, के गाउा, के पहाड, के तराई, कुनै राज्यको सीमाक्षेत्रभित्र जहाा बस्ने पनि नागरिक हुन्छ। त्यसर्थ अब नागरिक जीवनको तात्पर्य पनि स्वतः फराकिलो हुनपुगेको छ। सत्य त के हो भने आज मनुष्यको सम्पूर्ण समाजिक जीवनको अध्ययन नै नागरिक जीवनको ध्येय भएको छ।

के घर, के कार्यालय, के खेत, के कारखाना, के विद्यालय, के मन्दिर जहाासुकै र जहिलेसुकै पनि मानिस सागै रहन्छ र सागै काम गर्छ। यो नै सामाजिक जीवनको यथार्थ हो र मनुष्य सामाजिक प्राणी हो भन्ने कुराको प्रमाण पनि। यसरी काम गर्दा सामाजिकताको भावना र उच्च नागरिक आदर्शको बाहुल्य रह्यो भने सामाजिक जीवन उच्चस्तरको हुन्छ। त्यसैले कतिपय विद्वान नागरिक धर्मलाई प्रस्ट्याउादै यो सार्वजनिक हितका निम्ति आफ्नो निर्देशित निर्णयको प्रयोग हो भन्छन्। तर यथार्थमा नागरिकताको निर्वाह त्यति सीधा र सरल छैन। मानव व्यक्तित्वसाग सम्बन्धित केही यस्ता तथ्य छन् जसले सुखी नागरिक जीवनमा व्यवधान खडा गर्दछन्। तीमध्ये पहिलो हो, मनुष्यको झगडालु स्वभाव। मनुष्य सामाजिक प्राणी हो

भन्ने कथन जति सत्य हो, त्यति नै उसको स्वभाव झगडालु हुन्छ भन्ने कथन पनि सत्य हो। सभ्यताको विकाससागै मानिस सभ्य हुादैगएको भए पनि बर्बरता, द्वन्द्व र झगडालुपन उसमा अन्तर्निहित छन्। कुटपीट, हिंसा, हत्या, युद्ध इत्यादि मनुष्यव्यक्तित्वको यही झगडालु प्रकृतिको अनियन्त्रित र निःसंकोच अभिव्यक्ति हो। मनुष्यव्यक्तित्वको अर्को महत्वपूर्ण पक्ष हो–उसको रुचिभिन्नता।सबै मानिसको एकै किसिमको रुचि तथा चाहना हुादैन। कोही पुस्तक पढ्न रुचाउाछन् भने कसैलाई त्यसप्रति अरुचि हुन्छ। कोही रक्सी मन पराउाछ भने कोही त्यसलाई घृणा गर्छ। कोही जुवा खेल्नमा रुचि राख्छ भने कोही त्यसबाट टाढै रहन चाहन्छ। यसतो रुचिभिन्नताले मासिन-मानिसबीच भिडन्तको स्थिति पनि सृजना हुनसक्छ। जब कुनै व्यक्ति वा व्यक्तिसमूह त्यस्तो बेला र त्यस्तो ठाउामा आफ्नो अधिकार भन्दै आफ्नो चाहनाको परिपूर्ति गर्न चाहन्छ जसले अरूलाई चोट पुऱ्याउाछ, त्यसबाट स्वभावतः उत्तेजना उत्पन्न हुन्छ।

यसका अतिरिक्त गतिरोधका केही समाजसृजित कारण पनि हुन्छन्, जसमध्ये एक हो–वस्तु, सेवा र सुविधाको मागको दाजोमा आपूर्तिको कमी। मानवजीवनको लागि आवश्यक ठानिएका वस्तु र सेवा चाहिंदो मात्रामा उपलब्ध नहुादा पनि लुछाचुडी र झगडाको स्थिति सृजना हुन्छ। अभाव, भोकमरी इत्यादिले सरल र सिधा मानिसलाई पनि हिंस्रक र आक्रामक बनाउाछ। इतिहास साक्षी छ, सम्पन्न र विपन्नवर्गका बीचको फाटो एवं अभावले विश्वमा अनेकौं रक्तरंजित क्रान्ति र प्रतिहिंसाको सिर्जना गरेका छन्। फेरि, समुचित प्रबन्ध र समन्वयको अभावले पनि मानिस-मानिसबीच कलह र द्वन्द्वलाई निम्त्याउाछ। वस्तु, सेवा र सुविधाको अभाव नभए पनि समाजमा मानिसका विरोधाभासपूर्ण आवश्यकताहरूको परिपूर्ति गर्न उच्चस्तरको प्रबन्ध र समन्वयको आवश्यकता पर्छ। तर व्यवहारमा के देखिन्छ भने समाजमा उचित प्रबन्ध र समन्वयको अभाव हुन्छ जसले गर्दा मानिसको आपसमा भिडन्त हुनपुग्छ। पैदलयात्री मोटरसवारीसाग ठोक्किन चाहादैन तर ट्राफिकको उचित प्रबन्ध भएन भने दुर्घटना नभई छाड्दैन। उपभोक्ता बजारमा दैनिक उपभोगका वस्तुको उचित आपूर्ति चाहन्छन् तर बजारव्यवस्था राम्रो भएन र कालाबजारियाहरू अनियन्त्रित भए भने जनजीवन पीडित भैछाड्छ।

आज जब मनुष्यको भाग्य उसको राज्यको सीमारेखालाई पार गरेर विश्वको कुनै पनि घटना र दुर्घटनासाग जोडिनपुगेको छ, मानिसले आपसमा हुनसक्ने सम्भावित द्वन्द्वलाई पन्छाई नागरिक जीवनका प्रत्येक पाइला सोची सम्झी चाल्न जरुरी भएको छ। व्यक्तिगत स्वार्थ, कुण्ठा, एक्लोपन, निराशा, अवसाद, सनकीपनजस्ता औद्योगिक युगकाजटिलताहरूका माझमा व्यक्तिका हरेक निर्णयले परिवार, समाज, राष्ट्र र सम्पूर्ण मानवसभ्यता प्रभावित हुन्छ। यौटा मामुली आणविक दुर्घटना वा ठाउामा बसेको मानिसको यौटै गलत निर्णयले सम्पूर्ण मानवसभ्यता आाखा झिमिक्क नहुादै खरानीमा परिणत हुनसक्छ। वस्तुतः नागरिक जीवनको सार्थकता नागरिकमा निहित विभिन्न प्रवृत्ति र गुणहरूमा निर्भर गर्दछ। ती हुन्–



विवेक, पारस्परिक प्रेम, सहिष्णुता, आपसी सहयोग, सामाजिक भावना, असल छिमेकीपन, असल आदत, मताधिकारको सदुपयोग, र कर्तव्यको उचित क्रमनिर्धारण।बास्तवमा नागरिक जीवनलाई सुखी, समृद्ध र यापनयोग्य बनाउनका लागि हरेक नागरिकले उपरोक्त मूल्यहरूलाई आफ्नो जीवनमा उतार्न सक्नुपर्छ। यसैमा नागरिक स्वयं र सम्पूर्ण समाजको कल्याण निहित छ। भावी संततीलाई युद्धको विभीषिकाबाट जोगाउने र विश्वमा शान्ति र सुरक्षा स्थापितगर्ने जस्तो महान् यज्ञ पनि नागरिक जीवनका यिनै मूल्यहरूमा निर्भर गर्छ।

## २. नागरिकता

शाब्दिक अर्थमा नागरिक भनेको नगरमा बस्ने व्यक्ति हो। तर नगरको निवासीलाई नागरिक भन्ने चलन नगरराज्यको जमानाको कुरो हो। आजकाल जब स्वयं राज्यकै विस्तार भएर राष्ट्र-राज्य र बहुराष्ट्रिय राज्य विकास भयो अनि त्यहींका निवासीलाई नागरिक भन्न थालियो। आधुनिक अर्थमा नागरिकता भनेको राज्यको सदस्यता हो। राज्यद्वारा अधिकारप्राप्त एवम् त्यसप्रति कर्तव्यले आवद्ध व्यक्ति नागरिक हो।

आधुनिक अर्थमा साझा सार्वजनिक संस्कृतिले निर्धारण गरेको साझा नागरिक पहिचान नै नागरिकता हो। नागरिक पहिचानका रुपमा नागरिकताले त्यस बेला नागरिकहरूलाई आपसमा एकतावद्ध गर्छ जब समाजका विभिन्न समूहको पहिचान भन्दा तिनको साझा पहिचानको बन्धन बलियो हुन्छ। त्यसर्थ जाति, जनजाति वा क्षेत्रगत पहिचानभन्दा माथि उठेर राष्ट्रिय स्तरको नागरिक पहिचान बढाउन राज्यले आफ्नो प्रयास केन्द्रित गर्नसक्नु पर्छ। नागरिकता एक साथ हैसियत र सक्रिय अभ्यास पनि हो। बास्तबमा नागरिकले पाउने विभिन्न स्वरुपका आधिकार र बहनगर्नं पर्ने दायित्वका कारण उस्को हैसियत निर्धारण हुन्छ। तर नागरिकता भनेको सक्रिय अभ्यास पनि हो। त्यो कसरी भने आफूले पाएको अधिकार उस्ले प्रयोग गर्नं भनेको त्यसको अभ्यास हो। मतदान गर्नं, कर तिर्नं, राजनीतिमा भाग लिनु, सरकारको अनुचित कार्यको विरोधगर्नं इत्यादि नागरिकताको अभ्यास हो।

## ३. सामाजिक नागरिकताः

राजनीतिक उपभोक्ताका रुपमा नागरिकले आफू नागरिक बन्न आवश्यक पर्ने दायित्व निर्वाह गर्न सिक्नु पर्छ भने राज्यले उपलब्ध गराउने नागरिक, राजनीतिक र सामाजिक अधिकार जस्ता वस्तुमा पहुँच बढाउन सक्नु पर्छ। हो, यहीं निर सामाजिक नागरिकताको अवधारणा आउँछ। उदारवादीहरू नागरिकलाई अधिकार दिए पुग्छ र त्यसभन्दा बढी अन्य कुनै सामाजिक सुरक्षा दिन जरुरी छैन भन्छन्। राज्य प्रदत्त सामाजिक सुरक्षाले नागरिकमा निर्भरता बढाउँछ र समयक्रममा पराश्रित पुस्ता नै तयार हुन्छ भन्ने तिनको मत छ।

अर्कोतिर समावेशी र न्यापूर्ण राज्यका पक्षधरहरू यो मतसंग सहमत छैनन्। तिनको विचारमा

समावेशी र न्यायपूर्ण समाजका लागि समुदायका सदस्यलाई तिनले आफ्ना नागरिक अधिकारको पूर्ण पहुँच र अध्यासको प्रत्याभूति हुने गरी समाजिक सुरक्षा प्रदान गर्नं पर्छ । बास्तवमा राज्यले नागरिक सहभागिता बढाउन कल्याणकारी कार्यक्रमबाट तिनलाई सक्षम बनाउनुपर्छ । आधारभूत भौतिक आवश्यकता पूरा हुँदा मात्र मानिस सक्षम हुन्छ र उ सामुदायिक जीवन र राजनीतिमा भागलिन अग्रसर हुन्छ । यो मतले के मान्दछ भने न्यूनतम सामाजिक र आर्थिक आवश्यकता प्रत्येक नागरिकको अधिकार हो र उस्लाई यो सुरक्षा राज्यले प्रदान गर्नंपर्छ । यसले मात्र तिनमा अरुको आदर गर्ने, सार्वजनिक सेवाको महत्वलाई बुझ्ने र परस्पर खप्टिएका तथा विरोधाभाषपूर्ण दायित्वहरू माझ तालमेल मिलाउन सामर्थ्य प्राप्त हुन्छ ।

## ४.नागरिकका कर्तव्यः

मानवजातिले आफ्नो अधिकार प्राप्तिका लागि अनेकौं रक्तपातपूर्ण संघर्ष तथा क्रान्ति गरेको कुराको इतिहास साक्षी छ, तर कर्तव्यप्रतिको जागरुकताको इतिहास भर्खरै प्रारम्भ भएको हो । शाब्दिक अर्थमा कर्तव्य भनेको व्यक्तिले प्राकृतिक, कानुनी या नैतिक दायित्वको रुपमा गर्नुपर्ने कुरा हो । कर्तव्य दावीको रुपमा हाम्रो समक्ष उपस्थित हुन्छ । यो यस्तो कुरा हो जुन पूरा गर्न हामीलाई सुम्पिइएको हुन्छ, चाहे हामी यसलाई मन पराउं या मन नपराउं । समाज र राज्यले नागरिकलाई अधिकारको साथसाथै केही कर्तव्य पालन गर्न लगाउंछ । वास्तवमा कर्तव्य नै अधिकारको स्रोत मानिन्छ । विद्वान्हरू अधिकार र कर्तव्यलाई एकै वस्तुको दुई पक्ष मान्छन् । एउटा व्यक्तिको अधिकार अर्कोको कर्तव्य हुन जान्छ । मेरो बाच्ने अधिकारप्रति अरुको मलाई बाच्न दिने वा नमार्ने कर्तब्य निहित छ र त्यसैले अधिकार र कर्तव्यलाई दुई अलग कोणबाट हेरिएको एकै चीज पनि मानिन्छ । एक शब्दमा भन्ने हो भने व्यक्तिको समाज र राज्यप्रतिको दायित्व नै उसको कर्तब्य हो ।

सामान्यतया कर्तव्यलाई नैतिक र कानुनी कर्तव्य गरी दुई भागमा वर्गीकरण गरिन्छ । नैतिक कर्तव्य भित्र आफूप्रतिको कर्तव्य, परिवारप्रतिको कर्तव्य, रसमाजप्रतिको कर्तव्य पर्छन् । अर्को तिर कानुनी कर्तव्य भित्रराज्यप्रति वफादारी, कानुनको पालन , कर तिर्नु , इमान्दारीपूर्वक मताधिकारको प्रयोग, र सरकारलाई कानुन र व्यवस्थाका लागि सहयोगगर्नं पर्छ ।

कर्तव्य बिनाको अधिकार निरर्थक हुन्छ भने अधिकार बिनाको कर्तव्य पनि अर्थहीन नै हुन्छ । यथार्थमा अधिकार र कर्तव्यको सम्वन्धका प्रमुख तत्व हुन्-

१. एक व्यक्तिको अधिकारलाई समाजका अन्य सदस्यले स्वीकृति दिन्छन् र यसद्वारा उनीहरू कर्तव्यको सूत्रमा बांधिन्छन् ।

२. जसलाई अधिकार प्राप्त हुन्छ, उसले यो स्वीकार गरेको हुन्छ कि यस्तै अधिकार अरुलाई पनि प्राप्त छ । यही स्वीकृतिले उसलाई कर्तव्यको बन्धनमा बांध्दछ ।



३. जसले अधिकार पाएको हुन्छ, उसको कर्तव्य आफ्नो अधिकारको सदुपयोगमा निहित छ ।

४. कर्तव्यको पालनबाट मात्र अधिकार प्राप्त गर्नसकिन्छ ।

५. सुखी सामाजिक जीवनको लागि दुवै आवश्यक छन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने कर्तव्यको दुनियामा मात्रअधिकारको अस्तित्व छ ।बास्तवमा अधिकार र कर्तव्य दुई दृष्टिकोणबाट हेरिएका एकै कुरा हुन् ।

### नेपालको संबिधानमा नागरिकका कर्तव्यः

नेपालको बर्तमान संबिधानको धारा ४८ मा नेपाली नागरिकका केही कर्तव्यहरूको व्यवस्था गरिएको छ । ती हुन्-

-राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नं,

-संबिधान र कानुनको पालना गर्नं,

-राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नं, र

-सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु ।

मौलिक हकको अध्यायमा राखिएका यी कर्तव्यको मूल अभिप्राय के देखिन्छ भने नेपाली नागरिक यी कर्तव्यको पालन गरेर नै मौलिक हक उपभोग गर्न योग्य हुन्छन् ।

# ३

# कानुनको शासन

## (Rule of Law)

**अर्थ**:

कानुनको शासनको विचार निरंकुश शासनका विरुद्ध देखा परेको विचार हो । विश्वमा राजनीतिक प्रणालीको विकास क्रममा प्रारम्भमा जो शासक उस्कै शासनको मान्यता प्रचलित थियो । त्यतिबेलाको मान्यता नै के थियो भने राजा नै कानुन हो (rex lex) । तर निरंकुशता विरुद्धको संघर्षमा जनताको जीत हुादै गएपछि यस्तो व्यक्तिको इच्छा वा सनकका भरमा शासन गर्ने कुराको स्थान पद्धतिसंगत ढंगले कानुनको शासनको प्रादुर्भाव भएको देखिन्छ ।

त्यसो त अरस्तुले प्राचीन काल मै भनेका थिए- कानुनले शासन गर्नं पर्छ । बेलायतका एडवर्ड कोकलाई यो अवधारणाको प्रवर्तक मानिन्छ । उनले भनेका थिए, राजा ईश्वर र कानुनको मातहतमा बस्नुपर्छ । उनको यो कथनले राजाको स्वेच्छाचारिता माथि कानुनको अंकुश लगाउने र कानुनभन्दा माथि कोही छैन भन्ने मतलाई पुष्टि गऱ्यो । प्राचीन पूर्वी दर्शनमा उपनिषदले कानुनको शासनको पक्षपोषण गरेको देखिन्छ । उपनिषदले के भन्यो भने कानुन भनेको राजाको पनि राजा हो । यो राजा भन्दा पनि शक्तिशाली र माथि हुन्छ । यसले नै निर्धालाई बलियाहरूबाट बचाउाछ र न्यायको जीत गराउाछ । बास्तवमा राजतन्त्र भएका मुलकमा कानुनको सर्वोच्चताको धारणा राजाहरूको स्वेच्छाचारिता माथि अंकुश लगाउने साधनको रुपमा विकास भयो र तिनको दैवी अधिकारको दावीलाई निस्तेज बनाउने माध्यम बन्यो । लोकतन्त्रमा भने कानुनको शासनले सार्वजनिक शक्तिका धारकहरूलाई तिनले प्रयोग गर्ने शक्ति कानुनी रुपमा बैध र सामाजिक रुपमा न्यायपूर्ण छ भन्ने सार्वजनिक रुपमा पुष्टि गर्नं पर्ने जिम्मेवारी बोकाउाछ । सत्रौं शताव्दीमा स्यामुअल रथरफोर्डले राजानै कानुन हुन्

भन्ने विचारको खण्डन गर्दै कानुन नै राजा हो भन्ने विचार अघि सारे । करारवादी विचारक जन लकले पनि कानुनको शासनको कुरा गरे । टमस पेनले प्रष्टसंग के भने भने अमेरिकामा कानुन नै राजा छ । अमेरिकी संविधानका सन्दर्भमा जन एडम्सले भने-हामी कहाा व्यक्तिको होइन कानुनको शासन छ ।

कानुनको शासनर कानुनद्वारा शासन (rule by law) मा तात्विक भिन्नता छ । त्यो के भने कानुनको शासनमा कानुन प्रधान हुन्छ र यस्ले शक्तिको दुरुपयोगमाथि नियन्त्रण गर्छ । अर्को तिर कानुनद्वारा शासनमा कानुन शासनको एक औजार मात्र हुन्छ जस्ले कानुनी तवरबाट दमन गर्छ । वर्तमान युगमा खास गरी विकासशील मुलुकमा कानुनी राज्य वा कानुनको शासनको महत्व के कारणले पनि छ भने यस्लाई सुशासनको एक प्रमुख तत्व मानिन्छ । भन्नुको अर्थ यदि कुनै राज्यमा कानुनको शासन छैन भने त्यहाा सुशासन छैन भनेर ठोकुवा गर्न सकिन्छ ।

## बस्तुतः उनले कानुनको शासनलाई तीन अर्थमा प्रयोग गर्छन् । ती हुन्-

### १.प्रचलित कानुन नतोडी कोही सजायभागी हुादैन :-

डायसीका अनुसार सामान्य कानुनी प्रक्रियाबाट सामान्य अदालतद्वारा कुनै खास कानुनको उल्लंघन नभई कुनै व्यक्तिलाई कानुनी रुपमा भौतिक वा शारीरिक दण्ड एवं सजाय गर्न पाईदैन । यस अर्थमा कानुनको शासन व्यक्तिको स्वतन्त्रताको सबैभन्दा ठूलो संरक्षक हो । यस्ले कुनै पनि व्यक्तिलाई कार्यपालिकाको स्वेच्छाचारिताबाट जोगाएको छ र प्रचलित कानुन नतोडेसम्म र अदालतद्वारा कानुन तोडेको प्रमाणित नहुन्जेल कुनै व्यक्तिलाई सरकारले थुन्न वा अरु प्रकारको सजाय गर्न नपाउने ग्यारेन्टी गरेको छ । स्पष्टतः कानुन नतोडेसम्म कुनै व्यक्तिलाई कुनै किसिमको दण्ड सजाय गर्न पाइादैन ।

### २. सवै समान कानुनका अधिन छन् :-

शासक देखि सामान्य प्रहरी वा कर-कर्मचारी समेत पनि अन्य कुनै साधारण नागरिक सरह आफूले गरेको नियम बिपरित कामका लागि एउटै कानुनका मातहत हुन्छन् । यसले के बताउछ भने कानुनको अगाडि सबै व्यक्ति समान हुन्छन् । कानुन तोडेमा त्यो व्यक्ति चाहे जतिसुकै ठूलो पदाधिकारी होस् व अनाम नागरिक, एउटै कानुनद्वारा शासित हुन्छन् र समान अपराधको लागि समान सजायको भागी हुन्छन् । सबै कानुनको अधिन छन्, कोही कानुन भन्दा माथि छैन ।

### ३. कानुन अधिकारको उपज हो -

यस्को अर्थ व्यक्तिका अधिकार र स्वतन्त्रताहरू संबिधानमा समावेश भएका कारणले मात्र अस्तित्वमा आएका होइनन्, वास्तवमा स्वयं संबिधान नै व्यक्तिको अधिकारको उपज हो । अर्को



शब्दमा भन्ने हो भने संबिधान अधिकारको स्रोत होइन कि अधिकार नै संबिधानको स्रोत हो । तसर्थ अधिकार र स्वतन्त्रता सर्वोच्च मान्यता हुन् । अतः संबिधानको परिवर्तन गरेर यिनको अपहरण गर्न सकिदैन, किन कि यी संबिधान भन्दा माथि छन् र स्वयं संबिधान पनि अदालतले निर्णय गरेको अधिकार को उपज हो ।

कानुनको शासन सानालाई ऐन र ठूलालाई चैनको सख्त विरोधी हुन्छ । त्यसैले हाम्रो जस्तो विकासशील मुलुकहरूमा पनि कानुनी राज्यको स्थापना वा कानुनको शासनको ठूलो माग र चाह छ । बास्तवमा आजको युगमा कानुनी राज्यलाई सभ्य समाजको परिचायक मानिन्छ ।

# ४

# असल शासन

## (Good Governance)

### १. अवधारणाः

केही अपवादलाई छाडेर अधिकांश अल्पविकसित तथा विकासोन्मुख मुलुकमा निजामती सेवाभनेको सर्वसाधारणको पहुाचभन्दा टाढा, संस्काररहित, प्रक्रियामा जेलिएको, गुणस्तरहीन, भ्रष्ट र गैरजवाफदेही संरचनाको रूपमा चिनिएको थियो । भन्नुको अर्थ त्यतिबेला प्रशासनमा संकट थियो । त्यसलाई जनसंवेदनशील, कार्यकुशल र लागत-प्रभावकारी बनाउन तत्काल सुधारको खााचो थियो र यसका लागि प्रशासनको चिन्तनधारामा त्यस्तै परिवर्तन जरुरी थियो जसबाट त्यसमा सरकार बाहेक नागरिक, उपभोक्ता, बजार, स्थानीय निकाय जस्ता खेलाडीले स्थान पाउन् ।

हो यहीानिर शासनको नयाा धारणा असल शासनतर्फ उन्मुख भयो । एकदम सरल अर्थमा पनि के भनियो भने शासन त्यतिबेला असल हुन्छ जब राज्यले आफ्नो कार्यक्षेत्रलाई आफ्नो कार्य क्षमताभित्र सीमित राख्न सक्छ । अर्थात् राज्यले त्यस्ता नीतिहरूमा केन्द्रित हुनुपर्छ जसले बजारलाई काम गर्न सजिलो पारोस् ।

असल शासनको अवधारणा हिजोआज राजनीतिशास्त्र, जनप्रशासन र खासगरी विकास व्यवस्थापन को क्षेत्रमा नियमित रूपमा प्रयोग हुन थालेको छ । यो लोकतन्त्र, नागरिक समाज, लोकप्रिय सहभागिता, मानव अधिकार र सामाजिक र दिगो विकास जस्ता अवधारणाहरूका साथसाथै देखापर्छ । विगत केही दशकअघिदेखि नै यो सार्वजनिक क्षेत्र सुधारसाग घनिष्ठ रूपमा गाासिएको छ । सार्वजनिक व्यवस्थापनको विधाभित्र यो नयाा मान्यताको रूपमा

स्वीकारिएको छ जसले नागरिकहरूले उच्च आाकलन गरेका सेवाहरू प्रदान गर्ने काममा सार्वजनिक व्यवस्थापकहरूको भूमिकामा जोड दिन्छ र केन्द्रीय निकायको नियन्त्रण-न्यूनन स्रोतका माध्यमबाट व्यवस्थापकीय स्वायत्तताको अभिवृद्धिको वकालत गर्छ ।

पल हर्स्ट भन्छन्– “असल शासन भनेको निजी आर्थिक क्रियाकलापलाई सुहाउादो किसिमको प्रभावकारी राजनीतिक ढाचा अर्थात् स्थिर सत्ता, विधिको शासन, सरकारले काम गर्न सक्ने किसिमको कार्यकुशल प्रशासन, र राज्यबाट स्वतन्त्र सबल नागरिक समाजको सृजना गर्नु हो ।”

वास्तवमा असल शासन साध्य र साधन दुबै हो। साध्यको अर्थमा भन्नुपर्दा असल शासन भनेको राज्यका मामिलाहरूको विकास र व्यवस्थापनको उच्चतम अवस्था हो । जब लोकतान्त्रिक शासन ठाउँमा हुन्छ, जब जनता नीतिनिर्माणको प्रक्रियामा सहभागी हुन्छन्, जब सेवाहरू कुशलतापूर्वकप्राप्त हुन्छन्, जब मानव अधिकारको सम्मान हुन्छ र जब सरकार पारदर्शी, जवाफदेही र उत्पादनशील हुन्छ त्यो शासन स्वतः असल हुन्छ ।

साधनको अर्थमा हेर्ने हो भने कमजोर शासनका निम्न अवस्थाहरूको निवारणका लागि असल शासनको माग गरिन्छ–

- सार्वजनिक र निजीका माझ स्पष्ट भेद देख्न असफल भएको अवस्था, किनकि यसले सार्वजनिक स्रोतलाई निजी लाभका लागि दुरुपयोग गर्ने प्रवृत्ति बढाउँछ ।
- सरकारी आचरण र विधिको शासनको परिभाषित प्रारूप स्थापनामा असफल
- बजारको संचालनमा वाधा पुग्ने गरी अत्यधिक नियम कानुनको उपस्थिति
- विकाससँग तालमेल नखाने ढले प्राथमिकता निर्धारण जसको परिणाम स्वरूप साधन स्रोतहरूको गलत ढङ्गले बाँडफाँड हुन्छ
- अत्यधिक संकीर्ण वा अपारदर्शी निर्णय निर्माणको प्रक्रिया
- राज्यका मामिलाहरूको संचालनमा आचारसंहिताको अभाव
- सुपरिभाषित नीतिहरूको अभाव

यसको अर्थ के भने असल शासनलाई आर्थिक वृद्धि, मानव विकास र सामाजिक न्याय प्राप्तिको एक साधन मान्न सकिन्छ । साधनको रूपमा परिभाषित गर्दा असल शासनको अवधारणाको प्रयोग सार्वजनिक सेवा सुधार वा नयाँ सार्वजनिक व्यवस्थापनको मान्यताको रूपमा गरिन्छ । प्रशासनिक सुधारको क्षेत्रमा यसको प्रयोग संस्थागत विकास, क्षमता निर्माण,



शक्ति र सत्ताको विकेन्द्रीकरण, राजनीतिज्ञ र सरकारी कर्मचारीको सम्बन्ध, समन्वय र असल शासनको अभिवृद्धिका लागि सरकार प्रमुखहरूले खेल्ने भूमिका जस्ता अन्य समकालिन मुद्दाहरू सम्वोधन गर्ने साधनका रूपमा गरिन्छ ।

असल शासनको अवधारणा प्रारम्भ हुनु अघिको अवस्थालाई औंल्याउँदैलेफ्टविच के भन्दछन् भने पश्चिमा दाताराष्ट्र र संस्थाहरूले विकासशील मुलुकहरूतर्फ विकास सहायता प्रवाह गर्ने सन्दर्भमा प्रमुख तीन शर्तहरू अघि सारे । उनीहरूको सहायता नीतिको पहिलो उद्देश्य खुला, बजारमैत्री र प्रतिस्पर्धात्मक अर्थतन्त्रलाई प्रवर्द्धन गर्नु थियो । त्यसैले उनीहरूले अस्सीकै दशकको उत्तरार्द्धदेखि संरचनात्मक समायोको शर्त अघि सारे । पछि १९९० को दशकमा आएर तिनले आफ्नो सहायता नीतिमा थप दुई नीति अघिसारे । ती मध्ये एक हो– सहायता लिन इच्छुक मुलुकले लोकतन्त्रप्रति समर्थन एवं मानव अधिकारप्रति सम्मान गर्नुपर्ने र अर्को हो– असल शासनप्रति जोड । यसबाट के बुझिन्छ भने शीतयुद्धोत्तरकालमा असल शासन सहायता शर्तका रूपमा जोडतोडका साथउठाइयो ।

तर जसरी उठाइएको भए पनि असल शासन सहायता-शर्तको हदसम्म मात्र सीमित छैन । एक अवधारणाका रूपमा असल शासन सार्वजनिक व्यवस्थापनको मुद्दाभन्दाअघि बढ्छ र आधुनिक युगमा विभिन्न मुलुकहरूले सामना गर्नुपरेका समस्याहरू समाधानका लागि लोकतन्त्रलाई कसरी उपयुक्त ढङ्गले प्रयोग गर्न सकिन्छ भन्ने मौलिक प्रश्नमा केन्द्रित हुन्छ ।

यस ढङ्गले परिभाषित गर्दा असल शासनको राज्य, नागरिक समाज र जनप्रशासन जस्ता अलग-अलग सरोकारवालाहरूका हकमा भिन्नाभिन्नै निहितार्थ हुनजान्छ ।

## २. असल शासनका विशेषता

असल शासनको लक्ष्य प्राप्त गर्ने सर्वोत्तम उपाय यही हो भनी टिकान गर्न गाह्रो छ । किनभने हरेक राज्यका समस्या एकै प्रकारका हुँदैन । त्यसैले सबैका लागि उही पूर्जी जारी गर्न मिल्दैन । तथापि असल शासनका विशेषताहरूको एउटा सूची चाहिँ बनाउन सकिन्छ जसलाई राज्यहरूले आफ्नो सामु उपस्थित चुनौती र समस्याहरूका आधारमा छानेर उपयोग गर्न सक्छन् । ती हुन्–

### १. जवाफदेहिताः

जिम्मेवारीपनको सम्बन्ध शासितहरूले आफ्ना शासकहरूमाथि प्रभावको उपयोग गर्ने कुरासित छ । जनताले जति प्रभावकारी ढंगले शासकहरूमाथि नियन्त्रण गर्छन् शासकहरू त्यति नै मात्रामा जिम्मेवार हुन्छन् । यसले शासकहरूले शासितहरूमाथि राख्ने चासो र महसुस गर्ने उत्तरदायित्वको भावनालाई पनि जनाउाछ । निर्वाचित हुनुअघि जनसेवाको स्वाङ गर्ने र निर्वाचित भएपछि आफूलाई जनताको मालिक ठान्ने शासकहरू गैरजिम्मेवार कहलाउाछन् ।

वस्तुतः जिम्मेवारीपनले शासकले के गर्छ र कसरी गर्छ भन्ने कुरालाई औंल्याउाछ । जनताको भावनासाग खेलवाड गर्ने होइन त्यसको कदर गर्ने नै जिम्मेवारीताको द्योतक हो । सुशासनले शासकबाट यही व्यवहारको अपेक्षा गर्छ ।

## २. पारदर्शीताः

यो पनि सुशासनको एक महत्वपूर्ण तत्व हो । पारदर्शीताले मुख्यतः राजनीतिक निर्णय-निर्माणमा जनताको पहुाचलाई जनाउाछ । सरकारले काम गर्दा गुपचुप गर्न थाल्यो, अथवा आध्यारो कोठामा बसेर जनतालाई असर पर्ने कुरामा जनइच्छालाई ख्यालै नगरी निर्णय गर्न थाल्यो, अथवा अदृश्य वा गैरसंवैधानिक शक्तिकेन्द्रको इशारामा काम गर्न थाल्यो भने त्यसले समस्या सृजना हुन्छ । त्यसैले हिजोआज नागरिकहरूलाई सूचनाको अधिकार प्रत्याभूति गर्ने चलन पनि चलेको छ । वस्तुतः लोकतन्त्रमा जनतालाई सरकारी क्रियाकलापहरूबारे सूचना माग्ने हक समेत हुन्छ । राष्ट्रिय सुरक्षासाग सम्बन्धित र वर्गीकृत जानकारीहरू बाहेक अन्य विषयहरूमा जानकारी दिन सरकार बाध्य पनि हुन्छ ।

पारदर्शीता खुला समाजको महत्वपूर्ण विशेषता पनि हो । यदि सरकार आफ्नो काममा पारदर्शी भएन अथवा त्यसका निर्णयमा जनपहुाच भएन भने भ्रष्टाचारको सम्भावना बढेर जान्छ । कैयौं पटक लोकतान्त्रिक शासन व्यवस्थामा पनि अनेकौं नियम-कानुनको आड लिएर शासकहरू सट्याक-सुटुक काम गर्न खोज्दछन् । त्यसो गर्दा ती कामहरूमा अख्तियारको दुरुपयोग एवं भ्रष्टाचारको गन्ध आउाछ । पारदर्शीता हुादा सरकार कसको पक्षमा निर्णय गर्दैछ, के कस्तो अथवा के र कसको दबाब वा प्रभावमा परेर काम गर्न खोज्दैछ भन्ने कुरा थाहा हुन्छ । यसले जनतालाई सङ्गठित ढङ्गले विरोध गर्न र जनदबाबका माध्यमबाट जनविरोधी निर्णय हुनबाट रोक्न सजिलो पर्छ । सरकारले गर्न खोजेका कैयौं गलत कामहरू समयभन्दा अघि भेद खुलेर रोकिएका पनि हुन्छन् । त्यसैले हिजोआज अन्तर्राष्ट्रिय स्तरमा पनि पारदर्शीतालाई बढावा दिन थालिएको छ । पारदर्शीता अन्तर्राष्ट्रिय (Transperancy International)जस्ता संस्थाहरू भ्रष्टाचारका विरुद्ध कम्मर कसेर लागेका छन् । यसबाट के बुझिन्छ भने पारदर्शीता पनि शासनको गुणवत्तालाई निर्धारण गर्ने एक महत्वपूर्ण कसी हो ।

## ३. वैधानिकताः

यसको सम्बन्ध शासकको शासन गर्न पाउने अधिकारको वैधता वा औचित्यसाग छ । वैधानिकता विनाको शक्ति भनेको नाङ्गो बल हुनजान्छ । वैधानिकताले शक्तिको उचित प्रयोगलाई पनि जनाउाछ । लोकतन्त्रमा आवधिक निर्वाचनले शासकको वैधानिकता स्थापित गर्छ । त्यसैले जब कुनै लोकप्रिय शासकले आफ्नो शहासनाधिकारमा व्यवधान खडा भएको पाउाछ उसले ताजा जनादेश (Fresh Mandate) को माग गर्छ । शासनसाग वैधानिकताको यति अन्योन्याश्रित छ कि परम्परागत समाजमा पनि राजाको मृत्युपछि राजगद्दीमा आरुढ भैसकेको राजाले ठूलो उत्सवका साथ आफ्नो राज्याभिषेक गर्छ । वास्तवमा राज्याभिषेक पनि एक किसिमलेशक्तिको वैधानिकीकरण (Legitimisation of Power) हो । कुनै क्रान्ति वा सैनिक विद्रोहपछि शक्ति कब्जा गर्ने आन्दोलन वा गिरोहले पनि संविधान बनाएर र चुनाव गराएर तथा अन्य आवश्यक उपायहरूको अवलम्बन गरेर आफ्नो शक्तिलाई वैधानिकता दिलाउने प्रयत्न गर्दछ । सैनिक वर्दी फ्याकेर नागरिक पहिरनमा प्रस्तुत हुनु पनि वैधानिकताकै मागहो । वस्तुः वैधानिकीकरणपछि नै शक्तिसत्तामा रूपान्तरित हुन्छ ।

यहाा ध्यान दिनुपर्ने कुरा के छ भने वैधानिकताले के पनि अपेक्षा गर्छ भने शासकले आफ्नो शक्ति उचित ढङ्गले प्रयोग गर्नुपर्छ । शक्ति हातमा छ भन्दैमा त्यसको दुरुपयोग गऱ्यो वा मनपरी ढङ्गले संचालन गऱ्यो भने त्यसले आफ्नो वैधानिकता गुमाउाछ । त्यसैले सुशासनको अपेक्षा नै के हो भने आफूले पाएको शासनाधिकारलाई शासकले उचित ढङ्गले प्रयोग गरोस् । उचित ढङ्गले प्रयोग नगरिएको अख्तियारले आफ्नो वैधता गुमाउाछ । यस्तो वैधानिकता विरुद्ध त विद्रोह गर्नु पनि न्यायोचित मानिन्छ ।

## ४. विधिको शासनः

विधिको शासन भनेको मुलुकमा सबै अर्थात शासनको शीर्ष स्थानमा बसेको व्यक्ति र गल्लीमा हिंडिरहेको अनाम नागरिक पनि एकै कानुनको अधिनमा रहन्छन् भन्ने मान्यता हो । यसले जन्म वा कुलकै आधारमा कसैले विशेषधिकार पाउाछन् भन्ने कुरा स्वीकार गर्दैन । कसैले गरेको कुनै काम तत्काल विद्यमान कानुन अनुसार अपराध हो भने पनि अधिकार प्राप्त न्यायिक निकायले सबै न्यायिक प्रक्रिया पूरा गरी दोषी नठऱ्याए सम्म उ निर्दोष हुन्छ भन्ने मान्यता हो यो । पछि बनेको कानुनले अघिको कुनै कृत्यलाई अपराध किटान गर्न पाइन्न भन्ने यस्ले मान्दछ । हाम्रा अधिकार संविधान वा कानुनले दिएका कारण मात्र हाम्रा अधिकार भएका होइनन् बरु संविधान नै हाम्रो अधिकारको उपज हो र संविधानद्वारा शासित हुनपाउनु हाम्रो नैसर्गिक अधिकार हो ।

बास्तवमा विधिको शासन भनेकै लोकतान्त्रिक शासन हो । अतः कुनै मुलुकमा यदि स्वेच्छाचारी शासन वा हुकुमी शासन छ भने त्यहाा असल शासन किमार्थ हुनसक्दैन । असल शासनले नागरिकसंग समान व्यवहार शासनमा समान पहुाचको माग गर्छ र शासकको मनपरी वा निरङ्कुशतालाई स्वीकार गर्दैन । यस अर्थमा विधिको शासन पनि असल शासनको एक महत्वपूर्ण विशेषता हो ।

## ५. स्वच्छ र विश्वसनीय न्याय प्रणाली ः

सुशासनको अर्को महत्वपूर्ण विशेषता भनेको स्वच्छ र विश्वसनीय न्याय प्रणाली हो । वास्तवमा न्यायको स्वच्छता र निष्पक्षता सभ्य समाजको निशानी हो । समाजमा अनेकौं होची-अर्घेली

हुन्छ । शोषण, अन्याय एवं अत्याचार हुन्छ । समाजमा शक्तिशाली वर्गले सोझासाझा जनतामाथि अनेकौं किसिमका अन्याय गरेका हुन्छन् । यस्तो अवस्थामा न्याय व्यवस्थाले पीडित पक्षको बचावट गरेन अथवा संरक्षण गरेन भने जनताको न्याय प्रणालीप्रति मात्रै होइन सम्पूर्ण शासन प्रणालीप्रति पनि विश्वास उठेर जान्छ । न्यायको महत्व यति ठूलो छ कि विगत इतिहासका कैयौं कालखण्डमा राजा अथवा राज्यहरू न्यायप्रियताका लागि चर्चित भए । हाम्रो मुलुकमा पनि न्याय नपाए गोरखा जानू भन्ने कथन प्रचलित थियो । यो तत्कालीन राजा रामशाहको न्यायप्रियताका कारण भएको थियो ।

कुनै मुलुकमा अदालत-प्रणाली कस्तो छ भन्ने कुराको आफ्नै महत्व छ तर त्योभन्दा पनि महत्वपूर्ण कुरा के हो भने न्याय प्रणाली स्वच्छ र विश्वसनीय छ कि छैन । यदि व्यक्तिले निष्पक्ष न्याय पाउँदैन अथवा न्याय व्यवस्थामा भ्रष्टाचारको बोलबाला छ भने त्यस्तो न्याय प्रणाली सुशासनको बाधक हुन्छ । धेरै पटक एउटै व्यक्तिको लडाइँ स्वयं सरकारसँग पनि हुन्छ । यस्तो बेला यदि न्यायपालिका सरकारको दबाब वा प्रभावमा पर्नगयो भने व्यक्तिले न्याय पाउने कुरा सम्भव हुँदैन । विधिको शासन, मानव अधिकारप्रति सम्मान र कानुन तोड्नेले सजाय पाउने सुस्पष्ट व्यवस्था हुनसक्यो भने न्याय प्रणाली विश्वसनीय बन्छ । यसले अरू कुराका अतिरिक्त लगानीको ढोका पनि खोल्छ । विकासशील मुलुकहरूमा प्रायः के देखिन्छ भने न्याय प्रणालीमा शासक एवं समाजका सम्पन्न वर्गको प्रभाव हुन्छ । त्यस्तो भयो भने न्याय प्रणाली स्वच्छ, निर्भिक र विश्वसनीय हुन सक्दैन । तर जब हामी असल शासनको कुरा गर्छौं त्यसलाई जाँच्ने एक महत्वपूर्ण मापदण्ड भनेकै त्यहाँको न्याय प्रणाली हो ।

यो जवाफदेहिता राजनीतिक नेतृत्वमा मात्र होइन, नोकरशाहीमा पनि हुनुपर्छ । राजनीतिक कार्यपालिकाको ठिकमुनि बसेर सरकारको प्रशासनिक जिम्मेवारी वहन गर्ने कर्मचारीहरूको राष्ट्रिय तानावाना नै नोकरशाही हो । प्राविधिक विशेषज्ञता, पेशागत दक्षता, योग्यता, तटस्थता, अनुभव र जीवनपर्यन्तको पेशा नोकरशाहीका विशेषता हुन् । जनतासँगै सोझै राजनीतिक जवाफदेही हुनु नपर्ने तर सरकारका नीति निर्माणदेखि कार्यान्वयनको तहसम्म अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्ने हुँदा नोकरशाही शासन व्यवस्थाको मेरुदण्ड मानिन्छ ।

कुनै मुलुकको शासनको प्रभावकारिता त्यहाँ क्रियाशील नोकरशाहीको दक्षता र कार्य कुशलतामा निर्भर गर्छ । राजनीतिक नेताहरू स-सानो अवधिका लागि कुर्सीमा आउँछन् जान्छन् तर प्रशासकहरू लामो समयसम्म निरन्तर रूपमा प्रशासकीय जिम्मेवारी वहन गरिरहेका हुन्छन् । योग्य नोकरशाहहरूको परामर्श र सेवा पाएको अवस्थामा शासकहरू पनि योग्य र प्रभावशाली बन्न सक्छन् ।

जुन मुलुकमा राजनीतिक नेतृत्वले नोकरशाहीलाई आफ्नो स्वार्थ पूरा गर्ने कठपुतली बनाउँछ र आफ्नो निहित स्वार्थका लागि त्यसलाई दुरुपयोग गर्छ त्यहाँ असल शासनको कल्पना



गर्न सकिँदैन । नोकरशाहीका माथिल्लो सोपानमा कर्मचारीहरू आफ्नो योग्यता, दक्षता र कौशलको बलबुतामा पुगेका हुन्छन् । तर यदि राजनीतिक हस्तक्षेप भयो र शासकहरूले तटस्थ हुनुपर्ने नोकरशाहीलाई समर्पित नोकरशाहीमा बदलन थाले भने दुर्भाग्यपूर्ण स्थिति आइलाग्छ । यदि नोकरशाही भ्रष्ट र गैरजिम्मेवार भयो भने त्यसले शासन व्यवस्थालाई नै धराशायी बनाउँछ । वस्तुतः कर्मचारीहरू भनेका जनताका सेवक हुन् त्यसैले तिनलाई राष्ट्रसेवक भनिन्छ । तर जुन व्यवस्थामा कर्मचारीहरू पथभ्रष्ट हुन्छन् तिनले आफूलाई जनताको मालिक ठान्दछन् । तर असल शासनको माग नै के हो भने कर्मचारीतन्त्रमा जनताप्रति जवाफदेहीताको भावना हुनुपर्छ ।

## ६. सार्वजनिक क्षेत्रको प्रभावकारी र कुशल व्यवस्थापन :

अधिकांश विकासशील मुलुकहरूको सबैभन्दा ठूलो कमजोरी भनेको नै सार्वजनिक क्षेत्रको अप्रभावकारी र अकुशल सञ्चालन हो । नियम छ तर कार्यान्वयन हुँदैन, योजना छ तर लागु हुँदैन, सरकार छ तर शान्ति सुरक्षाको प्रत्याभूति हुँदैन । यस्तै राज्यलाई कतिपय पश्चिमी विद्वान् नरम राज्य भन्दछन् । लोकतन्त्रको तेस्रो लहरपछि पनि जुन प्रतिलहर वा प्रतिगमनको खतरा देखिन्छ त्यसको सबैभन्दा प्रमुख कारण भनेकै सरकारहरूको अकुशलता र नालायकी हो । राजनीतिक परिवर्तनपछि जनतामा आएको आकांक्षाको उर्लँदो लहर निराशाको विपरित लहरमा रूपान्तरित हुनुको पछाडि पनि यही कारक जिम्मेवार छ । यसै तथ्यतर्फ इंगित गर्दै एकपल्ट जवाहरलाल नेहरूले भनेका थिए हामी असल योजनाकार त हौं तर अत्यन्त खराब कार्यान्वयनकर्ता पनि हौं ।

विकासशील मुलुकका जनता शासनबाट वस्तु र सेवा चाहन्छन्, अवसरहरूको उचित वितरण चाहन्छन् र विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन चाहन्छन् । यो काम सार्वजनिक क्षेत्रको प्रभावकारी र कुशल व्यवस्थापनका माध्यकबाट हुनसक्छ । बस्तुतःयसो भएको खण्डमा त्यसले असल शासनको प्रत्याभूति गर्छ ।

५

# नागरिक शिक्षा
## (Civic Education)

मानिस राज्यको सदस्य हो । यस नाताले उस्ले राज्यका विभिन्न क्रियाकलापमा भाग लिनु पर्छ । यसैलाई मानिसको नागरिक धर्म वा कर्तव्य भन्छन् । तर त्यसरी सहभागी हुँदा उ आफ्नो भूमिकाका विषयमा जानकार हुन जरुरी हुन्छ , किन कि नजानी वा नबुझी केही गर्नु भनेको अँध्यारोमा ढुङ्गा हाने सरह हुन्छ । सहभागिता फगत सहभागिताका लागि हुनु भनेको बेकारको कुरा हो । राज्यले नागरिकको त्यस्तो सहभागिता बुझेर, गुण-दोष केलाएर र आफ्ना अधिकार र उत्तरदायित्व स्वीकार गरेर हुनसक्नु पर्छ भन्ने अपेक्षा गरेको हुन्छ । हो यही विन्दुमा नागरिक शिक्षाको आवश्यकता र महत्व देखिन्छ ।

नागरिक शिक्षा भनेको शिक्षाको एक महत्वपूर्ण पक्ष हो जस्ले नागरिकमा आवश्यक ज्ञान र कौशलका आधारमा सार्वजनिक जीवनमा उत्रेर आफ्नो अधिकार र जिम्मेवारी बहन गर्ने सामर्थ्य प्रदान गर्छ । लोकतन्त्रले नागरिकलाई सम्प्रभु मान्दछ र राज्य सञ्चालनका महत्वपूर्ण क्षेत्रमा सक्रिय सहभागिताको माँग गर्छ । मताधिकार प्रयोग गर्दा होस् वा सार्वजनिक पद ग्रहण गर्दा वा सरकारका नीतिहरूको पक्षपोषण गर्दा होस् वा विरोध गर्दा सवै अवस्थामा नागरिक जानकार भएर सामेल भयो भने मात्र लोकतन्त्र सफल हुन सक्छ । त्यसैले लोकतन्त्रमा त झन नागरिक शिक्षाको ठूलो महत्व हुन्छ । लोकतन्त्रमा नागरिक शिक्षा भनेको स्वशासनको शिक्षा हो । र लोकतान्त्रिक स्वशासन भनेको जनता आदेशपालक मात्र भएर बस्नु होइन आफै आफ्नो शासनमा सक्रिय सहभागी हुनु हो । लोकतन्त्रले सवै कुरा जन्म वा कुलका आधारमा सवैकुरा एकलौटी गर्ने मान्यतालाई स्वीकादैन । यलमा हिस्सेदारीको ठूलो महत्व हुन्छ । यस्ले शक्तिमा हिस्सेदारी, साधन-स्रोतमा हिस्सेदारी र उत्तरदायित्व बहनमा हिस्सेदारीको वकालत गर्छ ।

एउटा लोकतान्त्रिक समाजमामा नागरिक शिक्षाा भनेको नागरिकलाई लोकतन्त्रका आदर्शहरू बुझाउने, तिनको प्रवर्द्धन गर्ने र लोकतन्त्रका मूल्य,मान्यता र आदर्शहरू पनि तिनमा विवेकपूर्ण प्रतिवद्धता जाग्रत गराउने हो। नागरिक शिक्षा प्रभावकारी हुन त्यो मुलुकको वस्तुस्थिति, त्यसले अपनाएको राजनीतिक व्यवस्थासंग मेलखाने र यथार्थपरक हुन जरुरी छ। यसले मुलुकमा संचालित राजनीतिक प्रणाली र राजनीतिक जीवनका केन्द्रीय सत्यलाई सम्बोधन गर्नै पर्छ। जस्तो कि आज हाम्रो मुलुकको नागरिक शिक्षामा यहाँ अपनाइएको लोकतन्त्र, गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशिता जस्ता अवधारणाहरूले बोकेका र तिनले अपेक्षा गरेका नागरिक भूमिकाहरूबारे ज्ञान दिने विषय समावेश हुनै पर्छ। अनि मात्र नागरिक शिक्षाले सार्थक परिणाम दिन सक्छ।

आफ्ना आकांक्षा पूरा भएन वा हुँदैन भन्ने नाममा यदि नागरिक आफ्नो भूमिकाप्रति बेखबर, बेसरोकार र मतलब नराख्ने भयो र राजनीतिमा आफुले खेल्नु पर्ने भूमिकाबाट पलायन भयो भने त्यो लोकतन्त्रकै लागि हानिकारक हुन्छ। बास्तवमा नागरिकको निरन्तरको जागरुकतामा नै लोकतन्त्रको भविष्य टिकेको हुन्छ। अतः नागरिक शिक्षामा के कुरा समावेश हुन जरुरी हुन्छ भने राजनीति भनेको सम्भावनाको खेल हो। यस्मा सधैं एउटैले जित्तैन, यस भित्र सवैका लागि खुला अवसर हुन्छ। लोकतन्त्रिक समाजमा परिवर्तनको सम्भावना सदा विद्यमान रहन्छ। तर परिवर्तका लागि नागरिकमा ज्ञान, कौशल र इच्छा शक्ति हुनु नितान्त आवश्यक हुन्छ। किन कि यसैले परिवर्तनलाई सम्भव बनाउँछ। त्यसले त्यो नै असल नागरिक शिक्षा हो जस्ले नागरिकमा ज्ञान, कौशल र इच्छा शक्ति जगाउँछ।

नैतिक शिक्षाः नैतिक शिक्षालाई नागरिक शिक्षाको आधार पनि भन्छन्। यस्ले बालबालिकालाई असलका बारे जान्ने, असलको आकांक्षा राख्ने र असल गर्ने कुरामा मद्दत गर्छ र असल नागरिक निर्माणमा सहयोग गर्छ। बास्तबमा यसले काँचो माटोजस्तो बाल मन-मस्तिष्कमा असल बानी, राम्रो चरित्र, अग्रजप्रति सम्मान, आत्म नियन्त्रण, दायित्वबोध र आफ्ना अधिकार र कर्तव्यप्रति सजगताको भाव भर्न मद्दत गर्छ। पाट्यक्रमा धार्मिक शिक्षा, सहिदहरूको बलिदानपूर्ण जीवन र महान व्यक्तित्वका जीवनी तथा आदर्श इतयादि समावेश गरेर यस्तो शिक्षा प्रदान गरिन्छ।

आजकाल नैतिक शिक्षा भन्दा धर्म विशेषको गन्ध आउँछ र त्यसले बहुसांस्कृतिक समाजमा कुन धर्म भन्ने प्रश्न उठाएर विबाद पनि सृजना गर्न सक्छ। अतः नैतिक शिक्षामा धार्मिक पक्षधरता देखिन्छ भनेर त्यसको स्थानमा चारित्रिक शिक्षाको कुरा गरिन्छ। चारित्रिक शिक्षाले मानिसलाई नैतिकवान, नागरिकभाव युक्त, असल आनीबानी, अर्कालाई नहोच्याउने, स्वस्थ्य, आालोचनात्मक, सफल, परम्पराप्रेमी र समाजले रुचाउने व्यक्तित्व निर्माण गर्न सघाउँछ। चारित्रिक शिक्षाका आधारभूत मूल्य भनेका इमान्दारिता, दयालुता, उदारता, साहस, स्वतन्त्रता, न्यायप्रियता, समानता, र आदरभाव नै हुन्। समाजमा व्यक्तिले यस्तो शिक्षा मुख्यतः परिवार, पाठशाला, साथीसंगी र कार्यथलोबाट प्राप्त गर्छ। एक वाक्यमा भन्नु पर्दा नैतिक वा चारित्रिक शिक्षाले असल नागरिकको निर्माणमा महत्वपूर्ण भूमिका खेल्छ।



# ६

# निर्वाचन र मताधिकार

## (Election and Franchaise)

**क.अबधारणा** (Concept):

निर्वाचन भनेको कुनै पनि राज्यमा त्यहााका मतदाताले सार्वजनिक राजनीतिक पद प्राप्त गर्ने विषयमा गर्ने औपचारिक निर्णय हो। यो त्यो संयन्त्र हो जसका माध्यमबाट सत्रौं शताब्दि देखि नै प्रतिनिधिमूलक शासन ब्यवस्था चल्न थालेको छ। यसका माध्यमबाट राजनीतिक प्रणाली हेरी कार्यपालिका, विधायिका र कहिं कहिं न्यायपालिकाका पदहरू समेत पूर्ति गरिन्छन्। यसैका माध्यमबाट प्रादेशिक र स्थानीय सरकारहरू पनि निर्माण हुन्छन्।

निर्वाचनले मतदातालाई संरक्षणको साधन दिन्छ र आफ्ना महत्वपूर्ण हितहरूमा खतरा उत्पन्न भएको अवस्थामा राजनीतिमा हस्तक्षेपको विधि प्रदान गर्छ। निर्वाचन भनेको जनताको प्रतिनिधिहरू छान्ने लोकतान्त्रिक विधि हो।तर निर्वाचन लोकतन्त्र भएका मुलुक बाहेकमा पनि हुन्छ। त्यति मात्र होइन पश्चिमी मुलुकहरूमा पनि जहाा आज लोकतन्त्र दिगो गरि स्थापित छ त्यहाा पनि लोकतन्त्र र बालिग सर्व मताधिकारको अभ्यास प्रारम्भ हुनु अगावै देखि निर्वाचनको पद्धति प्रारम्भ भैसकेको थियो। निर्वाचन भनेको प्रतिनिधिमूलक निकाय गठन गर्ने र/वा सत्ता हस्तान्तरण गर्ने एक प्रविधि हो।

बास्तवमा निर्वाचन भनेको उत्तराधिकार, पदेन तथा ठाडो नियुक्ति जस्ता प्रतिनिधित्वका पुराना परिपाटीलाई विस्थापित गर्ने एक विधि हो। निसन्देह, लोकतन्त्रका लागि निर्वाचन जीवनदायी नली नै हो। तर के कुरा पनि सत्य हो भने लोकतान्त्रिक संरचना नभएका वा पश्चिमी लोकतन्त्र भन्दा भिन्न प्रकारको राजनीतिक संरचना वा प्रणालीको अभ्यास गर्ने मुलुकहरूले

पनि निर्वाचनमा विश्वास गर्छन् । उदाहरणका लागि चीनमा र इरानमा पनि निर्वाचन हुन्छ र ती मुलुकमा पनि सत्ताको शान्तिपूर्ण हस्तान्तरण हुन्छ ।

लोकतन्त्रमा जब हामी निर्वाचन र जनताको मताधिकारको कुरा गर्छौं त्यस्ले कमसे कम निम्नलिखित तत्व हुन जरुरी हुन्छ । ती हुन्- प्रतिस्पर्धात्मकता- एउटै उम्मेदवार हुने निर्वाचनको केही अर्थ हुादैन । यो त एक्लै दगुरेर प्रथम हुने जस्तो हुन्छ । अतः निर्वाचन भन्ने वित्तिकै दुइ वा त्यस भन्दा बढी उम्मेदवारका माझ प्रतिस्पर्द्धा हुनै पर्छ । प्रतिस्पर्द्धा बिनाको निर्वाचनको केही मतलब हुादैन ।

छनौटको स्वतन्त्रता- निर्वाचनमा मतदातालाई विभिन्न उम्मेदवार, राजनीतिक पार्टी, विचारधारा र राजनीतिक कार्यक्रम मध्ये कुनै एउटा रोज्ने स्वतन्त्रता हुनु पर्छ । रोज्ने विकल्प हुादैनन् र तिनलाई प्रयोग गर्ने मार्गमा पनि अनेक बन्देज लगाइएका छन् भने त्यस्तो निर्वाचन अप्रतिस्पर्धी वा अर्धप्रतिस्पर्धी हुनसक्छ प्रतिस्पर्धी वा लोकतान्त्रिक हुनसक्दैन ।

आवधिकताः निर्वाचन जहाा र जहिले पनि आवधिक हुन्छ । त्यसको कारण के हो भने जनताले निर्वाचनका माध्यमबाट आफ्नो सार्वभौमसत्ता आफ्ना प्रतिनिधिलाई प्रयोग गर्न दिन्छन् । एकपटक निर्वाचन भएपछि सधैंकालागि पुग्ने भए निर्वाचनको केही अर्थ हुादैन । निर्वाचनका माधयमबाट जनताले राजनीतिक दल वा आफ्ना प्रतिनिधिलाई निश्चित अवधिका लागि शासन गर्ने अधिकार वा जनदेश दिएका हुन्छन् । अतः जनताले निश्चित अन्तरालमा आफ्नो मताधिकारद्वारा शासकलाई जनादेश नवीकरण गर्ने वा नयाा शासकलाई जनादेश दिन पाउाछन् । निर्वाचन नै जनताका हातमा रहेको त्यो अचुक अस्त्र हो जस्को प्रयोग गरेर तिनले सत्ताको शिखरमा भएकोलाई सडकमा र सडकमा भएकालाई सत्ताको शिखरमा पुऱ्याइदिन सक्छन् ।

## बालिग मताधिकारः

शाब्दिक अर्थमा मताधिकार भनेको व्यक्तिको निर्वाचनमा भोट हाल्ने अधिकार हो । प्रत्यक्ष लोकतन्त्रको अभ्यास गर्न सकुन्जेल मताधिकारको आवश्यकता नै पर्दैन । तर आधुनिक युगमा जनमत संग्रह, प्रस्तावाधिकार र प्रत्याह्वान जस्ता केही पद्धति बाहेक लोकतन्त्रको प्रत्यक्ष अभ्यास सम्भब छैन । राज्यहरूको बृहद् आकार,जनसंख्याको बृद्धि, र नागरिकताको उदार व्याख्याका कारण प्रत्यक्ष लोकतन्त्र सम्भब हुने कुरा भएन । अतः आजको युगलाई प्रतिनिधिमूलक लोकतन्त्रको युग भनिन्छ । निर्वाचर्न त्यस्तो लोकतान्त्रिक विधि हो जस्का मार्फत जनताले तिनका इच्छालाई कार्यान्वयन गर्न प्रतिनिधि रोज्छन् र सार्वजनिक हित प्राप्तगर्ने संस्थागत बन्दोवस्त गर्छन् ।

नागरिकले निर्वाचनमा मत खसाल्न पाउनु उसको मताधिकार हो । आधुनिक युगमा मताधिकार



भन्ने वित्तिकै बालिग मताधिकार भन्ने बुझिन्छ ।तर यो ठाउँसम्म आइपुग्नु भन्दा अघि संसारमा अन्य धेरै सिद्धान्त प्रचलनमा थिए ।

विद्वान्हरूको ठूलो समूह मताधिकारलाई व्यक्तिको जन्मसिद्ध अधिकार मान्दछ । राज्यमा प्रत्येक वयस्क नागरिकलाई जाति, धर्म, वंश, लिङ्ग इत्यादिको भेदभावबिना मताधिकार प्रदान गर्नँलाई नै बालिग मताधिकार भन्दछन् । कहीं २१ वर्ष उमेर पुगेकालाई बालिग मान्दछन् र कहीं १८ वर्ष उमेर पुगेकालाई । यो सिद्धान्तले अल्पवयस्क, मगज बिग्रेको व्यक्ति, कठोर अपराधी, दिवालिया इत्यादि बाहेक सबै नागरिकलाई भोट हाल्ने अधिकार प्रदान गर्ने कुरामा विश्वास गर्दछ । यो सिद्धान्त समानतामा आधारित हुन्छ । यसले सबैलाई समान राजनीतिक अधिकार हुनुपर्छ भन्ने विश्वास गर्दछ । यो प्राकृतिक अधिकारको सिद्धान्त, मानव समानता र जनसम्प्रभुता को मान्यतामा आधारित हुन्छ ।

## यस्को विकास

वर्तमान युगमा बालिग मताधिकारलाई स्वतः छादैछ (taken for granted) भन्ने ठानिन्छ र यसलाई राजनीतिक परिपक्वताको निशानी मानिन्छ । तर मानवजाति यस अवस्थामा आइपुग्न विभिन्न अवरोधहरू पार गरेर मात्र सफल भएको हो । मताधिकारको सिद्धान्त विकास गर्नमा युरोपेली देशहरू तथा विद्वान्हरूको महत्त्वपूर्ण भूमिका छ । बालिग मताधिकार प्रचलनमा आउनुअघि प्रमुख रूपले सम्पत्तिसम्बन्धी बन्देज लगाइएको थियो र नारीहरूलाई मताधिकारबाट वञ्चित राखिएको थियो । कसै कसैले मताधिकारलाई शिक्षासंग पनि जोडे ।सीमित मताधिकारका पक्षपातीहरू पनि सबैलाई मताधिकार दिने कुराका विरोधी थिए ।

तेस्रो विश्वका मुलुकमा कहिले सेनाले सत्ता कब्जा गरेको बेला वा नयाा राजनीतिक प्रयोगका बेला बालिग मताधिकारलाई पन्छाए पनि संसारमा सर्वत्र प्रचलित मताधिकार यही बालिग सर्वमताधिकार हो । नेपालमा २०१५ सालमा सर्वप्रथम बालिग मताधिकार प्रयोग गरिएको थियो ।

## बालिग मताधिकारको पक्षमा तर्क

निम्नलिखित आधारमा बालिग मताधिकारको वकालत गरिन्छ-

### १. समानताको अधिकार-

बालिग मताधिकारले राजनीतिक समानताको स्थापना गर्दछ । शासनयन्त्रको सञ्चालक छान्ने काममा सबैले समान अवसर पाउनु यस सिद्धान्तको विशेष खुबी हो ।

## २. स्वअधिकारको रक्षा-

जुन कुराले सबैलाई प्रभावित गर्छ, त्यो सबैको निर्णयबाट हुनुपर्छ (What touches all should be decided by all.) भन्ने धारणा छ । यो कुरा प्रत्येक व्यक्तिको अधिकारको रक्षाका लागि आवश्यक छ । शासन सञ्चालन त्यो कार्य हो जसले राज्यमा बसोबास गर्ने सबैलाई असर पार्दछ । त्यसकारण शासनका सञ्चालकहरूको छनौटमा सबैको सहभागिता अत्यावश्यक हुन्छ । बालिग मताधिकारले त्यो खाचोको पूर्ति गर्छ ।

## ३. जनस्वाभिमानलाई कदर-

बालिग मताधिकारले जनतामा स्वाभिमानको भावना उत्पन्न गराउछ । जनतालाई देश बनाउने वा बिगार्ने कुरा हाम्रै हातमा छ भन्ने पर्छ, जसले गर्दा उनीहरू प्रशासनकार्यमा बढी सक्रिय हुन्छन् ।

## ४. राजनीतिक प्रशिक्षण-

मताधिकार जनतालाई राजनीतिक शिक्षा दिने एक प्रमुख माध्यम हो । भोट माग्न जनताको घरदैलोमा पुग्ने राजनीतिक नेता र कार्यकर्ताहरूले जनतालाई विभिन्न राष्ट्रिय समस्याहरूको बोध गराउाछन् । यो अनुभवले जनतालाई राजनीतिक चेतना र प्रशिक्षण प्रदान गर्दछ ।

## ५. देशप्रेमको भावनामा वृद्धि-

बालिग मताधिकारले बिना भेदभाव सम्पूर्ण बालिग नागरिकलाई राज्य-व्यवस्थामा सामेल गराउाछ । यसबाट जनतामा हामी राज्यका आवश्यक अङ्ग हौं भन्ने भावना जागृत हुन्छ । जनताको व्यापक संलग्नताले उनीहरूमा देशप्रेमको भावनाको अभिवृद्धि गराउाछ ।

## ६. जनसम्प्रभुताको पुष्टि-

लोकतन्त्रमा अन्तिम रूपमा सम्प्रभुता जनतामा निहित छ भन्ने मानिन्छ । बालिग मताधिकारले जनतामा रहेको त्यही जनसम्प्रभुताको पुष्टि गर्दछ ।

## ७. जनताको विशेष हितको संरक्षण-

सबै वर्गका जनताले भोट दिने अधिकार पाउादा उनीहरू आफ्नो-आफ्नो विशिष्ट स्वार्थको रक्षा गर्न सक्षम हुन्छन् । बालिग मताधिकारको माध्यमबाट जनताले आफ्नो साम्प्रदायिक हितको रक्षा गर्छन् । यसैको प्रयोगबाट महिला, अल्पसंख्यक, शहरी, ग्रामीण सबै जनताले आफ्नो हितको संरक्षण गर्नसक्छन् ।



## स्वतन्त्र, निष्पक्ष र धाधलीरहित निर्वाचनः

लोकतन्त्रको सफलता जनताले आफ्नो मताधिकार स्वतन्त्र, निषक्ष र धाँधलीरहित निर्वाचनमा निर्भर गर्छ । किन कि मतदान भनेको जनताले आफ्नो सार्वभौमसत्ताको प्रयोग गर्ने साधन हो । र जनताले भयरहित वातावरणमा सही प्रतिनिधिका रुपमा छान्न पाए भने मात्र निर्वाचन सार्थक बन्न सक्छ ।कुनै पनि मुलुकमा निर्वाचनले राजनीतिक दलहरूको भाग्य र भविष्यको फैसल ागर्ने र सत्तामा भएकालाई सडकमा ल्याउने र सडकमा भएकालाई सत्तामा पुऱ्याउने सम्मको उलटफेर गर्ने हुँदा त्यसलाई आफ्ना स्वार्थका लागि बिटुल्याउने प्रयत्न पनि हुन्छ । त्यसैले लोकतन्त्रको सफलताका लागि निर्वाचन हुनु मात्र पर्याप्त हुँदैन त्यसले जनताको सही अभिमत पनि जाहेर गर्नसक्नु पर्छ । बास्तवमा जनताले सही सूचना, उचित विकल्प र निष्पक्ष र धाँधलीरहित वातावरणमा आफ्नो मताधिकारको प्रयोग गर्न पाए भने मात्र निर्वाचनले सार्थकता पाउनसक्छ । त्यसैले हिजो आज स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचन हुनका लागि निम्नानुसारको अवस्था विद्यमान हुनु पर्छ भनिन्छ-

१. निर्वाचन सम्बन्धी स्पष्ट कानुन र जनमतको सही प्रतिनिधित्व हुने किसिमको निर्वाचन पद्धति
२. निर्वाचन क्षेत्रको उचित सिमाङ्कन
३. निर्वाचनको समुचित ढंगले व्यवस्थापन
४. सबैका लागि बिना अवरोध मताधिकार
५. मतदाता नामावलीमा बिना अवरोध नाम दर्ताको प्रत्याभूति
६. मतदाता शिक्षा र मतदान सम्बन्धी सही जानकारी
७. राजनीतिक दल र तिनका उम्मेदवारहरूका लागि समान अवसर र तिनको निर्वाचन खर्चको निगरानी
८. जनताको आधारभूत मानव अधिकारको संरक्षण र सम्मान हुने ढंगबाट निर्वाचन अभियान र सार्वजनिक सभाको सञ्चालन
९. सबै उम्मेदवारका विचार र निर्वाचन अभियानको मिडियामा पहुँच र तिनका खवरलाई उचित स्थान
१०. मतदान, मतदानको गोप्यताको संरक्षण र मतगणना सम्मका सबै प्रक्रियाको स्वतन्त्र निष्पक्ष पर्यवेक्षण
११. निर्वाचन सम्बन्धी विवाद र उजुरीको निष्पक्ष निप्टारा

निर्वाचन सम्बन्धी समस्त कार्य सञ्चालनका लागि स्वतन्त्र ढंगले कार्य गर्ने निर्वाचन आयोगको व्यवस्थागर्ने अभ्यास सवैजसो लोकतान्त्रिक मुलुकमा पाइन्छ । सत्ताको दुरुपयोगबाट मात्र होइन मनी, मस्सल र मिडियाका बलमा परिणामलाई बलजफ्ती कुनै राजनीतिक दलले आफ्नो पक्ष नपारोस् भन्ने विषयमा विशेष ध्यान पुऱ्याइन्छ ।

# ७

# स्थानीय सरकार

## (Local Government)

राज्यलाई राजनीतिक वा प्राशासनिक दृष्टिले दुइ वा तीन तहमा बाँड्ने अभ्यास विश्वव्यापी छ। ती हुन्-केन्द्र, प्रदेश, जिल्ला वा स्थानीय तह। तिनको नाम राज्यहरूले आफ्नो विगत अभ्यास, परम्परा वा आवश्यकता अनुसार अलग अलग राखेका हुन्छन्। जिल्ला वा त्यस भन्दा मुनिका यस्ता एकाइलाई स्थानीय सरकार भन्ने चलन छ। यसले आफ्नो क्षेत्राधिकार भित्र सार्वजनिक नीतिको निर्माण र कार्यान्वयनको अख्तियार प्रयोग गर्छ। स्थानीय सरकारको आवश्यकता र औचित्यलाई विभिन्न ढंगले पुष्टि गरिन्छ। जस्तो कि राज्य एकात्मक हुन् वा संघात्मक राष्ट्रिय स्तरमा बनेका नीति तथा कार्यक्रमले मात्र स्थानीय तहका समस्या र आवश्यकताको सम्वोधन गर्न सक्दैनन्। फेरि मुलुकका विभिन्न भागका समस्या र आवश्यकता पनि भिन्न हुन्छन् र तिनलाई सम्वोधन गर्ने युक्ति पनि भिन्न हुनसक्छन्। त्यसैले केन्द्रको कार्यबोझ कम गर्न, खर्च किफायत गर्न, गाउँ तथा सहरका स्थानीय समस्याहरूको तिनको विशेषता अनुसार सम्वोधन गर्न, जनतालाई लोकतन्त्रको अभ्यास गराउन, तिनमा ब्यावहारिक राजनीतिको ज्ञान गराउन र स्थानीय नेतृत्वको विकास गर्न स्थानीय स्वशासनका एकाइहरूको विकास भएको देखिन्छ। सर्वसाधारण जनता कि गाउँमा हुन्छन् कि नगरमा। तिनलाई राज्यको सेवा तिनको बसोवास र कामको थलो मै चाहिन्छ। यो कुरा नेपाल जस्तो विकासशील मुलुकको हकमा मात्र होइन युरोप र अमेरिका जस्ता विकसित मुलुकको हकमा पनि उत्तिकै सान्दर्भिक देखिन्छ। त्यसैले त्यतातिर पनि गल्ली तहको प्रशासन को खुबै चर्चा हुन्छ। बास्तवमा जनताका स्थानीय स्तरका आवश्यकताहरू पूरा गर्न, उनीहरूलाई वस्तु र सेवा उपलब्ध गराउन र उनीहरूको संगठित शक्तिलाई राष्ट्र निर्माणमा लगाउन पनि स्थानीय सरकार आवश्यक हुन्छन्। अझ राज्य संघात्मक हो भने त त्यसमा स्थानीय सरकारहरू अनिवार्य जस्तै हुन्छन्।

**स्थानीय सरकारका बारेमा चर्चा गर्दा निम्नलिखित पक्षहरू महत्वपूर्ण हुन्छन्** :-

पहिलो कुरा, कुनै राज्यमा स्थानीय सरकारलाई कुन हदसम्म स्वशासन प्राप्त छ ? भन्नुको मतलब स्थानीय सरकारको गठनमा स्थानीय जनताको भूमिका हुन्छ हुँदैन?, जनताले आफ्ना प्रतिनिधि मार्फत स्थानीय सरकारको सञ्चालन गर्ने अवसर पाउँछन् कि पाउँदैनन ?, सार्वजनिक पदाधिकारी सम्म जनताको पहुँच हुन्छ कि हुँदैन?

दोस्रो कुरा, स्थानीय सरकारले कुन हदसम्म स्वयत्तता प्राप्त गरेको छ त्यो पनि महत्वपूर्ण हुन्छ । साथ साथै त्यससंग तजबीजी अधिकार छ छ छैन भन्ने कुराले पनि त्यसको प्रभावकारिता थाहा हुन्छ ।

तेस्रो कुरा, कुनै राज्यको स्थानीय सरकारको स्थानीय जनताका माझ कुन स्थान छ भन्ने विषय महत्वपूर्ण हुन्छ । यदि स्थानीय सरकारको नीति वा निर्णयले स्थानीय जनताको जीवनमा उल्लेखनीय प्रभाव पार्छ भने त्यो सबल स्थानीय सरकार कहलाउँछ । तर अर्को तिर त्यसका नीति वा क्रियाकलापले जनताको जीवनमा कुनै खास प्रभाव पार्दैन भने त्यसको आवश्यकता र उपादेयता पनि त्यति रहँदैन ।

चौथो कुरा, स्थानीय सरकार साधन स्रोतका दृष्टिले सम्पन्न छ कि छैन भन्ने विषय पनि महत्वपूर्ण हुन्छ । यति कुनै स्थानीय सरकार साधन स्रोतका दृष्टिले विपन्न छ भने त्यसले प्राप्त स्वायत्तता वा स्वशासनको पनि समुचित प्रयोग गर्न सक्दैन ।

## नेपालको अनुभव :

हुन त पञ्चायती शासनलाई तृणमूल प्रजातन्त्र (grassroot democracy) भनेर खुबै ढ्याङ्ग्रो ठोकियो तर मुलुकको राष्ट्रिय राजनीतिमै लोकतन्त्र र बहुदलीय प्रतिस्पर्धालाई निषेध गरेका कारण स्थानीय पञ्चायतहरू क्रमशः निष्प्राण संरचनामा परिणित भए । फेरि तीस वर्षको पञ्चायती अभ्यास स्थानीय निकायहरूलाई अधिकार दिने र खोस्ने छुद्र खेलभन्दा बढी केही हुन सकेन । संविधान मै अलग संरचनागत व्यवस्था नगरिएको भए पनि स्थानीय स्वशासनको सार्थक अभ्यासको प्रारम्भ २०४६को जनआन्दोलन पछि मात्र भयो । स्थानीय तहमा समेत बहुदलीय प्रतिस्पर्धालाई संस्थागत गरिए पछि वि.सं. २०४९ र २०५४ मा सम्पन्न स्थानीय निकायहरूको निर्वाचनले तिनलाई स्पष्ट रूपमा विकासका स्थानीय वाहक बन्ने मौका दियो । प्रारम्भमा कानुनी हिसाबले गाउँ विकास समिति (गाविस), नगरपालिका र जिल्ला विकास समिति (जिविस) को छुट्टा छुट्टै ऐन भए पनि अन्ततः सरकारले २०५५ सालमा स्थानीय स्वायत्त शासन ऐन जारी गऱ्यो । यस ऐनले स्थानीय स्वायत्त शासनको उद्देश्य, सिद्धान्त र नीतिहरूको स्पष्ट रूपमा किटान गऱ्यो । यस ऐनमा स्थानीय निकायहरूका संरचनागत र



कार्यगत स्वरूप मात्र होइन तिनलाई स्वायत्तता प्रदान गर्ने प्रावधानहरू समेत उदारतापूर्वक राखिए । तर लामो समय सम्म निर्वाचन नभए पछि स्थानीय निकायहरू जनप्रतिनिधिविहीन भए र तिनबाट अपेक्षाकृत उपलब्धि प्राप्त हुन सकेन ।

## नयाँ संबिधानमा त्यसको व्यवस्था:

वर्तमान संबिधानले तीन तहको राज्य संरचना हुने संघीय शासन अपनाएको छ । संबिधानको धारा ५६ मा नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भनिएको छ । नेपालको राज्यशक्तिको प्रयोग यिनै संरचनाद्वारा गरिने प्रावधान छ । यो संबिधानले स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभाको परिकल्पना गरेको छ । संबिधानले नै स्थानीय तहको व्यवस्था गरेकाले राज्य शक्तिको बाँडफाँड गर्दा स्थानीय तहका अधिकारहरूको पनि स्पष्ट किटान गरिएको छ । स्थानीय तहको अधिकार संबिधानको अनुसूची ८ मा उल्लेख गरिएको छ । आफ्नो सीमाक्षेत्र भित्र स्थानीय सरकारलाई निम्नलिखित अधिकार प्राप्त छन्-

१. नगर प्रहरी

२. सहकारी संस्था

३. एफ. एम. सञ्चालन

४. स्थानीय कर संकलन

५. स्थानीय सेवाको व्यवस्थापन

६. स्थानीय तथ्यांक र अभिलेख संकलन

७. स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू

८. आधारभूत र माध्यमिक शिक्षा

९. आधारभूत स्वास्थ्य र सरसफाइ

१०. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता

११. स्थानीय सडक, ग्रामीण सडक,कृषि सडक , संचाइ

१२. गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत,मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

१३. स्थानीय अभिलेख व्यवस्थापन

१४. घर जग्गा धनी पूर्जा वितरण

१५. कृषि तथा पशुपालन,कृषि उत्पादन, व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

१६. ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन

१७. बेरोजगारको सथ्यांक संकलन

१८. कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण

१९. खानेपानी, साना जलविद्युत आयोजना, बैकल्पिक उर्जा

२०. बिपद व्यवस्थापन

२१. जलाधार, बन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण

२२. भाषा, संस्कृति र ललित कलाको संरक्षण र विकास

यी विषयहरूमा स्थानीय सरकारलाई आवश्यक कानुन बनाइ कामगर्ने अधिकार हुन्छ। स्थानीय सरकारको व्यवस्था संबिधानमै गरिएको हुँदा अब नेपालका स्थानीय सरकार अधिकार सम्पन्न हुने कुरामा दुइ मत हुन सक्दैन।



# ८

# राजनीतिक दल

**(Political Party)**

## १. अवधारणाः

राजनीतिक दललाई आधुनिक राजनीतिको जीवनरेखा भनिन्छ । परम्परागत राजनीतिक अवस्थाबाट राजनीतिक आधुनिकतातर्फ अग्रसर हुने क्रममा हरेक समाजमा यसको उदय हुन्छ। वस्तुतः राजनीतिक दललाई राजनीतिक आधुनिकताको प्रतीक मानिन्छ। उदार एवम् लोकतान्त्रिक समाजमा त यसले जीवनका हरेक पक्षलाई प्रभावित गर्ने महत्वपूर्ण भूमिका खेल्छ नै, तानाशाही शासनव्यवस्था भएको मुलुकमा पनि कुनै न कुनै रूपमा राजनीतिक दल सङ्गठित गरिएको पाइन्छ। विकासशील समाजमा जलविद्युत् योजना, सिँचाइ, नहर तथा तेलमिलहरू आर्थिक आधुनिकताको प्रतीक मानिए झैं राजनीतिक दल राजनीतिक आधुनिकताका निशानी मानिन्छन्। लोकतन्त्रमा राजनीतिक दल राजनीतिक चेतनाका उर्जा गृह मानिन्छन्। लोकतन्त्रमा सम्पूर्ण राजनीतिक प्रक्रिया राजनीतिक दललाई केन्द्रबिन्दु मानेर सञ्चालित हुन्छन्। के कुरा निर्विवादरूपले सत्य छ भने राजनीतिक विकासको एक निश्चित अवस्थामा पुगेपछि कुनै समाजका लागि राजनीतिक दलबिना काम-काज चलाउन असम्भव नभए पनि अत्यन्त कठिन त अवश्य हुन्छ नै।

राजनीतिक दल मानिसहरूको त्यो समूह हो जस्ले कुनै निश्चित र विशेष सिद्धान्तको आधारमा संयुक्त प्रयत्नका माध्यमबाट राष्ट्रिय हित गर्न चाहन्छ । यसलाई व्यक्तिहरू वा विशिष्ट व्यक्तिहरूको समूहको त्यस्तो सङ्गठित र सम्भवतः टिकाउ सङ्गठनको रूपमा पनि परिभाषित गर्न सकिन्छ जसले इच्छित नीतिहरू अङ्गीकार गर्नका लागि आफ्ना सदस्यहरूलाई सरकारी निकायमा पुऱ्याउन प्रयत्न गर्दछ। बास्तवमा जब हामी राजनीतिक दलको कुरा गर्छौं हामी त्यो

सङ्गठनलाई औंल्याइरहेका हुन्छौं, जुन कि स्थानीय स्तरसम्म प्रभावकारी हुन्छ, जो सामान्य जनतासँगअन्तरक्रियाशील रहन्छ एवम् तिनबाट चुनावी समर्थनका लागि प्रयत्नशील रहन्छ, जसले राजनीतिक भर्तीमा प्रत्यक्ष र उल्लेखनीय भूमिका खेल्छ र जो एक्लै वा अरूसँग संलग्न भै राज्यको शक्ति प्राप्तगर्न वा शक्तिमा कायम रहिरहन वचनबद्ध हुन्छ ।

## उपरोक्त परिभाषाहरुलाई केलाउादा के निचोडमा पुगिन्छ भने राजनीतिक दल भनेको-

(क) यो व्यक्ति वा व्यक्ति समूह मिलेर बनेको राजनीतिक सङ्गठन हो,

(ख) यसको आधार कुनै निश्चित विचारधारा अथवा राजनीतिक सङ्गठन हुन्छ,

(ग) यो सधैं सामान्य जनतालाई प्रभावित गर्न प्रतिबद्ध रहन्छ,

(घ) राजनीतिक भर्तीमा महत्वपूर्ण भूमिका खेल्छ,

(ङ) शक्तिमा पुगेर मात्रै आफ्ना इच्छित नीतिहरूलाई कार्यान्वयन गर्न सकिने हुनाले एक्लै वा अन्य समूहसँग मिलेर सत्ता कब्जा गर्न वा शक्तिमा पुगेको भए त्यहाँ बसिरहनका लागि प्रयत्नशील हुन्छ ।

## राजनीतिक दलका लक्षणहरू निम्नानुसार सुत्रवद्ध गर्न सकिन्छ-

### १. सङ्गठनमा निरन्तरता :

त्यस्तो सङ्गठन जसको सम्भावित जीवन त्यसका वर्तमान नेताहरूको जीवनकालसम्म मात्र सीमित नरहोस् ।

### २. स्थानीय स्तर सम्म स्थायी सङ्गठन :

स्थानीयस्तरमा प्रकट र सम्भव भएसम्म स्थायी सङ्गठन हुनुपर्दछ तथा स्थानीय र केन्द्रीय एकाइका बीच नियमित सञ्चार र अन्य सम्बन्ध रहनुपर्छ ।

### ३. नेताहरूमा निर्णयनिर्माण गर्ने, शक्ति कब्जा गर्ने स्वचेतनयुक्त सङ्कल्प-

राष्ट्रिय र स्थानीय दुबैस्तरमानेताहरूमा सत्ताको प्रयोगलाई प्रभावित गर्नका लागि मात्र होइन, एक्लै वा अरूसाग मिलेर सत्ता प्राप्त गर्न वा निर्णय-निर्माण एकाइमा रहिरहनका लागि स्वचेतनपूर्ण सङ्कल्प हुनुपर्छ ।



### ४. सङ्गठनका तर्फबाट अनुयायी जुटाउन वा लोकप्रिय समर्थन जुटाउने चासो :

सङ्गठनमा चुनावको उद्देश्यका लागि अनुयायी बनाउने अथवा लोकप्रिय समर्थन जुटाउने चासो हुनुपर्छ ।

## पार्टीमा आन्तरिक लोकतन्त्र:

लोकतन्त्रमा राजनीतिक दललाई जनमतको वाहक भन्छन् । यो राज्यसत्ता र नागरिकका माझको त्यस्तो सम्बन्ध सुत्र हो जस्ले लोकतन्त्रलाई जीवन्त बनाउँछ । त्यसैले यति ठूलो जिम्मेवारी बोक्ने राजनीतिक दल स्वयंमा लोकतान्त्रिक छ छैन भन्ने कुरा अत्यन्त महत्वपूर्ण हुन्छ । कुनै पनि राजनीतिक दलको गठन निश्चित विचारधारा वा राजनीतिक कार्यक्रमका आधारमा भएको हुन्छ । राजनीतिक दलहरू मुलुकभित्र सत्ताका लागि आपसमा प्रतिस्पर्धा गर्छन् भने स्वयं राजनीतिक दल भित्र पनि विचार, नेतृत्व र अवसरका लागि तिब्र प्रतिस्पर्धा हुने गर्छ । अतः यिनको व्यवस्थापन लोकतान्त्रिक विधिबाट हुन्छ कि हुँदैन भन्ने कुराबाट त्यो दलको चरित्र निर्धारण हुन्छ । कुनै राजनीतिक दलमा भित्री-पार्टी लोकतन्त्र हुनु अत्यन्त महत्वपूर्ण हुन्छ किन कि लोकतन्त्रका वाहक मानिने राजनीतिक दल स्वयं चाहिं अलोकतान्त्रिक भएभने तिनले मुलुक भित्र लोकतन्त्रको जगेर्ना र विकासगर्ने कुरामा स्वतः शंका उत्पन्न हुन्छ । निम्नलिखित आधारमा कुनै दल लोकतान्त्रिक हो होइन र त्यसमा भित्री पार्टी लोकतन्त्र छ छैन थाहा हुन्छ-

### १.सदस्यता :-

पार्टीको सदस्यता सबैका लागि खुला छ छैन । यदि कुनै राजनीतिक पार्टीमा समाजका निश्चित वर्ग, जाति वा समुदायलाई मात्र प्रवेश छ र अरुलाई प्रवेशमा बाधा वा अडचन छ भने त्यो पार्टी लोकतान्त्रिक हुन सक्दैन ।

### २. लोकतान्त्रिक विधान :-

कुनै पनि पार्टी निश्चित विधि विधानबाट सञ्चालित हुन्छ । त्यस्तो विधान लोकतान्त्रिक हुनुपर्छ यदि त्यस्तो छैन भने त्यो पार्टी लोकतान्त्रिक हुन सक्दैन ।

### ३.आवधिक महाधिवेशन :-

जसरी लोकतान्त्रिक राज्यमा आवधिक निर्वाचन हुन्छ त्यसै गरी राजनीतिक दलमा पनि आवधिक रुपमा अधिवेशन हुन आवश्यक हुन्छ । बास्तवमा संगठनका सवै तहमा आवधिक अधिवेशन र राष्ट्रिय तहमा महाधिवेशनले पार्टीलाई जीवन्त र क्रियाशील बनाउँछ । यो त

यस्ता अधिवेशनहरू हुन् जस्ले पार्टी भित्र विचार र नेतृत्वमा प्रतिस्पर्धाको ढोका खोल्छन् ।

४. फरक सोचलाई स्थान र जगेर्ना-राजनीतिक पार्टीहरू विचार र कार्यक्रमका बाहक हुन् । बास्तवमा त्यहाँ राज्य सञ्चालनका विषयमा विभिन्न विचार र दृष्टिकोणहरूका माझ निरन्तर अन्तरक्रिया हुन्छ । महाधिवेशनले त्यस्ता विचार र दृष्टिकोणहरूलाई संस्थागत गर्छ । पार्टी सञ्चालनका दौरान पनि नेताहरूमाझ विचारमा मतभेदहरू हुन्छन् । कुनै पार्टीभित्र त्यस्ता विचार र कार्यक्रमिक मतभेदहरूलाई कुन रुपमा स्वीकार गरिन्छ त्यसबाट त्यो पार्टी भित्र आन्तरिक लोकतन्त्र छ छैन भन्ने थाहा हुन्छ । यदि कुनै पार्टीले भिन्न विचार वा कार्यक्रमलाई उचित स्थान दिन्छ र त्यसको संरक्षण गर्छ भने त्यहाँ आन्तरिक लोकतन्त्र छ भन्ने बुझिन्छ । तर यदि कुनै पार्टीले फरक विचार वा दृष्टिकोण राखेकै आधारमा आफ्ना नेता वा कार्यकर्ताको दमन गर्छ वा तिनलाई पाखा लगाउँछ भने त्यहाँ आन्तरिक लोकतन्त्र छैन भन्ने बुझिन्छ ।

आन्तरिक लोकतन्त्रलाई उचित ढंगले व्यवस्थापन गर्न नसक्दा पार्टीहरू विभाजित हुने र त्यसले मुलुकमा लोकतन्त्रको विकास मै अवरोध हुने अवस्था आउँछ । पार्टी भित्र आन्तरिक लोकतन्त्र हुँदा पार्टी बैचारिक संकटमा पर्दा त्यहाँ भित्रको फरक विचारले त्यसलाई अगाडि बढ्न बाटो दिन्छ । त्यसकारण पनि पार्टीभित्र आन्तरिक लोकतन्त्र चाहिन्छ ।



# ९

# राजनीतिक संस्कार

## (Political Culture)

### १. अवधारणा :

व्यक्तिगत राजनीतिक आचरणको मनोवैज्ञानिक विश्लेषण र राजनीतिक समाजशास्त्रको सामूहिक व्याख्याको माझमा विद्यमान फाटोलाई भर्ने उद्देश्यले राजनीतिक संस्कारको धारणा विकास भएको हो । दोस्रो विश्वयुद्धोपरान्त जब नयाा राज्यहरूको अत्यधिक मात्रामा उदय भयो, राजनीतिक वैज्ञानिकहरूले त्यस बेलासम्म प्रतिपादन गरेका सिद्धान्त र अवधारणाहरू ती नव स्वाधीन मुलुकहरूमा सञ्चालित राजनीतिक प्रक्रियाहरूलाई व्याख्या गर्न अपर्याप्त सिद्ध भए । राजनीतिक संस्कार पुराना सिद्धान्तहरूको यस्तै अपर्याप्तताको अवस्थामा प्रतिपादन गरिएको धारणा हो । अहिले आएर यस विषयमा व्यक्तिगत तथा व्यवस्था यी दुबै स्तरमा पर्याप्त अध्ययन भएका छन् र यस विषयमा पर्याप्त सामग्री प्राप्त छन् ।

कुनै पनि राज्यका नागरिकमा राजनीतिप्रति निहित व्यक्तिगत दृष्टिकोण र अनुस्थापन नै तिनको राजनीतिक संस्कार हो । यो यस्तो भावनात्मक धारा हो जसले व्यक्तिका राजनीतिक क्रियाहरूलाई अर्थ प्रदान गर्दछ । 'राजनीतिक संस्कारले राजनीतिको दुनियाामा के भैरहेछ त्यसको उल्लेख गर्दैन अपितु जनताले ती घटनाहरूबारे के विश्वास गर्दछन् त्यसबारे उल्लेख गर्दछ । राजनीतिक संस्कार धारणा, विश्वास र संवेदनाहरूको यौटा यस्तो समूह हो जसले राजनीतिक प्रक्रियालाई अर्थ र नियमितता प्रदान गर्नुको साथसाथै राजनीतिक प्रणालीमा हुने आचरणलाई सञ्चालन गर्न अन्तर्निहित नियम र परिकल्पना प्रदान गर्दछ ।

बास्तवमा व्यक्ति या समूहको राजनीति र राजनीतिक वस्तुप्रतिको दृष्टिकोण नै उसको राजनीतिक संस्कार हो । हामी समाजमा विभिन्न किसिमका मानिसहरू देख्छौं । कोही

राजनीतिबारे पटक्क चासो राख्दैनन् भने कोही यसलाई 'फोहोर खेल' भनेर घृणा गर्दछन् । कसैले साम्यवादी राजनीतिक बिचार रूचाउाछन् भने कसैले लोकतान्त्रिक । कुनै व्यक्तिको आफ्नो मुलुकमा प्रचलित राजनीतिक प्रणालीप्रति आस्था हुन्छ भने कुनै व्यक्तिको त्यसप्रतिको दृष्टिकोण असहमत, भिन्न र अलगावपूर्ण हुन्छ । यथार्थमा व्यक्ति या समूहको उपर्युक्त मानसिक अवस्था नै उसको राजनीतिक संस्कार हो । व्यक्तिको बाह्य क्रियाकलापको व्याख्या पनि उसको यस्तै मनोवैज्ञानिक अवस्थाको आधारमा गर्न सकिन्छ । राजनीतिक संस्कार राजनीतिक प्रणालीको सामूहिक इतिहास र त्यसका सदस्यहरूको जीवन इतिहासको उपज हो, त्यसैले यो सार्वजनिक घटना र व्यक्तिगत अनुभव दुबैमा समानरूपले निहित रहन्छ । समाजको सन्दर्भमा संस्कृतिको जुन स्थान छ राजनीतिको सन्दर्भमा राजनीतिक संस्कारको त्यही स्थान छ ।

राजनीतिक संस्कारको अवधारणालाई प्रष्ट्याउने सिलसिलामा त्यसको तीन तहको नक्शांकनबारे जान्न पनि जान्न जरुरी छ । कुनै राष्ट्रको राजनीतिक संस्कार भित्र त्यसका नागरिकको त्यहाँको राजनीतिक प्रणाली, प्रक्रिया (process) र नीति (policy) प्रतिको अभिमुखीकरण समावेश हुन्छ ।

### प्रणालीको तह :-

यो अभिमुखिकरण भनेको त्यहााका नागरिक र नेताहरूको प्रणालीलाई बााधेर राख्ने मूल्य र संगठन प्रतिको विचार हो । उदाहरणको लागि के नागरिकहरू आफूलाई राष्ट्रको पहिचानसंग जोड्न तयार छन् ? के मुलुकमा प्रचलित राजनीतिक व्यवस्थालाई स्वीकार गर्छन् ? प्रकारान्तरमा भन्ने हो भने नागरिकलाई आफ्नो मुलुक प्रति गौरब छ कि छैन र उसको राष्ट्रप्रतिको निष्ठा कस्तो छ? प्रणालीसंगको नागरिकको अभिमुखीकरणको यो एक महत्वपूर्ण पक्ष हो ।

### प्रक्रियाको तह :-

यस भित्र नागरिकको राजनीति कसरी चलोस् भन्ने धारणा छ र उस्को त्यससंगको सम्बन्ध कस्तो छ भन्ने कुरा समावेश हुन्छ । अर्को शब्दमा भन्ने हो भने यस अन्तर्गत मुलुकमा प्रचलित राजनीतिक व्यवस्था प्रति नागरिकको धारणा कस्तो छ र प्रणालीले उसबाट कस्तो भूमिका अपेक्षा गरेको छ भन्ने कुरा आउाछ । उदाहरणका लागि व्यक्ति राजनीतिमा क्रियाशील भूमिका खेल्न चाहन्छ तर यदि त्यहााको शासन व्यवस्था अधिनायकवादी छ भने स्वभावतः उस्को त्यस प्रतिको धारणा नकारात्मक हुन्छ ।

### नीतिको तह :-

नीतिको तह भनेको नागरिक र नेताहरूको सरकारबाट गरिने नीतिगत अपेक्षा हो । भन्नुको अर्थ नागरिक राज्यले अर्थतन्त्रमा न्यूनतम हस्तक्षेप गरोस् भन्ने चाहन्छन् अथवा तिनको अपेक्षा राज्यले अधिकाधिक सेवा देओस् भन्ने छ । यही नै नीतिगत तह हो ।



राजनीतिक संस्कार बारे जान्न खोज्दा के जान्न पनि जरुरी हुन्छ भने राजनीतिक प्रणाली र राजनीतिक संस्कार एक अर्कोसंग गहिरो गरी जोडिएका हुन्छन् । यदि यिनमा आपसी तालमेल भएन भने त्यहाा संकट अवश्यम्भावी छ । उदाहरणको लागि यदि राजनीतिक प्रणाली तानाशाही छ, तर जनताको ठूलो समूहको संस्कार सहभागी किसिमको छ भने के हुन्छ ? यस्तो विरोधाभासको स्थितिमा त्यस्तो समाज निश्चितरूपले केही समयका लागि राजनीतिक अनिश्चितताको बाटोतर्फ लम्कन्छ । त्यसैले राजनीतिशास्त्रका विद्वान राजनीतिक प्रणाली र राजनीतिक संस्कार माझ तालमेल हुनु पर्छ भन्छन् । अनि मात्र त्यो नागरिक संस्कार बन्न सक्छ ।

राजनीतिक संस्कारको अवधारणबारे चर्चा गर्दा त्यसको सहमतीय र विवादात्मक चरित्रबारे जान्न पनि जरुरी हुन्छ । जस्तो कि हामीलाई थाहा छ, राजनीतिक संस्कार भनेको राष्ट्रको एक विशेषता हो । तर यस प्रसङ्गमा हामीले के जान्न जरुरी हुन्छ भने राष्ट्र भित्र राज्यको भूमिका र त्यसले अपनाउने नीतिबारे जनसमुदायका विभिन्न पक्षको फरक फरक बुझाई हुनसक्छ । यदि त्यहााको शासन र त्यसले अपनाउने सार्वजनिक नीति प्रति धेरै भन्दा धेरै जनताको सहमति छ भने त्यो सहमतिय राजनीतिक संस्कार कहलाउाछ । अर्कोतिर यदि शासन र त्यसका नीति प्रति जनतामा तिब्र मतभेद छ भने त्यो बिवादात्मक राजनीतिक संस्कार कहलाउाछ ।

संक्षेपमा भन्ने हो राजनीतिक संस्कार मुलक पिच्छे, समुदाय पिच्छे र उही मुलुकमा पनि अलग अलग कालखण्डमा भिन्न भिन्न हुनसक्छ । यसको सरोकार राजनीतिको दुनियाामा के भइरहेछ भन्दा पनि त्यसबारे नागरिकको बुझाइ के छ भन्ने संग हुन्छ । यो प्रणाली, प्रक्रिया र नीति प्रतिको नागरिकको प्रतिक्रिया हो । यदि मुलुकको राजनीतिक प्रणाली र नागरिकको राजनीतिक संस्कारका माझ तालमेलपूर्ण सम्बन्ध हुन्छ भने त्यो प्रणालीको स्थायित्वमा टेवा पुग्छ । अतः कुनै मुलकका नीति निर्माताहरूले के कुरामा ध्यान दिन जरुरी हुन्छ भने तिनको नीति र जनसमुदायको अपेक्षाका माझ खाइ नहोस् । निष्कर्षमा के भन्न सकिन्छ भने राजनीतिक प्रणालीको जीवनको यस्तो कुनै पाटो छैन जहाा राजनीतिक संस्कारले कुनै भूमिका नखेलोस् ।

# १०

# सार्वजनिक वृत्त

## (Public sphere)

**अर्थः**

कुनै पनि समाजमा परिवार, समुदाय र समुदाय-इतर संस्थाहरू विद्यमान हुन्छन् । व्यक्तिले यी विभिन्न संस्थाहरूमा बिभिन्न प्रकारका भूमिकाहरू खेल्छ । सार्वजनिक वृत्त भनेको सामाजिक जीवनको त्यो क्षेत्र हो जहाँ व्यक्तिहरू आ-आफ्नो सामुदायिक घेरा भन्दा बाहिर निस्केर साझा सामाजिक समस्याहरूको पहिचान गर्छन् , तिनका बारे आपसमा स्वतन्त्र रुपले छलफल गर्छन् र तिनका माध्यमबाट सार्वजनिक क्रियाकलापलाई प्रभावित पार्छन् । प्रकारान्तरमा भन्ने हो भने सार्वजनिक वृत्त भनेको समाजलाई प्रभावपार्ने विषयमा जनता संलग्नहुने सार्वजनिक बहसको एउटा आलोचनात्मक थलो हो । आजकाल त्यस्लाई बैधानिक सरकार भन्छन् जस्ले सार्वजनिक वृत्तको आवाजलाई सुन्छ ।

सार्वजनिक वृत्त त्यो थलो हो जस्मा भागलिन कुनै हैसियत चाहिँदैन । यसमा सवै समान हुन्छन् र जो पनि सामेल हुन पाउँछन् । यहाँ साझा चासोका विषयहरू उठाइन्छन् ।सार्वजनिक मामिलामा खुलेर बहस हुने यो थलो मूलतः जनमत बनाउन प्रयोगमा आउँछ । यहाँ सार्वजनिक सरोकारका विषयमा आर्थिक र राजनीतिक बन्देजबाट मुक्त रहेर सीमारहित छलफल हुन्छ । यहाँ भएका विमर्शहरूले शासनका धाराहरूमा पनि परिवर्तन ल्याउने सामर्थ्य राख्छन् । यहाँ हुने संकथन (discourse) कक्षा कोठाको जस्तो सिलसिलाबद्ध हुँदैन ।

## विशेषताः

सार्वजनिक वृत्तका केही उल्लेख्य विशेषता हुन्छन् । ती हुन्-

### क) भेद्य सिमाना :-

हुन त कुनै पनि सार्वजनिक वृत्तमा प्रायः निश्चित सदस्य हुन्छन् जो कुनै खास सरोकार वा सामाजिक आन्दोलनसंग जोडिएका हुन्छन् । तर त्यसो हुँदा हुँदै पनि समूह बाहिरका मानिसले पनि त्यहाँ हुने छलफलमा भाग लिन पाउँछन् । भन्नुको अर्थ कुनै वृत्तमा केही खास सदस्यहरू मात्र सहभागी हुने अभ्यास छ भने पनि त्यसमा बाहिरियाहरूले पनि सहज प्रवेश पाउँछन् र छलफलमा भाग लिन पाउँछन् ।

### ख) क्रियाकलाप :-

सार्वजनिक वृत्तमा सामेल हुनेहरू निस्कृय होइन सक्रिय रुपमा सामेल हुन्छन् । तिनले छलफल सुन्ने र थपडी बजाउने काम मात्र गर्दैनन् बरु अगाडि बढेर प्रस्तुत मुद्दामा सक्रिय रुपले बहस गर्छन् ।

### ग) सान्दर्भिक भाषा :-

सार्वजनिक वृत्तमा प्रयोग गरिने भाषा एक अर्कालेे सहजै बुझ्ने तथा समय र सन्दर्भ सुहाउँदो हुन आवश्यक छ। भन्नुको अर्थ कसैले आफ्नो विद्वता वा पाण्डित्य देखाउने त्यो वृत्तमा नसुहाउने भाषाको प्रयोग गर्नं निरर्थक मानिन्छ ।

### घ) पत्यारिलो चेहरा :-

कुनै पनि सार्वजनिक वृत्तमा उपस्थित हुने मानिस एक अर्का प्रति पत्यार भएका र वृत्त भन्दा बाहिरकाले पनि पत्याउने खालका हुनु पर्छ। भन्नुको अर्थ गम्भीर सामाजिक मुद्दामा अपत्यारिलाहरूको छलफलको कुनै अर्थ हुन्न। अतः त्यहाँ सामेल हुनेहरू जनताले भरगर्न सक्ने किसिमकै हुनु पर्छ।

### ङ) सहिष्णुता :-

सार्वजनिक वृत्तमा जीवन्त र गुन्जायमान संकथन आफ्नो कुरा मात्र भनेर हुँदैन अरुका कुरा पनि सुन्ने धैर्य भए मात्र सम्भव हुन्छ। हो यहीं निर अरुका लागि पनि बहसको समान मैदान आवश्यक पर्छ। त्यो कुरा का लागि सार्वजनिक वृत्तमा सहभागीहरूमा पर्याप्त सहिष्णुता चाहिन्छ। अर्काको तर्क खण्डन गर्नेले आफ्नो तर्कको खण्डन सुन्ने हतको धैर्य र सहिष्णुता चाहिन्छ। बस्तुतः सार्वजनिक वृत्तमा सार्थक संकथनका लागि सहभागीहरूमा सहिष्णुताको गुण चाहिन्छ।



समयको परिवर्तन संगै प्रिन्ट तथा इलोक्ट्रोनिक मिडिया, युट्यूव र फेसबूक, ट्विटर लगायत अन्य सामाजिक मिडिया जीवन्त बहसका थलो बनेका छन्। प्रकारान्तरमा भन्दा यिनको प्रयोग सार्वजनिक वृत्तका रुपमा खुवै हुन थालेको छ र कैयो अवस्थामा यिनमा भएका बहसले सरकारका नीतिमा परिवर्तन ल्याउन थालेको छ। विस्तारै यी माध्यम जनमत निर्माणका सफल साधन बन्दै गएका छन् ।

## सूचनाको हकः

सुचनाको हकलाई लोकतन्त्रको प्राण मानिन्छ। यसले नागरिकलाई राज्यका मामिलामा जान्ने र आवश्यक पर्दा हस्तक्षेप गर्ने आधार प्रदान गर्छ। लोकतान्त्रिक शासनमा राज्यका कार्यहरू खुल्ला र पारदर्शी हुन आवश्यक मानिन्छ। सरकार जनता प्रति उत्तरदायी र जवादेही हुनु पर्छ। सूचनाको हकले नागरिकलाई राज्यका क्रियाकलाबारे जान्ने हक दिन्छ। सत्तामा हुनेहरू प्रायः आफ्ना गतिविधिहरू जनताको जानकारीमा नआओस् भन्ने चाहन्छन्। त्यस्तो बेला सूचनाको हकले सत्ताधारीहरूको गोपनीयताको पर्खाल हटाउँछ र जनतालाई राज्यका मामिलामा सही जानकारी दिन्छ। सूचनाको हकले सरकारलाई जनउत्तरदायी बनाउँछ।

नेपालमा पनि २०४६को जनआन्दोलन पछि जब लोकतन्त्रको पुनर्वहाली भयो त्यसबेला देखि नागरिकले सूचनाको हक पाएका छन्। सूचताको हकले सुशासनलाई सघाउँछ भने साथ साथै भ्रष्टाचारका विरुद्ध लड्ने साधन दिन्छ। अतः संबिधानसभाबाट निर्मित नेपालको संबिधान, २०७२ मा मौलिक हक भित्र नेपाली नागरिकलाई सूचनाको हक प्रदान गरिएको छ। धारा २७ मा गरिएको व्यवस्था अनुसार प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सुचना माग्ने र पाउने हक हुनेछ। अब उपान्त राज्यको हितमा गोप्य राख्नुपर्ने बाहेक अन्य सबै मामिलामा नागरिकलाई राज्यबाट सूचना माग्ने र पाउने हक हुन्छ। तर यो हकले व्यक्तिको गोपनीयताको हकको दायरामा पर्ने विषयमा भने सूचना माग्न नपाउने भनेको छ। सार्वजनिक वृत्तमा क्रियाशील नागरिकका लागि यो सूचनाको हकको विशेष महत्व हुन्छ।

सञ्चार जगतः आम संचारका साधन भित्र खवार, रेडियो, टेलिभिजन, अनलाईन र अन्य सामाजिक मिडियाहरू पर्छन्। जनताका माग र चाहना सरकार सम्म पुऱ्याउने र सरकारका नीति, कार्यक्रम र निर्णयहरू जनतासम्म पुऱ्याउने काम यिनले गर्छन्। बास्तवमा संचार जगत भनेका जनमत निर्माणका प्रभावकारी साधन हुन्। सरकारका राम्रा नीतिहरूको पक्ष पोषण गरेर र गलत नीतिहरूको विरोध गरेर यिनले एकातिर जनतालाई वास्तविकताको जानकारी दिन्छन् भने अर्को तिर सरकारलाई आफ्ना गलत नीति सच्याउने मौका दिन्छन्।

आम संचारका साधन स्वतन्त्र र निष्पक्ष हुन आवश्यक छ। संचार जगत स्वतन्त्र हुनु भनेको ती राज्यको नियन्त्रण वा हस्तक्षेपबाट मुक्त हुनु हो। त्यसो भयो भने मात्र तिनले स्वतन्त्र र निर्भिक भइ समाचार छाप्न, सरकारको आलोचना गर्न र जनताका विचारहरूलाई सही

ढंगले आवाज दिनसक्छन् । यदि सरकार निरंकुश तथा अधिनायकवादी छ भने त्यसले संचार जगतमाथि कठोर सेन्सरशीप लगाउँछ । परिणामस्वरुप आम संचारले सही सूचना जनतासमक्ष राख्न पाउँदैनन् । तिनले जनमत निर्माणमा पनि सार्थक भूमिका खेल्न सक्दैनन् ।

तर संचार जगतले स्वतन्त्रताको उपभोग गर्दा ती निषक्ष हुन पनि जरुरी हुन्छ । यदि संचार जगत पूँजिपतिहरूको इशारामा चल्न थाले वा सरकारका अन्ध समर्थक भ एभने तिनले जनसमक्ष सही सूचना सम्प्रषण गर्न सक्दैनन् । त्यसैले आफ्नो विश्वसनीयता बनाइराख्नका लागि आम संचार निष्पक्ष र संन्तुलित हुन आवश्यक हुन्छ । नागरिकले बनाउने धारणामा संचार क्षेत्रको ठूलो भूमिका हुन्छ । त्यसैले सही, निषक्ष र संतुलित विचार प्रवाह गरेर आम संचारले सही जनमत निर्माणमा योगदान गर्न सक्छ ।

यदि कुनै मुलुकमा संचार क्षेत्रमा राज्य कै हालिमुहाली भयो भने त्यहाँ प्रेस स्वतन्त्रता कुण्ठित हुने खतरा रहन्छ । त्यसैले लोकतन्त्रमा सूचनाको बैकल्पिक स्रोतको ठूलो महत्व हुन्छ । राज्यमा जति बढी आम संचारका साधनको विकास हुन्छ त्यति नै धेरै र विविध स्रोतबाट जनताले सूचना पाउने अबसर पाउँछन् । यसले राज्य संचालनमा जन नियन्त्रण र पहुँच बढाउन सघाउँछ ।

संचारको महत्व बुझेका कारण संबिधानसभाले बनाएर जारी भएको नेपालको संबिधानले मौलिक हक अन्तर्गत संचारको हकको पनि व्यवस्था गरेको छ । धारा १९ मा गरिएको व्यवस्था अनुसार विद्युतीय प्रकाशान, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशान, तथा प्रशासर गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिवन्ध लगाउन वा तिनलाई जफत गर्न पाइँदैन ।

सार्वजनिक बहसः सरकार चाहे त्यो राष्ट्रिय होस् वा स्थानीय त्यसलाई जनउत्तरदायी बनाउन सम्बन्धित सरकारी अधिकारी र सरोकारवालाहरूमाझ आमने सामनेको बहसको अभ्यास अब नयाँ कुरा रहेन । वास्तवमा त्यस्तो बहसले सरकारलाई जिम्मेवार बन्न र जनतालाई सुसूचित हुन र आफ्ना गुनासोहरू सम्बन्धित सरकारी निकाय समक्ष राख्न मद्दत गर्छ । नेपालमा पनि सामाजिक लेखा परीक्षण, सार्वजनिक सुनवाई वा बहसको प्रचलन प्रारम्भ भएको छ । सुशासन ऐनले नै त्यस्ता सार्वजनिक वहस सुनवाईलाई कानुनी स्वरुप प्रदान गरेको छ ।



# ११

# विभिन्न अधिकार

## (Various Rights)

### १. अधिकार (Rights)

व्यक्तिको मागलाई समाजको स्वीकृति मिलेपछि अधिकार बन्दछ । यो सामाजिक जीवनको त्यो परिस्थिति हो जसको अभावमा मानिसको विकास हुनुसक्दैन । अधिकारमा सार्वजनिक हित लुकेको हुन्छ । अधिकार एक गतिशील अवधारणा हो । यो मनुष्यको आवश्यकतामा आउने परिवर्तनको साथसाथै बदलिरहन्छ । एक व्यक्तिको अधिकार अर्काको अधिकारद्वारा सीमित हुन्छ । अधिकार मनुष्यजीव्नका ती शर्तहरू हुन्, जसको अभावमा कुनै पनि मानिसले आफ्नो सर्वाङ्गीण विकास गर्न सक्दैन । बास्तवमा अधिकार ती दावीहरू हुन् जसलाई समाजले स्वीकार गर्दछ र राज्यद्वारा लागू गरिन्छ ।निष्कर्षमा भन्नु पर्दा-

क) अधिकार व्यक्ति वा व्यक्तिहरूको दावी हो,

ख) त्यो दावी समाजद्वारा स्वीकृत हुनुपर्छ,

ग)अधिकार व्यक्तिको सर्वाङ्गीण विकासका लागि अत्यावश्यक छ,

घ) यो राज्यद्वारा लागू गरिन्छ,

ङ) यसको प्रयोगस्थल समाज हो,

च) यसमा सावैजनिक हित निहित हुन्छ ।

ख) अधिकारको वर्गीकरण:

छलफलको सुविधाका लागि अधिकारलाई तीन भागमा बाँड्न सकिन्छ । ती हुन्- व्यक्तिगत अधिकार, समूह अधिकार र मानव अधिकार ।

### १.व्यक्तिगत अधिकार-

राज्यको एक सदस्यका रुपमा व्यक्तिले पाउने अधिकारलाई व्यक्तिगत अधिकार भन्छन् । यसलाई पनि मुख्य रुपले दुइ भागमा बाँडिन्छ । ती हुन्- सामाजिक र राजनीतिक अधिकार । सामाजिक अधिकार राज्यमा बसोबास गर्ने नागरिक तथा गैर–नागरिक दुबैले उपयोग गर्न पाउाछन्, तर जहाासम्म राजनीतिक अधिकारको प्रश्न छ, यो शुद्ध रूपले नागरिकले मात्र उपयोग गर्न पाउने अधिकार हो ।

राज्यद्वारा जीवन, सम्पति र वैयक्तिक विशेषताको रक्षा गर्न प्रदान गरिने अधिकारलाई सामाजिक अधिकार भन्दछन् । यी यस्ता अधिकार हुन् जुन सामाजिक जीवनको लागि आवश्यक मानिन्छन् । वस्तुतः सभ्य जीवनको लागि नभै नहुने हुदा यसलाई नागरिक अधिकार भनिएको हो । प्रायः सबै प्रजातान्त्रिक मुलुकले आफ्ना नागरिकलाई यो अधिकार उपलब्ध गराएको हुन्छ । यसअन्तर्गत केही मूलभूत मानविय अधिकार, शोषण र आर्थिक असुरक्षाको विरुद्धमा ग्यारेन्टी, शिक्षाको अवसर र अन्य कतिपय सामाजिक सुविधाहरू पर्दछन् । जीवनको अधिकार, वैयक्तिक स्वतन्त्रताको अधिकार, विचार र अभिव्यक्तिको स्वतन्त्रताका अधिकार, सम्पत्तिको अधिकार, धर्मको अधिकार, समानताको अधिकार, पारिवारिक जीवनको अधिकार जस्ता अधिकार पर्छन् ।

राजनीतिक अधिकार भनेको शासन व्यवस्थामा भाग लिने अधिकार हो । यो अधिकार कुनै पनि राज्यले आफ्ना नागरिकहरूलाई मात्र प्रदान गर्दछ । गैरनागरिक यो अधिकारबाट बंचित राखिन्छन् । यसले जनता नै शासक हुन्, तसर्थ उनीहरूलाई राज्यव्यवस्थामा हिस्सेदार बनाउनुपर्दछ भन्ने मान्दछ । यो अधिकारले जनतालाई शासनसत्तामा प्रत्यक्ष पहँचको अवसर गर्दछ । मताधिकार, निर्वाचित हुने, सार्वजनिक पद ग्रहण गर्ने, प्रार्थनापत्र दिने र सरकारको आलोचना गर्ने अधिकार यसमा पर्दछन् ।

### २. समूह अधिकारः

नागरिकहरू माझ समानता छ भने व्यक्तिगत अधिकारले पनि पुग्छ । जब राज्य भित्र ऐतिहासिक रुपमै नागरिकहरू माझ समानता छैन र राज्यका नीति निर्माणका अधिकांश ठाउँमा कुनै निश्चित वर्ग वा समुदायको बोलवाला छ र अधिकांश समुदाय बहिष्करणको शिकार भएका छन् भने त्यहाँ समान अधिकारले पुग्दैन । अझ समाज बहुसांस्कृतिक छ भने त झन विविधता व्यवस्थापन गर्ने काम चुनौतिपूर्ण हुन जान्छ । यस्तो अवस्थालाई सम्बोधन गर्न समूह अधिकार वा सामुहिक अधिकारको आवश्यकता पर्छ । यो अधिकार मुलुकभित्र पछाडि परेका आदिवासी जनजाति तथा पछाडि परेका ⁄पारिएका विभिन्न समुदायका लागि



आवश्यक पर्छ । तिनको पहिचान, तिनको जीवन पद्धति, र तिनको परम्परागत भूमि, भूखण्ड र प्राकृतिक स्रोतमाथिको अधिकारलाई मान्यता समूहगत अधिकारका आधार हुन् । जल, जमिन र जंगलमाथि समुदायको अग्राधिकार पनि समूह अधिकार कै कोटिमा पर्छन् ।

यस्तो अधिकार आरक्षण र सकारात्मक विभेद का रुपमा पनि प्रयोगमा आउँछन् । राज्य भित्र सबै नागरिकलाई समान अवसर दिन पनि प्रारम्भमा युगौं देखि पछाडि परेकालाई विशेष अधिकार आवश्यक हुन्छ । यस्तो विशेष वा समूह अधिकारले पछाडि परेकाको सामर्थ्य बढाउँछ र समयक्रममा त्यस्तो खेलको समान जमीन तयार हुन्छ । परिणामस्वरुप, नागरिकहरूमाझ वास्तविक समानता स्थापित हुन्छ र ती समान रुपले वैयक्तिक अधिकार उपभोग गर्न समर्थ हुन्छन् ।

### ३.मानव अधिकारः

मानव अधिकार भनेको मानव आचरणको एउटा खास मानक वयान गर्ने एक नैतिक सिद्धान्त वा मान्यता हो । यो मानव भएकै नाताले पाउने आफूबाट अविभाज्य मौलिक हक हो जुन प्राप्त गर्न राष्ट्र, स्थान, भाषा, धर्म, उत्पत्ति वा अन्य कुनै हैसियतले छेक्दैन । यस भित्र मूलभूत रुपमा गैरन्यायिक हिसासत, यातना र सजायबाट उमुक्ति, स्वच्छ सुनवाईको अधिकार, दासत्वबाट संरक्षण, नरसंहारमा बन्देज, अभिव्यक्तिको स्वतन्त्रता, शिक्षाको अधिकार जस्ता विविध विषय पर्छन् । शान्तिका बेला विश्व समाजको सार्वजनिक संकथनको साझा नैतिक भाषा भनेकै मानव अधिकार हो । यसको संरक्षण गर्नँ अन्तर्राष्ट्रिय कानुन मात्र होइन राष्ट्रिय कानुनको पनि दायित्व हो ।

दोस्रो विश्वयुद्ध उप्रान्त मानव अधिकारले प्रधानता पाएको देखिन्छ ।संयुक्त राष्ट्रसंघको बडापत्रमा ठाउा ठाउामा मानव अधिकारप्रति निष्ठा जनाइएको छ । प्रस्तावनामा मानवका नैतिक अधिकारहरू, मानवको व्यक्तित्वको गौरव तथा महत्त्वमा तथा पुरुष र नारीको समान अधिकारमा विश्वास प्रकट गरिएको छ । त्यस्तै प्रतिबद्धता बडापत्रका विभिन्न अनुच्छेदहरूमा जनाइएको छ ।

मानव अधिकारसम्बन्धी यही विश्वासलाई मूर्त रूप दिन सन मा संयुक्त राष्ट्रसंघीय मानव अधिकार आयोगलाई मानव अधिकारको मूलभूत सिद्धान्तको मस्यौदा गर्ने काम सुम्पिइयो । यो आयोगको निर्माण आर्थिक तथा सामाजिक परिषद्ले गऱ्यो । त्यसबेला आयोगको अध्यक्ष श्रीमती रूजवेल्ट थिइन् । झण्डै तीन वर्षको अथक प्रयासपछि यो आयोगले मानव अधिकारको विश्वव्यापी घोषणा को मस्यौदा तयार गऱ्यो । त्यसलाई संयुक्त राष्ट्रसंघको महासभाले केही संशोधनसहित १० डिसेम्बर १९४८ ई. का दिन सर्वसम्मतिले स्वीकार गऱ्यो । मानव अधिकारसम्बन्धी यो संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा प्रस्तावना बाहेक ३० धाराहरू छन् ।

## प्रमुख मानव अधिकार

३० धारामा विभक्त यो विश्वव्यापी घोषणापत्र लोकतन्त्र र समाजवादको अद्भूत मिश्रण हो र यसले मानिसका आधारभूत नागरिक तथा राजनितिक र आर्थिक-सामाजिक-सांस्कृतिक अधिकारहरूको प्रत्याभूति गरेको छ । यसको प्रस्तावनामा मानव जातिको जन्मजात गरिमा र सम्मान तथा अधिकारमाथि बल दिइएको छ । महासभाले यौटा प्रस्तावको रूपमा स्वीकार गरेको हुनाले यससाग बन्धनकारी कुनै शक्ति छैन । यो एक किसिमले प्रतिवद्धता पत्र मात्र हो । यसका पछाडि कानुनको शक्ति छैन ।

अध्ययनको सुविधाका लागि ३० धारामा समाविष्ट मानव अधिकारलाई निम्न-लिखित ३ भागमा बाँड्न सकिन्छ –

**(क) नागरिक र राजनीतिक अधिकार** (Civil and Political Rights)

**(ख) आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार** (Economic, social and cultural rights)

**(ग) मानव अधिकारप्रति प्रतिबद्ध सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्था पाउने अधिकार** (Entitle to a social and international order associated to human rights)

### (क) नागरिक र राजनीतिक अधिकार

घोषणा पत्रको धारा ३ देखि २१ सम्म मानव जातिले पाउनुपर्ने विभिन्न नागरिक र राजनीतिक अधिकारको निर्धारण गरिएको छ । ती हुन् –

- जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार
- दासता र पराधिनता (Servitude) बाट मुक्ति
- यातना वा क्रूर, अमानवीय वा होच्याउने व्यवहार वा सजायबाट मुक्ति ।
- कानुन समक्ष व्यक्तिका रूपमा मान्यता पाउने अधिकार, न्यायिक उपचारको अधिकार, मनपरि पक्राउ हुनबाट मुक्ति, देश निकाला विरुद्ध अधिकार स्वतन्त्र र निष्पक्ष अदालतबाट स्वच्छ र सार्वजनिक सुनुवाईको अधिकार, अपराध प्रमाणित नहुँदासम्म निर्दोष मानिने अधिकार
- गोपनीयता, परिवार, घर वा पत्राचारमा मनपरी हस्तक्षेपबाट मुक्ति, सम्मान र प्रतिष्ठामा आक्रमणबाट मुक्ति, यस्ता आक्रमणबाट कानुनी बचावटको अधिकार
- हिंडडुलको स्वतन्त्रता, राजनीतिक शरण पाउने अधिकार, राष्ट्रियताको अधिकार
- विवाह र घरजमको अधिकार, सम्पत्तिको अधिकार
- चिन्तन, विवेक र धर्मको स्वतन्त्रता, मत र अभिव्यक्तिको स्वतन्त्रता,
- शान्तिपूर्ण रूपमा भेला हुने र संगठन गर्ने स्वतन्त्रता
- सरकारमा सामेल हुने र सार्वजनिक सेवामा समान पहुँचको अधिकार

### (ख) आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार

घोषणा पत्रको धारा २२ देखि २७ सम्म मानव जातिले पाउनुपर्ने विभिन्न किसिमका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको व्यवस्था गरिएको छ । ती हुन्–

- सामाजिक सुरक्षाको अधिकार
- कामको अधिकार, समान कामका लागि समान ज्यालाको अधिकार, ट्रेड युनियन बनाउने र त्यसमा सामेल हुने अधिकार
- इच्छाअनुसार काम रोज्ने अधिकार
- आराम र फुर्सद पाउने अधिकार
- स्वास्थ्य र भलाइका लागि पर्याप्त र स्तरीय जीवनयापनको अधिकार
- शिक्षाको अधिकार
- बेरोजगारी र वृद्धावस्थामा सामाजिक सहायता पाउने अधिकार
- समुदायको सांस्कृतिक जीवनमा सामेल हुन पाउने अधिकार

### (ग) मानव अधिकारप्रति प्रतिबद्ध सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्था पाउने अधिकार :-

धारा २८ देखि ३० सम्म के भनिएको छ भने हरेक मानिसलाई यस्तो सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्था पाउने अधिकार छ जुन कि मानव अधिकारका साथसाथै विश्व शान्ति र सुरक्षाका लागि प्रतिबद्ध होओस् ।

व्यक्तिका यी अधिकारहरू माथि अरू व्यक्तिका अधिकार र स्वतन्त्रताको सम्मान र सुरक्षाका लागि मात्र सीमा लगाउन सकिन्छ। साथै नैतिकताको रक्षा, सार्वजनिक व्यवस्था र प्रजातान्त्रिक समाजको सामान्य हित रक्षाका लागि पनि व्यक्तिका मानव अधिकारलाई सीमित गर्न सकिन्छ। घोषणा पत्रमा के भनिएको छ भने प्रत्येक व्यक्तिको आफ् बसेको समुदायप्रति कर्तव्य पनि हुन्छ त्यसर्थ आफ्नो मानव अधिकारप्रति सचेत हुँदा समाजका अन्य सदस्यप्रतिको कर्तव्य पनि पालन गर्नुपर्छ।

## मानव अधिकारका प्रमुख दस्ताबेजः

सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणा जारी भएयता सरकारहरू र गैर-सरकारी संस्थाहरूले मानव अधिकारको स्पष्ट परिभाषा निश्चित गर्नका साथै सागसागै काम गरे। यसको अभिप्राय राज्यहरूका मानव अधिकारसाग सम्बन्धित व्यवहारलाई साझा स्तरबाट मापन गर्न सकियोस् भन्ने थियो। वर्षौंको वार्ता र सम्झौतापछि मानव अधिकारसाग सम्बन्धित थुप्रै शीर्षकमा थुप्रै महासन्धि र प्रोटोकोलहरू तयार भए र सरकारहरू सामू अनुमोदनका लागि प्रस्तुत भए। तीमध्ये प्रमुख नौं अधिकारहरू जसलाई विग नाईन पनि भनिन्छ जुन निम्नानुसार छन्। जसलाई नेपाल सरकारले पनि अनुमोदन गरि सकेको छ।

**(१) जातीय भेदभावका सबै स्वरूपहरूको उन्मूलन विषयक महासन्धि** (International Convention on the Elimination of All Form of Racial Discrimination – ICERD – 21 December 1965)

जातिवाद र जातीय भेदभाव आदिकालदेखि नै निरन्तर संघर्षको कारण रहिआएकोले संयुक्त राष्ट्रसंघीय महासभाले २० नोभेम्बर १९६३ मा यस विषयमा एक घोषणा पारित गरेको थियो। त्यसपछि भेदभावको रोकथाम र अल्पसंख्यकहरूको संरक्षण विषयक उप-आयोगले यस विषयमा महासन्धिको मस्यौदा तयार गरी महासभामा प्रस्तुत गर्‍यो, जसलाई २१ डिसेम्बर १९६५ मा पारित गरी राष्ट्रहरूलाई हस्ताक्षर र अनुमोदनको लागि खुला गरियो। उक्त महासन्धिको धारा १९ को प्रावधान अनुसार सो सन्धि ४ जनवरी १९६९ देखि लागू भएकोछ।

(२) **आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार विषयक संयुक्त राष्ट्रसंघीय अनुवन्ध** (UN Covenant on Economic, Social and Cultural Rights – IESCR–1966)

यस अनुवन्धलाई संयुक्त राष्ट्रसंघको महासभाले १६ डिसेम्बर १९६६ का दिन पारित गरेर हस्ताक्षर र अनुमोदनका लागि राष्ट्रहरूलाई खुला गरेको थियो। यस अनुबन्धले नागरिकहरूको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धमा विस्तृत चर्चा गरेको छ। उक्त अनुबन्धको धारा २७ को प्रावधान अनुसार सो सन्धि ३ जनवरी १९७६ देखि लागू भएको छ। नेपालले यो अनुबन्धलाई १४ मे १९९१ मा अनुमोदन गरेको छ।



**(३) नागरिक तथा राजनीतिक अधिकार विषयक संयुक्त राष्ट्रसंघीय अनुबन्ध** (UN Covenant on Civil and Political Rights,–ICCPR – 1966)

यो अनुबन्ध र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अनुबन्ध एकैसाथ तयार पारिएका थिए र दुवै अनुवन्धहरूलाई संयुक्त राष्ट्रसंघीय महासभाले एकैदिन १६ डिसेम्बर १९६६ का दिन पारित गरी हस्ताक्षर र अनुमोदनकालागि खुला गरेको थियो। यस अनुबन्धमा जीवनको अधिकार, स्वतन्त्रताको अधिकार, न्यायालय समक्ष समानताको अधिकार सम्बन्धी कुराहरू समावेश गरिएको छ। उक्त अनुबन्धको धारा ४९ को प्रावधान अनुसार सो सन्धि २३ मार्च १९७६ देखि लागू भयो। नेपालले यो अनुबन्धलाई १४ मे १९९१ मा अनुमोदन गरेको छ।

(३.१) **नागरिक तथा राजनीतिक अधिकार विषयक अनुवन्धसांग सम्बन्धित प्रथम ऐच्छिक उपलेख** (Optional Protocol to the International Covenant on Civil and Political Rights – OP 1 to the ICCPR – 16 December 1966)

सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा व्यक्तिगत शिकायतपत्रको अधिकारको बारेमा उल्लेख नभएकोले यो ऐच्छिक उपलेख व्यक्तिगत शिकायतपत्रको अधिकार संरक्षणका लागि संयुक्त राष्ट्रसंघीय महासभाले सन् १९६६ मा यो पारित गरेको हो।

यो उपलेख अनिवार्य नभई ऐच्छिक भएको हुनाले यस उपलेखमा भएका व्यवस्थाहरू सहित र यो उपलेख आफैं राष्ट्रहरूका लागि इच्छाधीन उपलेखको रूपमा रहेको छ, अर्थात् नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्धको पक्ष भएको राष्ट्र यस उपलेखको पनि पक्ष बन्न चाहन्छ वा चाहँदैन भन्ने कुरा सम्बन्धित राष्ट्रको इच्छामा भर पर्दछ। उक्त महासन्धिको धारा ९ को प्रावधान अनुसार सो सन्धि २३ मार्च १९७६ देखि लागू भएको छ। नेपालले यो अनुबन्धलाई १४ मे १९९१ मा अनुमोदन गरेको छ।

**(३.२) नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध साग सम्बन्धित दोस्रो ऐच्छिक उपलेख** (Second Optional Protocol to the International Covenant on Civil and Political Rights–OP 2 to the ICCPR – 16 December 1966)

सन् १९६६ को नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्धको धारा ६ को (२) मा निश्चित अवस्थामा विद्यमान कानुनी प्रक्रिया पूरा गरेर मृत्युदण्ड दिन सकिने कुरा स्वीकार गरिएको छ। यदि कसैले जीवन दिन सक्दैन भने जीवन लिने पनि कसैलाई अधिकार रहँदैन। फेरि विश्वमा लामो समयसम्म गरिएका कयौं अनुसन्धानले मृत्युदण्ड दिनाले समस्याको समाधान हुन्छ भनेर प्रमाणित गर्न सकेका छैनन्। विश्वबाट मृत्युदण्ड उन्मूलन हुनुपर्दछ भन्ने कुरामा दृढ संकल्प लिएर कुनै पनि कसुरमा मृत्युदण्ड दिन नहुने कुराको ग्यारेन्टी गर्न संयुक्त

राष्ट्रसंघीय महासभाले सन् १५ डिसेम्बर १९८९ मा यो दोस्रो उपलेख तयार गरेको हो । यस उपलेखको धारा १ मा नै कसैलाई पनि कुनै पनि कसुरमा मृत्युदण्ड नदिइने कुरा उल्लेख गरिनुका साथै राष्ट्रहरूले मृत्युदण्ड उन्मूलनका लागि आवश्यक उपाय अवलम्बन गर्नंपर्ने कुरा उल्लेख गरिएको छ । नेपालले यो अनुबन्धलाई ४ जुन १९९८ मा अनुमोदन गरेकोछ ।

**(४) महिला विरूद्धको भेदभावका सबै स्वरूपहरूको उन्मूलन विषयक संयुक्त राष्ट्रसंघीय महासन्धि** (UN Convention on the Elimination of All Forms of Discrimination against Women – CEDAW – 18 December 1979)

महिलाहरूको अधिकार संरक्षणका लागि संयुक्त राष्ट्रसंघीय महासभाले १८ डिसेम्बर १९७९ मा महिला विरूद्धको भेदभावका सबै स्वरूपहरूको उन्मूलन विषयक वा अन्य कुनै क्षेत्रमा पुरूष र महिलाको समानताको आधारमा महिलाहरूद्वारा मानव अधिकारहरू र नैसर्गिक स्वतन्त्रताको उपभोग, प्रयोग वा मान्यतालाई प्रभावित पार्ने वा रद्द गर्ने प्रभाव हुने गरी वा यस्तो उद्देश्यले लिंगको आधारमा गरिने कुनै पनि विभेद, अपवाद वा प्रतिवन्धलाई” जनाउँदछ । उक्त महासन्धिको धारा २७ (१) को प्रावधान अनुसार सो सन्धि ३ सेप्टेम्बर १९८१ देखि लागू भयो । नेपालले यो अनुबन्धलाई २२ अप्रिल १९९१ मा अनुमोदन गरेको छ ।

**(५) यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि** (UN Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment 1984)

यातनाको रोकथामका लागि संयुक्त राष्ट्रसंघबाट १० डिसेम्बर १९८४ मा यातना तथा अन्य क्रूर, अमानबीय वा अपहेलनात्मक व्यवहार वा सजायँ विरूद्धको महासन्धि पारित भएको छ । यसलाई यातना विरूद्धको महासन्धि पनि भनिन्छ । यस महासन्धि अनुसार - “कुनै व्यक्ति वा तेस्रो व्यक्तिबाट कुनै सूचना प्राप्त गर्ने उद्देश्यले कुनै व्यक्तिलाई शारीरिक वा मानसिक प्रकृतिको अत्यधिक पीडा वा कष्ट पुर्‍याउने क्रियाकलापहरू, कुनै व्यक्ति वा तेस्रो व्यक्तिले

अपराध गरेको वा अपराध गरेको छ भन्ने आशंका लागेको स्थितिमा कुनै व्यक्तिलाई सजाय दिने उद्देश्यले अपराधको स्वीकारोक्ति प्राप्त गर्नका लागि उपर्युक्त प्रकारको पीडा वा दुःख पुर्‍याउने क्रियाकलाप, अपराधी वा अपराधी हो भन्ने आशंका लागेको व्यक्ति वा तेस्रो व्यक्तिलाई सजाय दिने उद्देश्यले निजबाट अपराधको स्वीकारोक्ति वा कुनै सूचना प्राप्त गर्नका लागि निजलाई डराउनु, धम्क्याउनु वा निजमाथि दबाब हाल्नु र भेदभावमा आधारित कुनै अन्य कारणले कुनै अधिकृतद्वारा वा कुनै अधिकृतको अनुमति वा स्वीकृतिको आधारमा कुनै व्यक्तिलाई उपर्युक्त प्रकारको पीडा वा दुःख पुर्‍याउने अन्य क्रियाकलापहरू यातना हुन् ।” उक्त महासन्धिको धारा २७ (१) को प्रावधान अनुसार सो सन्धि २६ जुन १९८७ देखि लागू भयो । नेपालले यो अनुबन्धलाई १४ मे १९९१ मा अनुमोदन गरेको छ ।



**(६) बालअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि** (UN Convention on Rights of the Child – CRC – 1989)

बाल अधिकारको संरक्षणका लागि संयुक्त राष्ट्रसंघबाट २० नोभेम्बर १९८९ मा बालअधिकार महासन्धि पारित भएको हो । यस महासन्धिले १८ वर्ष मुनिका व्यक्तिहरूलाई बालबालिकाको रूपमा परिभाषित गरेको छ र यसले बालसंरक्षण, बाल सहभागिता तथा बाल विकासका विभिन्न अधिकारका बारेमा विभिन्न व्यवस्था गरेको छ । उक्त महासन्धिको धारा २७ (१) को प्रावधान अनुसार सो सन्धि २ सेप्टेम्बर १९९० देखि लागू भयो । नेपालले यो अनुबन्धलाई १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको छ ।

**(७) सबै प्रवासी कामदार तथा तीनका परिवारका सदस्यहरूको अधिकार संरक्षण सम्बन्धीमहासन्धि** (International Convention on the Protection of the Rights of All Migrant Workers and Members of Their Families–ICRMW–1984)

संयुक्त राष्ट्रसंघीय महासभाले १८ डिसेम्बर १९९० मा पारित गरेको यस महासन्धिले प्रवासी कामदार तथा तीनका परिवारका सदस्यहरूको अधिकार संरक्षणका सम्बन्धमा व्यवस्था गरेको छ । नेपाल सरकारले जम्मा १८ वटा मानव अधिकारसँग सम्वन्धित महासन्धिहरूमा हस्ताक्षर गरी प्रतिवद्धता जनाई सकेको छ ।

**(८) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि महासन्धि** (UN Convention on the rights of Person with Disabilitiees – 13 December 2006)

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघीय महासभाले १३ डिसेम्बर २०१० मा पारित गरेको थियो । उक्त महासन्धि नेपालले ७ मे २०१० मा अनुमोदन गरेको थियो ।

**(९) जबरजस्ती बेपत्ताबाट सबै व्यक्तिहरूलाई संरक्षण गर्ने सम्बन्धि अन्तराष्ट्रिय महासन्धि** (International Convention for the Protection of all Person from Enforced Disapperance – 20 December 2006)

जबरजस्ती बेपत्ताबाट सबै व्यक्तिहरूलाई संरक्षण गर्ने सम्बन्धि अन्तराष्ट्रिय महासन्धि संयुक्त राष्ट्रसंघीय महासभाले २० डिसेम्बर २०१० मा पारित गरेको थियो । उक्त महासन्धि नेपालले हालसम्म अनुमोदन गरेको छैन ।

मानव अधिकारको विश्वव्यापी घोषणा भन्दा फरक यी महासन्धि र प्रोटोकलहरूको स्पष्ट कानुनी आधार छ । यिनलाई अनुमोदन गर्ने राष्ट्रहरूका लागि यी बन्धनकारी छन् ।त्यसैले यस्ता प्रोटोकलहरूलाई अन्तरराष्ट्रिय मानवअधिकार कानून पनि भनिन्छ ।

नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र त्यसको पहिलो ऐच्छिक प्रोटोकोल सन् १९६६ मा तयार भए पनि यसको प्रारम्भ मार्च १९७६ मा भयो । यसको १५० भन्दा बढी देशले अनुमोदन गरेका छन् । यसभित्र मानव अधिकारको घोषणा पत्रमा नागरिक र राजनीतिक अधिकारमा उल्लेखित अधिकारहरूको अझ स्पष्ट उल्लेख गरिएको छ । यसको कार्यान्वयनका लागि महासन्धिमा १८ सदस्यीय मानव अधिकार समितिको व्यवस्था गरिएको छ । यसले यस दस्तावेजलाई अनुमोदन गर्ने मुलुकहरूका वार्षिक प्रतिवेदनहरू बारे विचार गर्छ र सन्धिका प्रावधानहरूको कार्यान्वयनका लागि चाल्नुपर्ने कदमहरूबारे विचार गर्छ । यसले हस्ताक्षर गर्ने मुलुकका नागरिकहरूको मानव अधिकार हनन भएको व्यक्तिगत उजूर पनि सुन्छ र त्यसबारे विचार गर्छ ।

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध सन् १९६६ मा तयार भए पनि यो सन् १९७६ देखि लागू भयो । यसलाई १४० भन्दा बढी मुलुकहरूले अनुमोदन गरेका छन् । यसभित्र मानव अधिकारको घोषणापत्रमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारअन्तर्गत समाविष्ट प्रावधानहरूलाई अझ स्पष्टसाग समेटिएको छ । यिनको कार्यान्वयनका लागि अनुबन्धमा विशेषज्ञहरूको अठार सदस्यीय आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी कमिटी गठन गरिएको छ । यस समक्ष सदस्य राष्ट्रहरूले आफूहरूले कसरी यी प्रावधानहरूलाई लागू गरिरहेछन् भन्ने विषयमा आवधिक प्रतिवेदन पेश गर्छन् । कमिटीले प्रस्तुत प्रतिवेदनहरूको अध्ययन गर्छ, सम्बन्धित मुलुकका प्रतिनिधिहरूसाग छलफल गर्छ, सदस्य राष्ट्रहरूलाई यी प्रावधानहरू लागू गर्न मद्दत गर्छ र कमीहरूबारे ध्यानाकर्षण गराउाछ । यो कमिटीले आर्थिक तथा सामाजिक परिषद् सामू मुलुक विशेषको प्रतिवेदनका विषयमा सुझाव प्रस्तुत गर्न सक्छ ।

यी मध्ये महत्वपूर्ण मानिएका मानव अधिकारका दुई महत्वपूर्ण अनुबन्धमा उल्लेखित अधिकार निम्नानुसार छन्-

## मानव अधिकारका दुई अभिन्न पक्ष

संयुक्त राष्ट्रसंघले शुरुमा प्रतिवद्धताका रूपमा १० डिसेम्बर १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणा जारी गर्‍यो । यो घोषणा परिपालन गर्नु राज्यहरूको नैतिक कर्तव्य मात्र थियो कानुनी बन्धन थिएन । अतः यी अधिकारहरू व्यावहारिक रूपमा लागु गर्न र राज्यहरूका लागि बन्धनकारी बनाउन संयुक्त राष्ट्रले सन् १९६६ मा दुईवटा महासन्धिहरू जारी गर्‍यो । ती हुन्-

- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ र
- आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६

यी अधिकारहरू व्यवहारमा लागू गर्ने जिम्मेवारी राज्य (सरकार) को हो । नेपालले १९९१



मा यी महासन्धिहरूमा हस्ताक्षर गरिसकेको छ । अतः यी महासन्धिहरूले नेपालमा देशको कानुनसरह मान्यता पाउँदछ । त्यस्ता अन्तर्राष्ट्रिय सन्धिमा सरकारले सही गरेपछि यदि त्यो राष्ट्रिय कानुनसँग बाझिन्छ भने अन्तर्राष्ट्रिय सन्धिले मान्यता पाउँदछ । यो कुरा नेपालको सन्धि ऐन २०३९ मा प्रष्टसँग लेखिएको छ ।

नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार मानवअधिकारका दुई अभिन्न पक्ष हुन् । यी दुवै अधिकारभित्र पर्ने प्रमुख अधिकारहरू निम्न रहेका छन् :

### १) नागरिक तथा राजनीतिक अधिकार

- सम्पूर्ण जनजातिहरूलाई स्वनिर्णयको अधिकार हुनेछ जसका कारण तिनले स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक हैसियत निर्धारण गर्न सक्नेछन् र स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक विकासको बाटो समाउन सक्नेछन्
- प्रत्येक राज्य आफ्नो सीमा र अधिकार-क्षेत्रभित्र बस्ने सम्पूर्ण व्यक्तिलाई जाति, रंग, भाषा, धर्म, लिंग, राजनीतिक विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा भेदभाव नगरी तिनको अधिकारको सम्मान र सुनिश्चितताका लागि बचनवद्ध हुनेछ ,
- अनुबन्धको पक्ष भएका राज्यले यसमा उल्लेख भएका सबै नागरिक तथा राजनीतिक अधिकार महिला र पुरुषले समान रूपले उपभोग गर्न पाउने कुराको सुनिश्चिततताप्रति लिखित प्रतिवद्धता गर्नेछन् ।
- मृत्युदण्ड उन्मुलन नगरेको मुलुकले पनि गम्भीर अपराधमा मात्र र योग्य न्यायालयको अन्तिम निर्णयपछि मात्र मृत्युदण्ड दिन सकिने
- १८ वर्ष मुनिका र गर्भवती महिलालाई मृत्युदण्ड दिइने छैन,
- मानिसलाई बच्चा पाउने अधिकारबाट वञ्चित गरिने छैन,
- दासत्व, बलपूर्वक तथा अनिवार्य श्रम लगायत क्रूर, निर्दयी, अमानवीय तथा अपमानजनक सजाय कसैलाई पनि भोग्न लगाइने छैन,
- व्यक्तिको स्वतन्त्रता तथा जीवन सुरक्षाको अधिकार, स्वेच्छाचारी पक्राउ तथा थुनामा नराख्ने कुराको सुनिश्चितता,
- आफ्नो सहित कुनै पनि देश छोड्न सक्ने स्वतन्त्रता, आफ्नो देशमा निर्वाध आवागमन र चाहेको ठाउँमा बसोवास गर्न सक्ने अधिकार,

– न्यायालय तथा ट्रिब्युनल समक्ष सबै समान हुनेछन् र तिनलाई स्वतन्त्र तथा निष्पक्ष कानुनी उपचारको सुनिश्चितता हुनेछ,

– अपराध भएको समयमा लागू हुने सजायभन्दा बढी सजाय कसैलाई दिइने छैन,

– प्रत्येक नागरिकलाई गोपनीयताको अधिकार,

– विचार तथा धार्मिक स्वतन्त्रता, धर्म छान्ने वा परिवर्तन गर्ने अधिकार,

– प्रत्येकलाई लिखित, मौखिक तथा मुद्रित माध्यमद्वारा अभिव्यक्तिको स्वतन्त्रता,

– राष्ट्रिय विभेद, जातीय तथा धार्मिक द्वेष वा घृणाको वकालतलाई राज्यको कानुनद्वारा निषेध,

– संघ, संगठन तथा ट्रेड युनियनको स्थापना गर्ने वा भाग लिने अधिकार,

– सार्वजनिक महत्वका कुनै पनि निर्वाचनमा मतदान गर्ने तथा निर्वाचित हुने अधिकार,

– कानुनद्वारा सवै किसिमका भेदभावको अन्त्य गरी सबैलाई समान कानूनी उपचारको सुनिश्चितता,

– देशको सार्वजनिक सेवामा प्रवेश गर्न पाउने समान अधिकारको सुनिश्चितता,

– कुनै पनि किसिमको भेदभाव बिना राज्यद्वारा प्रत्येक शिशुलाई जन्मेपछि दर्ता र राष्ट्रियता प्राप्त गर्ने अधिकारको सुनिश्चितता,

– अल्पसंख्यक समुदायका मानिसलाई निर्वाध रुपमा भाषा धर्म, संस्कृतिको प्रचार र अभ्यास गर्ने स्वतन्त्रता प्रदान गरिनेछ ।

### २) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

– स्वतन्त्रतापूर्वक आफ्ना आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको अनुशरण, निर्वाध रूपमा प्राकृतिक सम्पदा र श्रोतहरू उपयोग गर्न पाउने अधिकार,

- उल्लेखित अधिकारहरू जाति, भाषा, धर्म, लिंग, रंग सम्पत्ति र सामाजिक हैसियतका आधारमा कुनै पनि भेदभाव नगरी लागू गर्ने र सोही अनुरूपको कानुन निर्माण गर्ने,

- पुरुष तथा महिलाहरूलाई आर्थिक सामाजिक, सांस्कृतिक गतिविधिमा भाग लिने र तिनका प्रतिफल उपभोग गर्ने समान अधिकार,

- आफ्ले स्वतन्त्रतापूर्वक चुनेको पेशा गरेर जीविका चलाउने साथै प्राविधिक पेशागत तालिम लिने अवसर,



- पुरुष र महिला दुबैलाई समान कामको समान ज्याला, सुरक्षित र स्वस्थ कामको अवसर,

- मजदूर संघ, महासंघमा सामेल हुने वा खोल्न पाउने, कानुन अनुसार हडताल गर्न पाउने अधिकार,

- आमाहरूलाई बच्चा जन्मनुअघि र पछि पर्याप्त सामाजिक सुरक्षा र सुविधासहित तलवी बिदा,

- वालवालिका र युवाहरूलाई आर्थिक-सामाजिक शोषणबाट सुरक्षाको अधिकार,

- खाना, कपडा र आवासको आधारभूत अधिकारका साथै समुचित स्तरको जीवनयापनमा साथै त्यसमा निरन्तर सुधारको अधिकार,

- मृत-जन्मदर ९कतर्षदिष्चतज चबतभ०, बालमृत्युदर घटाउने, औषधि उपचार, हेरचाहको सुनिश्चितता र महामारी तथा रोगहरूको रोकथामका लागि अधिकार,

- कम्तीमा प्राथमिक स्तरसम्म अनिवार्य निशुल्क शिक्षाको अधिकार, मातृभाषामा प्राथमिक शिक्षाको अधिकार, पेशागत र प्राविधिक शिक्षाको अवसर उपलव्धता ।

यसका साथै राज्यले कानुन, परम्परा, नियम, रीति रिवाजले मान्यता दिएका मूलभूत मानव अधिकारलाई नियन्त्रण वा अवमूल्यन गर्ने अनुमति दिने छैन ।

## मानव अधिकारका पुस्ता (Generation of human rights)

मानव अधिकारलाई पुस्ताका आधारमा पनि व्यख्या गरिन्छ । यो प्रचलनको शुरुआत चेक कानुनबिद् कारेल वासाकले गरेका हुन् । उनले फ्रान्सिसी क्रान्तिका नारा स्वतन्त्रता, समानता र बन्धुत्वको आधारमा सम्पूर्ण मानव अधिकारलाई तीन पुस्तामा बाडे ।

पहिलो पुस्ताको अधिकार (First generation rights)यस भित्र स्वतन्त्रताउन्मुख (liberty oriented) अधिकार पर्छन् । जीवनको अधिकार, विचार तथा अभिव्यक्तिको स्वतन्त्रता,यातना विरुद्धको अधिकार, धर्म, शान्तिपूर्ण भेलाको स्वतन्त्रता जस्ता अधिकार पर्छन् । विश्वव्यापी मानव अधिकार घोषणापत्रका धारा ३ देखि २१ सम्मका अधिकार र नागरिक र राजनीतिक अधिकार सम्वन्धी महासन्धि,१९६६मा उल्लेखित अधिकार नै पहिलो पुस्ताका अधिकार हुन् । एक शब्दमा भन्नुपर्दा यो पुस्ताको अधिकारको सम्बन्ध फ्रान्सेली क्रान्तिको पहिलो नारा स्वतन्त्रता संग छ । यसलाई निलो अधिकार (blue rights) पनि भन्छन् ।

दोस्रो पुस्ताको अधिकार (Second generation rights) यसभित्र सुरक्षाउन्मुख (security oriented) अधिकार पर्छन् । मानव अधिकारको विश्वब्यापी घोषणापत्रको धारा २२ देखि २८ सम्मका अधिकार र आर्थिक,सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि, १९६६मा उल्लेखित

अधिकार यस भित्र पर्छन् । सोझै भन्नु पर्दा, काम, शिक्षा, खाद्य, आवास, स्वास्थ्य सुरक्षा जस्ता अधिकार नै दोस्रो पुस्ताका प्रमुख मानव अधिकार हुन् । यो फ्रेन्च क्रान्तिको समानतासंग सम्बन्धित छ । यसलाई रातो अधिकार (red rights) पनि भन्छन् ।

तेस्रो पुस्ताको अधिकार (Third generation rights) यस भित्र ऐकवद्धताउन्मुख (solidarity oriented ) अधिकार पर्छन् । विकासको अधिकार, शान्तिपूर्ण तथा स्वस्थ्य वातावरणमा बाँच्न पाउने अधिकार, प्राकृतिक स्रोतमाथिको अधिकार, सांस्कृतिक सम्पदा माथिको अधिकार र वातावरणीय अधिकार जस्ता अधिकार यस भित्र पर्छन् । कतिपय विद्वान तेस्रो पुस्ताको मानव अधिकारलाई आकांक्षाविषयक अधिकार (aspirational rights) र अन्य कतिपयले नरम कानुन (soft law) पनि भन्छन् । माथिका अन्य दुई अधिकार भन्दा फरक यो अधिकारको क्रियान्वयनमा सामाजिक परिदृश्यका सवै पात्रहरू जस्तै व्यक्ति, सार्वजनिक वा निजी निकायहरू, राज्य र अन्तर्राष्ट्रिय समुदाय पर्छन् । यो फ्रेन्च क्रान्तिको बन्धुत्वको नारासंग सम्बन्धित छ । यसलाई हरियो अधिकार (green rights) पनि भन्छन् ।

चौथो पुस्ताको अधिकार (Fourth generation rights) हिजो आज चौथो पुस्ताको मानव अधिकारको पनि कुरा गरिन्छ । यो भावपरक (subjective) र भावी पुस्ताको अधिकार हो । यसको सम्वन्ध आनुवंशिक इन्जिनियरिङ तथा भावी पुस्तासंग छ । उत्खनन र ब्रम्हाण्ड तथा वाह्य अन्तरिक्षमा हुने खोजबाट प्राप्त वस्तुमाथिको अधिकार पनि यस भित्र पर्छ । व्यक्तिका अधिकार अनुलंङ्घनीय मात्र होइन उसको शरीर पनि आनुवंशिक अध्ययनमा उस्को इच्छा विरुद्ध उपलव्धहुनु हुन्न भन्ने अधिकारलाई यसमा समावेश गरिन्छ ।

मानव जीनको अध्ययन, एक अर्काको जीन एक अर्कामा प्रत्यारोपण, मानवभ्रूणमा प्रयोग, आनन्दी मरण (euthanasia) तथा सन्ततिशास्त्र (engenics) का प्रयोगका अनेकौं नैतिक तथा धार्मिक पक्ष हुन्छन् । अतः यी विषयमा अन्धाधुन्ध प्रयोग गर्नं हुन्न र गर्नुपर्दा पनि उचित ध्यान पुर्‍याउनु पर्छ भन्ने जस्ता मानवका आवाज यसमा पर्छन् । यो एक हिसावले पूर्ण स्थापित नभइसकेको अधिकार हो ।

## मानवअधिकार र राज्यको दायित्व :

### सम्मान गर्ने दायित्व :

मानवअधिकारको सम्मान गर्नु भनेको राज्यको दायित्व भित्र पर्दछ । मानव अधिकारको निश्चित राष्ट्रिय अन्तरराष्ट्रिय मापदण्ड हुन्छन ति मापदण्ड अनुसार नागरिकहरूको अधिकारको सम्मान गर्ने दायित्व प्रत्येक राज्यको हुन्छ । मानव अधिकारको प्रचलित मापदण्ड संग बाझने कानून निति नियमहरूको तर्जूमा नगर्नु अर्थात क्षती नपुर्‍यानु पनि सम्मान गर्नुनै हो ।



### परिपूर्ती गर्ने दायित्व :

मानवअधिकारका राष्ट्रिय अन्तरराष्ट्रिय मापदण्ड बाट बञ्चित नागरिकहरूको अधिकारका लागि राष्ट्रिय संयन्त्र निर्माण गरि प्रत्यभुती गराउने प्रयास भनेको नै राज्यको मानवअधिकार परिपुर्तीको दायित्व भित्र पर्दछ । रोग माहामारी फैलिएको स्थानमा नागरिकहरूलाई आधारभुत स्वस्थ्य सेवा उपलब्ध गराउनु, सुख्खा भोकमरीको ठाउं मा स्वस्थ खाद्यान्न उपदब्ध गराउनु, प्राकृतिक प्रकोपको ठाउमा आपातकालिन उद्दारको व्यवस्था मिलाउने कार्यहरू राज्यको नागरिकहरू प्रतिको मानवअधिकार परिपूर्तीको दायित्व निर्वाह गरेको वा जिम्मेवार भएको मानिन्छ ।

### संरक्षण गर्ने दायित्व :

नागरिकहरूको मानवअधिकार मापदण्डमाथी कुनै पक्षबाट हुन सक्ने व्यवधान हटाउनु, क्षती हुन वाट रोक्नु राज्यको मानवअधिकार संरक्षण प्रतिको दायित्व हो । नागरिकहरूको व्यक्तिगत सुरक्षा र सामुहिक सुरक्षा मानव अधिकारको मापदण्ड मानिन्छ सोहि मापदण्डको संरक्षण राज्यको दायित्व हो । त्यसै कारण राज्यले नागरिकहरूको सुरक्षा संरक्ष्ण र अधिकार प्रत्यभुतीको लागि विभिन्न प्रहरी प्रशासनीक संयन्त्रको विकाश गरेको हुन्छ ।

# १२

# नागरिक समाज

## (Civil Society)

औपचारिक वा कर्मकाण्डी लोकतन्त्र र समावेशी लोकतन्त्रमा यौटा तात्विक अन्तर के छ भने जहाा पहिलोमा आवधिक निर्वाचन पछि नागरिकको भूमिका समाप्त हन्छ त्यहीं दोस्रोमा आफ्नो जीवनमा प्रभाव पार्ने विषयका निर्णय निर्माण गर्ने कार्यमा नागरिकहरू सक्रीय रूपले सहभागी हुन्छन् । भन्नुको अर्थ समावेशी लोकतन्त्रमा लोकतान्त्रिक अभ्यास, आवधिक चुनावी प्रतिस्पर्धाभन्दा पनि अगाडि बढ्छ । त्यहाा सहभागिताको संस्कृति हुन्छ । अतः नागरिकहरू हरेक सम्भव साधन तथा संयन्त्रहरू प्रयोग गरेर सक्रीय रूपमा आफ्ना चासो र आवाजहरू बुलन्द गर्छन् । एकमुष्ट रूपमा भन्नुपर्दा त्यस्ता संयन्त्र वा साधनहरूलाई हिजो-आज नागरिक समाजको नाम दिइन्छ, जसभित्र गैर सरकारी संस्थाहरू, सामाजिक आन्दोलनहरू, अन्य स्वायत्त संगठनहरू, व्यवसायी संगठन तथा बहुल स्वरूपमा विद्यमान संचार माध्यमहरू पर्छन् ।नागरिक समाज भनेको व्यक्तिगत स्वार्थभन्दा माथि उठेका विविधरुपका पात्रहरूको समष्टि हो । यसले निजी वृत्त र राज्य माझ बसेर जनचासोका विभिन्न सवालहरूमा काम गर्छ र जनताका पीडाहरूलाई वाणी दिन्छ ।

विश्व बैंकले नागरिक समाजलाई गैर सरकारी तथा गैरनाफामुखी संस्थाका रूपमा चित्रित गर्छ जसको आफ्नै वा अरूका हित र मान्यताहरू व्यक्त गर्ने निकायका रूपमा सार्वजनिक जीवनमा उपस्थिति हुन्छ । यिनको आधार नैतिक, सांस्कृतिक, राजनीतिक, वैज्ञानिक, धार्मिक वा लोकहितेक्षु मध्ये कुनै पनि हुनसक्छ । यसभित्र सामुदायिक समूह, गैससहरू, मजदूर युनियनहरू, आदिवासी समूहहरू, दान दातव्य संस्थाहरू, आस्थामा आधारित संस्थाहरू, व्यावसायिक संगठन तथा प्रतिष्ठानहरू समावेश हुन्छन् । द्वन्दग्रस्त मुलकमा र द्वन्दोत्तर अवस्थामा रहेका मुलकहरूमा नागरिक समाजको भूमिकालाई खुबै महत्वका साथ हेरिन्छ ।

## नागरिक समाजको भूमिकाः

समकालीन विश्वका अनुभवहरूका आधारमा नागरिक समाजको भूमिकालाई निम्नानुसार औंल्याउन सकिन्छ-

### क) सहजकर्ता :

राज्यका अन्य निकायभन्दा नागरिक समाजको केही अलग पहिचान हुन्छ । यिनको राजनीतिक स्वतन्त्रता, कार्यादेशमा लचिलोपन र निष्पक्षता तथा उच्च विश्वसनीयताका कारण यिनको पहलकदमीलाई शासक तथा आम नागरिक दुबैले अति सम्मान गर्छन् । परिणामस्वरूप राज्य निर्माणको कुनै पनि बिन्दुमा जहाा र जहिले आवश्यक पर्छ नागरिक समाजले सहजकर्ताको भूमिका खेल्छ । अझ मुलकमा द्वन्द छ वा आम नागरिक र राज्यका शासकहरूमाझ विश्वासको संकट छ भने त नागरिक समाजले विश्वसनीय पूलको काम गर्छ ।

### ख) संस्कृति-इतर समझदारी तथा सम्वन्ध निर्माणका लागि संजाल निर्माणः

यदि कुनै राज्य सांस्कृतिक विविधताले भरिएको छ र ती समुदायहरू माझको आपसी सम्बन्धमा समस्या छ भने नागरिक समाजले तिनका माझमा सम्बन्ध सुधार गर्न तथा अन्तर सामुदायिक संजाल निर्माण गर्न समझदारी अभिवृद्धि गर्न अहम् भूमिका खेल्छ ।

### ग) अन्तर-समुदाय सद्भाव अभिवृद्धि :

राज्य निर्माणको सिलसिलामा प्रायः आइरहने चुनौति भनेको समाजमा विद्यमान विभिन्न समुदायका माझ सद्भाव अभिवृद्धि गर्ने चुनौति हो । भौगोलिक रूपमा राज्य बने पनि त्यो मूलतः बलको उपज हुन्छ । त्यसभित्र अनेक समुदाय बसोबास गरेका हुनसक्छन् । तिनका माझ जुन पहिचान, भावना तथा जातीय एवं अन्य साझापन हुनपर्ने हो त्यो नहुन सक्छ । त्यसैले धेरै पटक देश बने पनि राज्य बनेको हाँदैन । आज नेपालकै अवस्थातर्फ बिचार गर्ने हो भने झण्डै त्यस्तै परिस्थिति छ । यहााका कैयौं जाति,जनजाति र समुदायले राज्यप्रति जे-जस्तो अपनत्व भाव देखाउनु पर्ने हो त्यो देखाउन सकिरहेका छैनन् । वास्तवमा तिनमा रहेको यो मनोवैज्ञानिक खाइलाई पाट्ने र तिनको सामुहिक उर्जालाई राष्ट्रनिर्माणमा लगाउने काममा नागरिक समाजले महत्वपूर्ण भूमिका खेल्छ ।

### घ) जनपरिचालनकर्ताका रूपमा :

नागरिक समाजले सधैं राज्य र निजी क्षेत्रको चेपुवामा परेका आम जनसमुदायलाई उद्धार गर्ने काम गर्छ । यो आवाजहिनहरूको आवाज र पहलविहिनहरूको पहलकर्ता हो । आम जनताको यसप्रति यतिबिघ्न विश्वास हुन्छ कि यसको आह्वानमा जनता आफ्ना माागहरू पुरा गराउन सडकमा उत्रन पनि तयार हुन्छन् । राजनीतिका अन्य कर्ताहरू प्रति विश्वास हराएको बेला पनि नागरिक समाजले जनविश्वासलाई कायम राख्न सक्छन् । यो कुरा नेपाल कै सन्दर्भमा पनि लागू हुन्छ । जुनबेला तत्कालिन राजा ज्ञानेन्द्रले सत्ता कब्जा गरेका थिए र त्यसका विरुद्ध राजनीतिक दलहरूले आन्दोलनको आह्वान गर्दा जनता तटस्थ बसेका थिए त्यसबेला नागरिक समाजले नै आन्दोलनको झण्डा बोकेको थियो र यसकै आह्वानमा जनता खुलेर सडकमा उत्रेका थिए ।

### ङ) राज्य निर्माणमा आलोचनात्मक तत्वका रूपमाः

राज्य निर्माणका दौरान राजनीतिक ठालूहरू अन्धाधुन्ध बल प्रयोगमा उत्रन सक्छन् । तिनले जनताका जायज माागहरूलाई समेत बेवास्ता गर्न सक्छन् । त्यस्तो बेला विवेकका वाहकका रूपमा नागरिक समाजले शासकहरूको जायज आलोचना गरेर तिनलाई गलत बाटोमा जानबाट रोक्न सक्छन् । यिनको आलोचनात्मक भूमिकाले राज्य पक्षले नदेखेका वा नसुनेका कतिपय विषयहरू सामुन्ने आउाछन् र राज्य निर्माणका चुनौतिहरू सामना गर्न सजिलो पर्छ ।

### च) द्वन्दरूपान्तरणमा सहयोगीः

कैयौं राज्यहरू राज्य निर्माणका दौरान जटिल प्रकारका द्वन्दमा पर्न सक्छन् । त्यस्तोबेला द्वन्दलाई मत्थर पार्ने र रूपान्तरण गर्ने कार्यमा नागरिक समाजले अहम् भूमिका खेल्छ । कैयौं अफ्रिकी मुलकमा त्यहााका धार्मिक संस्था (जस्तो कि चर्च) समेतले द्वन्द रूपान्तरणमा अग्रणी भूमिका खेलेका छन् । नेपालमा समेत दश बर्षे माओवादी जनयुद्धका दौरान पटक पटक नेपालको नागरिक समाजले द्वन्द्व रूपान्तरणमा निर्णायक भूमिका खेलेको छ । तत्काल द्वन्द रूपान्तरण गर्न सकिएन भने पनि त्यसलाई मत्थर पार्ने काममा समेत नागरिक समाजले सहजकर्ताको भूमिका खेल्नसक्छ ।

### छ) राज्यलाई वैधानिकता दिलाउने सवालमाः

राज्य निर्माणको कार्य गर्दा त्यहाा स्थापित सत्ताको वैधानिकताको सवाल जहिले पनि अहम् रूपमा उठ्छ । बलले राज्य बन्न सक्ला तर त्यसको निरन्तरताका लागि त्यहाा स्थापित शासन सत्ताले जनताबाट सहज स्वीकृति पाउन जरुरी हुन्छ । यो संगीन मोडमा नागरिक समाजले महत्वपूर्ण भूमिका खेल्नसक्छ । यदि नागरिक समाज सहयोगी भएन र त्यसबाट शासनले बैधता पाएन भने आम जनताबाट वैधता पाउन सक्दैन ।

### ज) लोकतन्त्रलाई गहन र सदृढ पार्ने काममाः

कमजोर लोकतन्त्र भयो भने राज्य निर्माण पनि कमजोर हुनसक्छ। अतः राज्य निर्माणलाई तार्किक निष्कर्षमा पुऱ्याउनका लागि कुनै पनि समाजमा लोकतन्त्रलाई जनतामा स्थापित गराई गहन बनाउने र त्यसलाई सुदृढ बनाउन आवश्यक पर्छ । वस्तुतः यो काममा नागरिक समाजले ठूलो सहयोग पुऱ्याउँछ। आम नागरिकलाई सचेत पार्ने, तिनको संगठित शक्तिलाई आ-आफ्ना माँगहरू पूरा गराउन राज्य सामू दवाब सृजना गर्ने र तिनको आवाज मुखरित गर्ने काममा विभिन्न स्तरका नागरिक समाजले अहम् भूमिका खेल्छन् ।

### झ) राज्यलाई स्थानीय तहमा सबल बनाउनः

राज्य निर्माण भनेको राज्यको बैधता केन्द्रिय तहमा मात्र होइन स्थानीय स्तरमा पनि स्थापित हुनु हो । जबसम्म राज्यका सबै भूभाग राज्यको प्रभावकारी नियन्त्रणमा आउँदैन तबसम्म राज्य निर्माण भएको मानिंदैन । कुरा त्यतिमा मात्र रोकिन्न । स्थानीय तहमा समेत जनताले राज्यका क्रियाकलापमा हिस्सेदार हुन पाउनुपर्छ । हो, यहींनिर स्थानीय नागरिक समाजले आम जनतालाई आफ्ना अधिकार र कर्तव्यप्रति सजग र सचेत गराउने र राज्यका गतिविधिहरूमा सामेल हुन प्रोत्साहित गर्छ। कुनै पनि राज्यमा जनता गल्ली वा समुदायमा बस्छन् । त्यसले राज्यका सेवाहरू पनि त्यहिंसम्म पुग्नुपर्छ । अनि मात्र राज्य सबल हुन्छ। र यो काममा नागरिक समाजले अग्रणी भूमिका खेल्छ ।

### ञ) ट्र्याक टू सम्वादः

राज्यका सन्दर्भमा विचारगर्दा घरि राज्य-राज्य माझ र घरि राज्य र विद्रोही माझ द्वन्द र असमझदारी उत्पन्न हुने अवस्था आउँछ। त्यस्तो बेला सरकारी स्तरमा अर्थात ट्र्याक वन सम्वादले मात्र समस्या समाधान गर्न सक्दैन। द्वन्द रूपान्तरण वा समस्या समाधानका लागि सम्वादको अर्को ढोका पनि खोल्न जरुरी हुन्छ । यस्तो बेला नागरिक समाजभन्दा अर्को कुनै प्रभावकारी संयन्त्र हुनसक्दैन ।

## टुङ्गो

नागरिक समाजको समकालिन विश्वमा जति नै ठूलो योगदान भए पनि यो राज्य वा अन्य राजनीतिक पात्रहरूको विकल्प बन्न सक्दैन। यसको भूमिका भनेको नितान्त रूपमा सहजकर्ता वा सहयोगीको मात्र हो। यसले राज्य, राजनीतिक दल, संसद र अन्य राजनीतिक निकायसँग सहयोगात्मक सम्बन्ध राखेरै काम गर्नुपर्छ । हो, कुनै खास परिस्थितिमा जब राज्य निरंकुश र अधिनायकवादी बन्छ त्यसबेला नागरिक समाजले लोकतन्त्र, मानव अधिकार र नागरिक हितका लागि राज्य पक्षसँग दूरी राख्नुपर्ने अवस्था पनि आउन सक्छ। नेपालकै अनुभवले पनि यो कुरा प्रमाणित गर्छ । बास्तवमा नागरिक समाज नागरिक अधिकार र लोकतन्त्रको पहरेदार र उर्जागृह हो । अतः निष्कर्षमा के भन्न सकिन्छ भने नागरिक समाजले राज्य, राजनीतिक दल, विधायिका तथा अन्य राजनीतिक अंगहरूसँग जतिसुकै सहयोगी सम्बन्ध राखे पनि यसले एक प्रकारको आलोचनात्मक दूरी भने राख्नै पर्छ । यही आलोचनात्मक नजर र आलोचनात्मक दूरी र पहरेदारको भूमिकाले नागरिक समाजलाई समकालिन राजनीतिमा विशिष्ट स्थान प्रदान गरेको छ ।

(((((((((( समाप्त ))))))))))